United Nations
Educational, Scientific and
Cultural Organization

# बहुभाषी शिक्षा विस्तारको लागि सहयोग सामग्री :

## विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण

बहुभाषी शिक्षा विस्तारको लागि सहयोग सामग्री : विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण



*Advocacy kit for promoting multilingual education: Including the excluded.*
Bangkok: UNESCO Bangkok, 2007.
[ISBN 92-9223-110-3]

Translated & adapted in Nepali by UNESCO Kathmandu & Ministry of Education and Sports, Government of Nepal.

[Content: Overview of the kit; Language in education policy and practice in Asia and the Pacific; Policy makers booklet; Programme implementers booklet; Community members booklet]

1. Multilingualism. 2. Education policy.
3. Language of instruction. 4. Mother tongue.

ISBN: 978-9937-2-0382-1

© UNESCO 2008

Published by the
UNESCO Office in Kathmandu
P O Box 14391
Jawalakhel, Lalitpur, Nepal
Tel : 977-1-5554769, 5554396
Fax : 977-1-5554450.

Printed in Nepal

यस सामग्रीको तयारीका लागि नियुक्त अधिकारीहरू तथा कुनै देश, भूभाग, सहर, क्षेत्र वा त्यहाँको निकाय वा त्यसको सीमाक्षेत्र वा सिमानाको कानुनी हैसियत सम्बन्धमा यस सामग्रीमा व्यक्त विचारबारे युनेस्कोको कुनै कानुनी दायित्व रहने छैन ।

बहुभाषी शिक्षा विस्तारको लागि
सहयोग सामग्री :

# विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण

United Nations
Educational, Scientific and
Cultural Organization

# भूमिका

एसिया र प्रशान्त क्षेत्र जातीय, सांस्कृतिक र भाषिक विविधताले धनी छ। यसै विविधताको कारणले गर्दा यस क्षेत्रमा अलग अलग पृष्ठभूमि भएका बालबालिकालाई शिक्षा दिने काम ठूलो चुनौती बन्न पुगेको छ। सन् २००० मा डकारमा सम्पन्न भएको विश्व शिक्षा सम्मेलनमा सहमति भएका उद्देश्यहरूमध्ये एउटा उद्देश्य "सन् २०१५ सम्ममा सबै बालबालिका अझ खास गरेर केटीहरू र अल्पसङ्ख्यक समुदायका बालबालिकाहरूलाई निःशुल्क र अनिवार्य गुणस्तरीय प्राथमिक शिक्षा उपलब्ध गराउने" थियो। त्यसै गरी अर्को उद्देश्यमा "महिलाहरूको साक्षरताको स्तर उकास्ने" भन्ने थियो। यी उद्देश्यहरू हासिल गर्न र शिक्षाको अवसर सबैलाई समान रूपमा उपलब्ध गराउन भाषिक अल्पसङ्ख्यक समुदायका विद्यार्थीहरूका लागि प्रभावकारी पठनपाठन हुन आवश्यक छ। प्रस्टसँग बुझिने भाषामा हुने पढाइ बढी प्रभावकारी हुने भएकाले कुनै पनि सिकाइ प्रक्रियामा कुन भाषामा पढाइ हुन्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। यसले गर्दा शिक्षामा बालबालिकाको पहुँच पुऱ्याउन र सिकाइ प्रक्रियामा तिनलाई अधिकतम रूपमा सहभागी गराई अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन मातृभाषाको माध्यमबाट हुने पढाइको ठूलो महत्त्व हुन्छ।

यस क्षेत्रका धेरै देशहरूको पाठ्यक्रममा त्यहाँका मानिसको मातृभाषा बिरलै प्रयोग भएको हुन्छ। धेरै बालबालिका विदेशी भाषा अथवा आफ्नो मातृभाषा भन्दा बेग्लै भाषाको माध्यमबाट हुने पढाइ बेहोर्न बाध्य छन्। शैक्षिक दृष्टिले पछाडि परेका निरक्षर, अल्पसङ्ख्यक र शरणार्थी समुदायमा त यो स्थिति अझै भयावह छ। आफूले जानेको भन्दा बेग्लै भाषामा हुने पढाइले विद्यार्थीलाई दोहोरो चुनौती खडा गर्छ। एकातिर नयाँ भाषा सिक्नु पर्ने हुन्छ भने अर्कातिर त्यो नयाँ भाषाले बोक्ने आफ्नो वातावरणभन्दा पृथक् नयाँ ज्ञान सिक्नु पर्ने हुन्छ।

एसियाका केही देशहरूमा अनौपचारिक शिक्षामार्फत भइरहेका द्विभाषी/बहुभाषी शैक्षिक कार्यक्रमहरूले भाषिक अल्पसङ्ख्यकहरूलाई आफ्नो मातृभाषा र अरू राष्ट्रिय भाषाहरूमा साक्षरताको लागि तयार पार्न सहयोग गरिरहेका छन्। तैपनि औपचारिक विद्यालय प्रणालीमा विद्यार्थी भर्ना वृद्धि, विद्यालयमा उनीहरूको नियमित उपस्थिति र पढाइमा उनीहरूको सफलतामा द्विभाषी/बहुभाषी शिक्षाले उल्लेखनीय भूमिका खेल्न सक्छ भन्ने कुरा बुझ्न र स्वीकार गर्न अझै बाँकी छ। यस सामग्रीले शिक्षण प्रणालीलाई सांस्कृतिक विविधताप्रति बढी उत्तरदायी बनाउने पक्षमा सहयोग गर्दछ। मातृभाषामा आधारित बहुभाषी शिक्षाले बालबालिका र विद्यार्थीको अधिकारको सम्मान गर्छ। यस सामग्रीले यसको महत्त्वबारे प्रकाश पार्ने छ र पाठकहरूलाई भाषिक विषयको महत्त्वबारे सोच्न र थप अनुसन्धान गर्न अभिप्रेरित गर्ने छ। यसमा उठाइएका विषयहरू मातृभाषामा आधारित बहुभाषी शिक्षामा वर्षौं काम गरेका संस्था र व्यक्तिहरूको अनुभव र अनुसन्धानको निचोडमा आधारित छन्। शैक्षिक गुणस्तर उकास्ने तथा सङ्कटमा परेका संसारका कैयौं भाषाहरूको संरक्षण गर्ने मुख्य माध्यम मातृभाषामा शिक्षा नै हो भन्ने कुराको पक्षमा बोल्न र यसको लागि समर्थन जुटाउन प्रस्तुत सामग्रीमा समावेश गरिएका पुस्तिकाहरू यहाँहरूलाई उपयोगी हुने छन् भन्ने आशा लिएको छु।

**सेल्डन सेफर**
निर्देशक
शिक्षाको लागि युनेस्को एसिया तथा प्रशान्त क्षेत्रीय ब्युरो

# प्राक्कथन

सानो भूखण्डमा १०० भन्दा बढी जातजाति र ९२ भन्दा बढी भाषाले नेपाल विविधतापूर्ण बनेको छ । राज्यले यस्तो भाषिक विविधता सुहाउँदो नीतिगत तथा कानुनी व्यवस्था र त्यसै अनुरूप नेपालका भाषाहरूको संरक्षण र संवर्द्धनको लागि प्रयास गर्दै आएको छ । संविधानमा आफ्नो भाषा र संस्कृतिको संरक्षण र संवर्द्धन गर्न पाउने नागरिकको अधिकारको व्यवस्था गरिएको छ । राष्ट्रिय भाषा नीति सुझाउ आयोग (२०५०) ले नेपालका विभिन्न भाषामा प्राथमिक तहको पठनपाठन सुरु गर्न सुझाव दिए अनुसार हाल पाठ्यक्रम विकास केन्द्रले कक्षा १ देखि ५ सम्म १४ वटा मातृभाषामा विभिन्न विषयका पाठ्यपुस्तक तयार पारेर पठनपाठन पनि सुरु गरिसकेको छ । नेपालका भाषाहरूबारे स्पष्ट जानकारी हासिल गर्न राष्ट्रिय योजना आयोगको पहलमा भाषिक सर्वेक्षण हुँदै छ ।

नेपाल सरकारले "सबैका लागि शिक्षा"का लक्ष्य प्राप्त गर्न सङ्क्रमणीय बहुभाषी शिक्षा नीति लिएको छ । हालै शिक्षा मन्त्रालयले विभिन्न परिवारका सात वटा अल्पसङ्ख्यक भाषिक समुदायमा बहुभाषी शिक्षा सुरु गरेको छ । मन्त्रालयले यसै क्षेत्रमा कार्यरत अन्य संघ-संस्थाहरूसँग सहकार्य पनि गरिरहेको छ । शिक्षा मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, युनेस्को र एसआइएल इन्टरनेसनलको संयुक्त आयोजनामा हालै सम्पन्न बहुभाषी शिक्षा सम्मेलन यस्तै सहकार्यको उदाहरण हो ।

मन्त्रालय आन्तरिक मात्र नभई अन्तरराष्ट्रिय स्तरमा यस क्षेत्रमा भइरहेका गतिविधिहरूमा समेत सहभागी भइरहेको छ । संयुक्त राष्ट्र संघले सन् २००८ लाई अन्तरराष्ट्रिय भाषा वर्ष घोषणा गरेको छ र वर्षभरि नै "Languages Matters!" ("भाषाहरू महत्त्वपूर्ण हुन्छन् !") भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरू आयोजना गर्न आह्वान गरेको छ । युनेस्को कार्यालय काठमाडौँसँगको सहकार्यमा तयार पारिएको प्रस्तुत बहुभाषी शिक्षाको लागि सहयोग सामग्री तथा अन्य संस्थाहरूसँगको सहकार्यमा तयार पारिएका परिचय पुस्तिका, पर्चाहरू र नेपालका विभिन्न भाषा र लिपिमा प्रस्तुत "भाषाहरू महत्त्वपूर्ण हुन्छन् !" भन्ने नारा अङ्कित पोस्टर यसै सन्दर्भसँग सम्बन्धित छन् ।

प्रस्तुत बहुभाषी शिक्षाको लागि सहयोग सामग्रीबाट विभिन्न भाषाभाषी समुदाय, नीति निर्माता र कार्यक्रम सञ्चालकहरूलाई विशेष लाभ पुग्ने आशा गरेको छु । यी कार्यहरू नेपालका भाषाहरूको संरक्षण र संवर्द्धनका लागि कानुनी, नीतिगत र व्यावहारिक पक्षमा सरकारी प्रतिबद्धताको निरन्तरता हुन् भन्ने पुनः स्मरण गर्दै भविष्यमा पनि यस्ता कार्यले निरन्तरता पाऊन् भन्ने कामना गर्दछु ।

साथै मूल सामग्री तयार पार्ने एसआइएल इन्टरनेसनलका डा. सुजन मेलोन, उहाँको समूहका सदस्यहरू तथा युनेस्को ब्याङ्कप्रति धन्यवाद प्रकट गर्दछु । बहुभाषी शिक्षाको महत्त्व र उपयोगितालाई ध्यानमा राखेर काठमाडौँ स्थित युनेस्को कार्यालयले यस सहयोग सामग्रीको नेपालीमा अनुवाद र अनुकूलन गर्ने निर्णय गऱ्यो । यसको लागि श्री तपराज पन्त र एलिजा श्रेष्ठ ढुङ्गाना धन्यवादका पात्र हुनुहुन्छ । नेपाली संस्करणको लागि फोटो उपलब्ध गराई सहयोग गर्नुभएकोमा बराम भाषाको भाषावैज्ञानिक तथा जातीय अभिलेखन परियोजना (बराम परियोजना), भाषाविज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, नेवाः बस्ती नेवाः स्कुल कम्प्यान (नेवाः स्कुल), काठमाडौँका श्री दीपक तुलाधर, मल्टीलिङ्गुअल एजुकेसन प्रोजेक्ट फर ननेपाली स्पिकिङ स्टुडेन्ट (एमएलइ नेपाल) र युनेस्को काठमाडौँ र नक्सा प्रकाशनको लागि अनुमति दिनुभएकोमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष श्री जितपाल किराँत प्रति धन्यवाद प्रकट गर्दछु ।

नेपाली संस्करणको लागि मूल सामग्रीको अनुवाद, अनुकूलन, सम्पादन, परिमार्जन कार्यमा महत्त्वपूर्ण जिम्मेवारी वहन गर्ने निम्नलिखित महानुभावहरूको योगदानको कदर गर्दछु –

**सल्लाहकार** : प्रा. डा. हेमाङ्गराज अधिकारी, डा. लवदेव अवस्थी, श्री जय लम्साल, श्री स्टिफेन वाटर्स, श्री तपराज पन्त, श्रीमती एलिजा श्रेष्ठ ढुङ्गाना

**अनुवाद, अनुकूलन तथा सम्पादनकर्ता** : प्रा. डा. योगेन्द्रप्रसाद यादव, श्री भीमनारायण रेग्मी, श्री रामराज लोहनी

**बालानन्द पौडेल**
सचिव
शिक्षा तथा खेलकुद मन्त्रालय
नेपाल सरकार

**बहुभाषी शिक्षा विस्तारको लागि**

**सहयोग सामग्री :**

*विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण*

# सामग्रीको सामान्य परिचय



# सामग्रीको सामान्य परिचय

सबैका लागि शिक्षा (एजुकेसन फर अल, इएफए) को अर्थ सबैलाई गुणस्तरीय शिक्षा हो। इएफए अभियानको सुरुदेखि नै धेरै देशहरूले बालबालिका र युवाहरूको शिक्षा सम्बन्धी आवश्यकता पूरा गर्ने प्रयास बढाएका छन्। यसबारे धेरै काम गरिए पनि केही खास समूहहरू यसबाट अझै बाहिरै रहेका छन्। यसमा केटीहरू र महिला, गरिब, अपाङ्ग, एचआइभी/एड्स लागेका व्यक्ति र सरकारी अथवा राष्ट्र भाषाभन्दा बेग्लै मातृभाषा भएकाहरू मुख्य रूपमा पर्छन्।

केही समूहले पटक्कै नबोल्ने र नबुझ्ने भाषालाई पढाइको माध्यम बनाएर सबैका लागि गुणस्तरीय शिक्षा दिने उद्देश्य पूरा गर्न सकिन्छ ? अल्पसङ्ख्यक समुदायका धेरै बालबालिकाले विद्यालयमा जाने बित्तिकै सामना गर्नु पर्ने कुरा यही हो। विद्यालयको भाषा उनीहरूको घरको भाषाभन्दा धेरै फरक हुन्छ। बालबालिकालाई तिनले बुझ्दै नबुझ्ने भाषामा पढ्न बाध्य पार्दा ती शिक्षा पाएर पनि केही गर्न नसक्ने अपाङ्ग जस्ता बन्दछन्। यस्तो स्थिति रहनु हुँदैन।

एसिया र प्रशान्त क्षेत्रका केही देशहरूमा अनौपचारिक शिक्षामा लागू गरिएका द्विभाषी/बहुभाषी शिक्षा कार्यक्रमहरूले भाषिक अल्पसङ्ख्यकहरूलाई उनीहरूको आफ्नो भाषा र राष्ट्र भाषामा साक्षर हुन धेरै सहयोग गरेका छन्। विद्यालयमा विद्यार्थीहरूको भर्ना बढ्न, उनीहरू नियमित उपस्थित हुन र त्यसै अनुसार सफल हुन पनि द्विभाषी/बहुभाषी शिक्षाको उत्तिकै महत्त्व हुन्छ। तर पनि राष्ट्रको नीति निर्माण गर्ने तहमा भने यो कुरा बुझ्ने र स्विकार्ने काम अझै भएको छैन। अर्कोतर्फ प्राविधिक तथा राजनीतिक कारणले नीति बनाउने र शिक्षा क्षेत्रमा काम गर्नेहरूलाई शिक्षाको माध्यम भाषा रोज्न कठिनाइ भएको कुरामा पनि ध्यान दिनु पर्ने हुन्छ। त्यसकारण मातृभाषामा नै शिक्षा दिनु पर्छ भन्ने बुझ्नु नै सबैका लागि गुणस्तरीय शिक्षा पाउने उद्देश्यतर्फको पहिलो पाइलो हो।

## यो सामग्रीको प्रयोग कसले गर्ने ?

"सबैका लागि शिक्षा"ले साँच्चै सबैलाई समेट्छ भनेर ढुक्क हुन चाहनेहरूलाई यो सामग्री तयार गरिएको हो। यो सामग्री विशेष गरेर भाषाको कारणले विद्यालय बाहिर रहेका सबैलाई गुणस्तरीय शिक्षा दिन र यसलाई सजिलो पार्न चाहने नीति निर्माता, शिक्षा क्षेत्रमा काम गर्नेहरू र प्राविधिकहरूलाई उपयोगी हुने छ। शिक्षामा आफ्नो समुदायको अवस्था सुधार्न चाहने अल्पसङ्ख्यक भाषाका वक्ताहरूलाई पनि यो सामग्री सहयोगी हुने छ।

यो सामग्री मातृभाषामा आधारित बहुभाषी शिक्षाको महत्त्वबारे जनचेतना बढाउन तयार पारिएको हो। यसले बहुभाषी शिक्षाको बारेमा विभिन्न तथ्य र त्यसलाई समर्थन गर्ने तर्कहरू प्रस्तुत गरी मातृभाषामा शिक्षाको फाइदा र महत्त्वबारे प्रकाश पार्छ। यस सामग्रीमा विभिन्न विचार, अनुसन्धानका नतिजा र उदाहरणहरू पनि राखिएको छ। आफ्नो परिस्थितिको बारेमा विचार गर्न यो सामग्री प्रयोग गर्न सकिन्छ। साथै यसले शिक्षा प्रणालीलाई भाषिक विविधताप्रति बढी उत्तरदायी बनाउन चाहिने कार्यदिशाबारे पनि सुझाव उपलब्ध गराउँछ।

यो सामग्री कुनै स्तरीय पाठ्य पुस्तक होइन र यसमा सबै समस्याको जवाफ पनि छैन। पाठकलाई सक्दो सहयोग पुगोस् भनेर हरेक पुस्तिकाको अन्त्यमा सन्दर्भ ग्रन्थहरूको सूची पनि राखिएको छ। यसबाहेक प्रत्येक पुस्तिकाको सुरुमा त्यसमा भएका कुराहरूको एक पृष्ठको सारांश र अन्त्यमा पारिभाषिक शब्दावली पनि राखिएको छ।

## यो सामग्रीको प्रयोग कसरी गर्ने ?

यस सामग्रीमा तीनवटा मुख्य पुस्तिका रहेका छन्। ती पुस्तिका छुट्टाछुट्टै पाठक - (१) शिक्षा सम्बन्धी नीति बनाउने, (२) शिक्षा सम्बन्धी योजना बनाउने तथा शिक्षा क्षेत्रमा काम गर्ने र (३) समुदायका सदस्यहरूका लागि हो। बहुभाषी शिक्षाको विकास गर्न सबै तहका व्यक्तिको संलग्नता हुनु पर्छ भन्ने कुरा बिर्सनु हुँदैन। यसैले योजना बनाउने र त्यसलाई लागु गर्ने तथा संस्थागत गर्ने क्रममा यी तीनवटै पुस्तिकाहरू अन्य उपलब्ध सामग्रीहरूको साथमा प्रयोग गर्नु उपयुक्त हुन्छ।

## पारिभाषिक शब्दावली

हरेक पुस्तिकामा पारिभाषिक शब्दहरूको सूची रहेको छ। सामग्रीमा प्रयोग भएका त्यस्ता शब्दावलीको मूल सूची पनि रहेको छ। आवश्यकता अनुसार यी शब्दावलीको अध्ययन उपयोगी हुने छ।

## अनुवादकका लागि सुझाउ



यो सामग्री मूल रूपमा अङ्ग्रेजीमा तयार गरिएको हो। व्यापक रूपमा प्रयोग गर्न यसलाई विभिन्न भाषामा अनुवाद गर्नु जरुरी छ र यस क्रममा विभिन्न परिस्थिति र सन्दर्भसँग यसलाई अनुकूल बनाउनु पनि त्यत्तिकै आवश्यक छ। यो सामग्रीको अनुवाद र अनुकूलनको काम गर्दा तलका कुराहरूमा ध्यान दिइनु पर्छ।

यो सामग्री प्रयोगकर्ताको लागि सजिलो हुने गरी बनाइएको छ। यसैले यो लेखिएको भन्दा पनि कुराकानी गर्दा जस्तो अनौपचारिक र बोलचालको भाषामा छ। यसको अनुवाद गर्दा पनि औपचारिक र जटिल शैली प्रयोग नगरी यस्तै शैलीमा गर्नु राम्रो होला।

यो सामग्री अङ्ग्रेजीमा लेखिएको भए पनि थाइल्यान्डको चियाङ माइमा २००५ को डिसेम्बरमा भएको एउटा क्षेत्रीय कार्यशालामा यसको पूर्वपरीक्षण गरियो। त्यो परीक्षण अङ्ग्रेजी मातृभाषा नहुनेहरूको लागि यो सामग्री बुझिने खालको छ कि छैन भनेर थाहा पाउन गरिएको थियो। यसलाई बुझिने बनाउन सजिला शब्दहरू प्रयोग गरिएको छ। यसमा जानेरै गाह्रा शब्दहरू प्रयोग नगरिएको हो। तैपनि केही विशिष्ट शब्दहरूको अनुवाद गर्न गाह्रो हुन सक्छ। उदाहरणको लागि "बहुभाषी शिक्षा" र "सिकाइ उपलब्धि" जस्ता शब्द अनुवाद गर्नु पर्ने भाषामा नहुन सक्छन्। यस्ता शब्दहरूको अनुवाद गर्दा अर्थ त्यही रहने गरी गर्नु पर्छ। कुनै शब्द कसरी अनुवाद गर्ने भनेर निश्चित भएन भने व्यावसायिक अनुवादक वा यस्ता शब्द पहिले नै अनुवाद वा प्रयोग गरेका संस्थासँग सम्पर्क गर्नु पर्ने हुन्छ। यस्ता शब्दको अनुवाद त्यस देशका शिक्षाविद्हरूले गरेका छैनन् वा ठीक अनुवाद गरेका छैनन् भने शिक्षाको क्षेत्रमा काम गर्ने अरू राष्ट्रिय वा अन्तरराष्ट्रिय संस्थाहरूले गरेका छन् कि भनेर हेर्न सकिन्छ।

अनुवाद गरेको संस्करणमा यो उल्लेख गर्नुहोला : "This kit is a translation and adaptation of Advocacy Kit on Multilingual Education [ISBN 92-9223-110-3] ©UNESCO Bangkok." हामी अनुवाद र अनुकूलन गरिएका सबै संस्करणका दुई प्रति निम्नलिखित ठेगानामा पठाई सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गर्छौं :

APPEAL
UNESCO Asia and Pacific Regional Bureau for Education
920 Sukhumvit Road, Bangkok 10110, Thailand
Tel.: (66 2) 391 -577
Fax: (66 2) 391 0866
Email: gender@unescobkk.org

# सन्दर्भ सूची

कोसोनेन, के. २००५. एजुकेसन इन लोकल ल्याङ्ग्वेजेज : पोलिसी एन्ड प्राक्टिस इन साउथ इस्ट एसिया. इन *फस्ट ल्याङ्ग्वेज फस्ट : कम्युनिटी-बेस्ड लिटरेसी प्रोग्राम्स फर माइनरिटी ल्याङ्ग्वेज कन्टेक्स्ट इन एसिया.* ब्याङ्कक, युनेस्को. पृ. ९६-१३४ ।

क्रिस्टल, डि. १९९९. *द पेनगुइन डिक्सनरी अफ ल्याङ्ग्वेज.* सेकेन्ड एडिसन. लन्डन, पेनगुइन ।

बेन्सन, सि. २००४. *द इम्पोर्टेन्स अफ मदर टङ-बेस्ड स्कुलिङ फर एजुकेसन क्वालिटी.* कमिसन्ड स्टडी फर इएफए ग्लोबल मनिटरिङ रिपोर्ट २००५. पेरिस युनेस्को ।

मालोन, एस. २००४. *म्यानुअल फर डेभलपिङ लिटरेसी एन्ड एडल्ट एजुकेसन प्रोग्राम्स इन माइनरिटी ल्याङ्ग्वेज कम्युनिटिज.* ब्याङ्कक, युनेस्को ।

युनेस्को. २००४. *जेन्डर इन एजुकेसन नेटवर्क इन एसिया (जेनिया) : अ टुलकिट फर प्रोमोटिङ जेन्डर इक्वालिटी इन एजुकेसन.* ब्याङ्कक, युनेस्को ।

## पारिभाषिक शब्दावली – भाषा

**अल्पसङ्ख्यक भाषा** अल्पसङ्ख्यक सामाजिक समूह वा जातिले बोल्ने भाषा

- *कहिलेकहीँ सङ्ख्यात्मक रूपले ठूलो समूहले बोल्ने तर मुख्य भाषाको रूपमा नरहेको भाषा पनि बुझिन्छ ।*

**कामकाजी भाषा** सरकारी कार्यालय, विद्यालय लगायत अन्य संस्थाहरूमा दैनिक कामकाजको लागि प्रयोग गरिने भाषा

*उदाहरण : भारतमा अङ्ग्रेजी र हिन्दीलाई देशको कामकाजी भाषा तोकिएको छ र राज्यहरूमा आ-आफ्नै राज्य भाषाहरू प्रचलनमा छन् । नेपालमा नेपालीलाई सरकारी कामकाजको भाषा तोकिएको छ र सार्वजनिक विद्यालयहरूमा पनि कामकाजको भाषा नेपाली रहेको छ तर अधिकांश निजी विद्यालयहरूमा भने कामकाजी भाषा अङ्ग्रेजी रहेको छ ।*

**घरको भाषा** घरमा बोलिने भाषा (**पहिलो भाषा**, **मातृभाषा** पनि हेर्नुहोस्)

- *कसैकसैको एकभन्दा बढी घरको भाषा हुन सक्छ ।*

**दोस्रो भाषा** पहिलो वा घरको भाषा बाहेकको भाषा, व्यापक सञ्चार सम्पर्कको भाषा वा विदेशी भाषा

- *सामान्यतया घर बाहिर ठूलो समुदायमा प्रयोग गरिने भाषा बुझिन्छ, द्विभाषी शिक्षामा पहिलो भाषापछि सिकाइने दोस्रो भाषा (कामकाजी वा विदेशी) बुझिन्छ ।*
- *अल्पसङ्ख्यक भाषिक समुदायको लागि दोस्रो भाषा सामान्यतया कामकाजी वा राष्ट्र भाषा हुन्छ ।*

**पहिलो भाषा** वक्ताले सुरुमा बोल्न सिकेको भाषा, मौलिक भाषा (**मातृभाषा, घरको भाषा, स्थानीय भाषा** पनि हेर्नुहोस्)

- *वक्ताले जन्मेदेखि सिकेको एक वा एकभन्दा बढी भाषालाई बुझाउँछ*

**पैतृक भाषा** व्यक्तिका पूर्वज वा जातिभाषिक समुदायको भाषा

**भेद** भौगोलिक क्षेत्र र सामाजिक समूह अनुसार भाषामा हुने फरक

**मातृभाषा** पहिलो भाषा, मौलिक भाषा (**पहिलो भाषा, घरको भाषा, स्थानीय भाषा, पैतृक भाषा** पनि हेर्नुहोस्)

- *व्यक्तिले १) पहिले सिकेको, २) आफूले वा अरूले मातृभाषी वक्ताको रूपमा चिनाउने, ३) सबैभन्दा बढी जानेको, वा ४) सबैभन्दा बढी प्रयोग गर्ने भाषा*

**माध्यम भाषा** विद्यालयमा लेखाइपढाइको माध्यमको रूपमा प्रयोग हुने भाषा

**मुख्य भाषा** मुख्य सामाजिक समूहले बोल्ने अथवा देशको प्रमुख भाषाको रूपमा रहेको भाषा

- *देशको धेरै जनसङ्ख्याले बोल्ने नभए तापनि राष्ट्र भाषा वा कामकाजी भाषाको हैसियत भएको हुन सक्ने*

**राष्ट्र भाषा** देशभित्र व्यापक रूपमा बोलिने भाषा, राष्ट्रले महत्त्वपूर्ण भनेर किटान गरेको भाषा, कहिलेकहीँ कामकाजी भाषा पनि ।

*उदाहरण :* भारतमा दुईवटा कामकाजी भाषा र बाइसवटा अनुसूचित भाषा तोकिएको छ र राज्यहरूमा आ-आफ्नै राज्य भाषाहरू प्रचलनमा छन् । नेपालमा नेपालीलाई सरकारी कामकाजको भाषा तोकिएको छ ।

**विदेशी भाषा** वक्ताको वरिपरिको समुदायमा नबोलिने भाषा

**सम्पर्क भाषा** भाषिक समुदायहरूबीच व्यापक सञ्चार सम्पर्कको लागि प्रयोग गरिने भाषा

*उदाहरण : नेपालको पहाडी क्षेत्रमा नेपाली, तराईमा हिन्दी र हिमाली क्षेत्रमा तिब्बती ।*

**स्थानीय भाषा** आफ्नो समुदायमा बोलिने भाषा

- *पूर्ण रूपले लेखन पद्धतिको विकास नभएको भाषा पनि हुन सक्छ ।*

## परिभाषिक शब्दावली – सामान्य

**आदिवासी** — कुनै क्षेत्र वा देशमा सुरुदेखि वा धेरै पहिलेदेखि बस्दै आएको समूह

**कार्यान्वयन** — कुनै नयाँ कार्यक्रम लागु गर्न मानिस तथा अन्य स्रोत परिचालन गर्ने प्रक्रिया

**गति** — बोल्न, पढ्न र लेख्नमा उच्च दक्षता

**गैरसरकारी संस्था** — सामुदायिक विकासको लागि काम गर्ने तर राष्ट्रिय सरकारको अङ्गको रूपमा नरहेको निकाय

**जनचेतना वृद्धि** — आफ्नो लागि आवश्यक कुराहरू पहिचान गर्न र ती कुराहरू प्राप्त गर्न सहयोग पुऱ्याउने सूचना र जानकारी उपलब्ध गराउने काम

**दिगोपन** — लामो समयसम्म निरन्तर चल्न सक्ने गरी कुनै कार्यक्रमको स्थापना

**द्विभाषी** — *व्यक्ति :* दुई वटा भाषा बोल्न र बुझ्न (कहिलेकहीँ लेख्न र पढ्न पनि) सक्ने

*सामाजिक :* समाजमा कम्तीमा दुई भाषा समुदाय रहेको

**द्विभाषी शिक्षा** — साक्षरता एवं औपचारिक पढाइमा दुई वटा भाषाको प्रयोग

- *व्यवहारमा साक्षरता र सिकाइ व्यक्तिको पहिलो भाषाबाट सुरु गरिन्छ र दोस्रो भाषाको प्रयोग बिस्तारै बढाउँदै लगिन्छ ।*

**निरक्षर** — आफूले बुझ्ने भाषामा लेखपढ गर्न अहिलेसम्म कुनै अवसर नपाएका व्यक्ति

**परिचालन** — कुनै कार्यक्रमको योजना गर्न तथा लागु गर्न समुदाय र यसका सहयोगीहरूलाई सङ्गठित गर्ने काम

**पाठ्यक्रम** — शैक्षिक कार्यक्रमको लागि शिक्षण योजना, पाठ्यवस्तु तथा सहयोगी सामग्रीहरू

**बहुभाषी** — *व्यक्ति :* दुईभन्दा बढी भाषा बोल्ने र बुझ्ने (लेखपढ पनि गर्न सक्ने)

*सामाजिक :* समाजमा दुईभन्दा बढी भाषिक समुदाय रहेको

| | |
|---|---|
| **बहुभाषी शिक्षा** | साक्षरता तथा शिक्षणको लागि दुईभन्दा बढी भाषाको प्रयोग<br>- *पहिलो भाषाको विकास सुरु गरेर क्रमश: अन्य भाषाहरू थप्दै लैजाने बहुभाषी शिक्षा प्रभावकारी हुन्छ* |
| **भाषाको विकास** | *शिक्षामा :* कसैलाई कुनै भाषा राम्रोसँग बोल्न, पढ्न र लेख्न सिकाउने काम<br>*अल्पसङ्ख्यक भाषिक समुदायमा :* शब्द भण्डार बढाएर, लेखनमा सहमति गरेर तथा किताब र अन्य शिक्षण सामग्रीहरूको निर्माण गरेर कुनै भाषाको कथ्य तथा लेख्य प्रयोगको विकास गर्ने काम |
| **भाषिक अल्पसङ्ख्यक** | जनसङ्ख्या कम भएर वा आर्थिक तथा राजनीतिक कारणले समाजमा कमजोर रूपमा रहेका एउटै भाषा प्रयोग गर्ने मानिसहरूको समूह |
| **मातृभाषामा आधारित बहुभाषी शिक्षा** | पहिलो भाषाको माध्यमबाट लेखाइ, पढाइ र सिकाइ प्रक्रिया सुरु गरेर दोस्रो भाषा सिकाउँदै लैजाने विद्यालय शिक्षाको प्रणाली (**बहुभाषी शिक्षा** पनि हेर्नुहोस्) |
| **मुख्य समूह** | जनसङ्ख्या धेरै भएर तथा आर्थिक वा राजनीतिक कारणले देशमा शक्तिमा रहेको सामाजिक समूह |
| **मूल धार** | मुख्य समूहको भाषा तथा संस्कृति<br>- *कहिलेकहीँ मुख्य समूहका सदस्यहरूको लागि मात्र स्थापना गरिएको र भाषिक अल्पसङ्ख्यकको आवश्यकता पूरा नगर्ने विद्यालय पनि बुझिन्छ ।* |
| **लेखन पद्धति** | लिपि, हिज्जे नियम र विराम चिह्नहरू रहेको लेखनको मानक प्रणाली |
| **लैङ्गिक समानता** | महिला तथा पुरुष, बालक तथा बालिका सबैलाई मानव अधिकारको पूरा अनुभव गर्न; आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक विकासमा योगदान गर्न र त्यसबाट लाभ हासिल गर्न समान परिस्थिति उपलब्ध हुने अवस्था |
| **सल्लाहकार समिति** | बहुभाषी शिक्षा कार्यक्रममा संलग्न अगुवाहरूको समिति<br>- *यसमा प्रायजसो मातृभाषी वक्ता र सहयोगी संस्थाका सदस्यहरू रहन्छन् ।* |
| **सहजकर्ता** | अरूलाई लेखपढ गर्न सहयोग गर्ने व्यक्ति, शिक्षक |

| | |
|---|---|
| **साक्षरता** | जीवनमा आवश्यक व्यवहार गर्न पढ्न, लेख्न, हिसाब गर्न र अन्य भाषिक क्रियाकलाप राम्रोसँग गर्न सक्ने क्षमता |
| **साझेदार** | नयाँ कार्यक्रम लागु गर्न समुदायसँग मिलेर काम गर्ने व्यक्ति, संस्था वा निकाय |
| **सिकाइ उपलब्धि** | विद्यालयमा पढाइ हुने विषयवस्तु तथा भाषाको ज्ञान, सीप र दक्षता |

**बहुभाषी शिक्षा विस्तारको लागि**

**सहयोग सामग्री :**

*विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण*

# नीति निर्माताको लागि पुस्तिका



# नीति निर्माताको लागि पुस्तिका

## परिचय

युनेस्कोले सन् १९९० मा पहिलो पटक सबैका लागि शिक्षा कार्यक्रम सुरु गऱ्यो। त्यसपछि धेरै सरकारहरूले आफ्नो देशमा बालबालिका तथा प्रौढहरूका शिक्षा सम्बन्धी आवश्यकता पूरा गर्न प्रयासहरू बढाएका छन्। यसमा निकै काम गरिसकिएको छ तापनि केही समूहहरू जस्तै बालिका तथा महिला, गरिब, विशेष आवश्यकता भएका समूहहरू, एड्स लागेका मानिसहरू र अल्पसङ्ख्यक भाषा बोल्नेहरू अझै उपेक्षित छन्।

*नेपालमा बालिकाहरू र महिला, अपाङ्ग बालबालिका, दलित बालबालिका, जनजाति बालबालिका, मधेशी बालबालिका, सडक बालबालिका, द्वन्द्वपीडित बालबालिका, बेचबिखन तथा यौन शोषणबाट पीडित बालबालिका, गरिब बालबालिका, कमैया तथा बँधुवा मजदुर बालबालिका, जेलमा रहेका बालबालिका, असहाय तथा अनाथ बालबालिका, रोगग्रस्त बालबालिका जस्तै एचआइभी/एड्स, कुष्ठरोग, क्षयरोग आदि, गुम्बा, मदरसा, गुरुकुलमा पढिरहेका बालबालिका, भाषिक अल्पसङ्ख्यक बालबालिका, श्रमिक बालबालिकालाई शिक्षाको अवसरबाट बाहिर रहेका समूहको रूपमा राष्ट्रिय तहमा स्वीकार गरिएको छ।*[1]

यीमध्ये भाषिक अल्पसङ्ख्यक बालबालिकाहरूको समस्या विद्यालयको कामकाजी भाषा र तिनको घरको भाषाबीचको फरकसँग सम्बन्धित छ। विद्यार्थीहरूले कामकाजी भाषा नबुझेमा उनीहरूको सिकाइमा समस्या पर्छ :

*अझसम्म सबैले नबुझेको भए पनि आफ्नो भाषाबाहेक अरू भाषामा पढ्दा दोहोरो चुनौती हुन्छ भन्ने सत्य हो। त्यस बेला नयाँ भाषा मात्र होइन त्यसमा रहेको नयाँ ज्ञान पनि सिक्नु पर्ने हुन्छ। यी चुनौतीहरू निरक्षर, अल्पसङ्ख्यक र शरणार्थी जस्ता पहिलेदेखि नै शिक्षाका दृष्टिले पछाडि परेका केही समूहहरूको लागि अझ टड्कारो देखिन्छ।*[2]

यी चुनौतीहरूको समाधान गर्ने सबैभन्दा राम्रो उपाय मातृभाषामा आधारित बहुभाषी शिक्षा हो। राम्रो बहुभाषी शिक्षा कार्यक्रममा अल्पसङ्ख्यक भाषा बोल्ने विद्यार्थीहरूले सुरुका कक्षामा आफ्नै भाषामा सिक्छन्। त्यससँगै कामकाजी भाषा पनि एउटा विषयको रूपमा सिक्दै जान्छन्। विद्यार्थीहरूले कामकाजी भाषामा बोलाइ, पढाइ र लेखाइमा दक्षता बढ्दै जाँदा शिक्षकहरूले यसलाई पढाइमा प्रयोग गर्दै

[1] काफ्ले, वासुदेव र अरू २०६३. *समाहित शिक्षा र बालमैत्री विद्यालय : विद्यालय सहयोगी सामग्री.* भक्तपुर, नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग समाहित शिक्षा शाखा, पृ. ४। यस सूचीमा "मधेशी बालबालिका" थप गरिएको छ।

[2] युनेस्को. २००३. *एजुकेसन इन अ मल्टिलिङ्गुअल वर्ल्ड.* पेरिस, युनेस्को।

जान्छन् । राम्रो बहुभाषी शिक्षा कार्यक्रमले प्राथमिक विद्यालयका विद्यार्थीहरूलाई बोलचाल र सिकाइमा दुवै भाषाको प्रयोग गर्न प्रेरित गर्छ ।

बहुभाषी शिक्षाको समर्थनमा युनेस्कोले दिएको तीन खण्डीय आधारबाट भाषा र शिक्षाबीचको महत्त्वपूर्ण सम्बन्ध स्पष्ट हुन्छ :

१ *युनेस्कोले मातृभाषामा पढाइलाई शिक्षाको गुणस्तर बढाउने साधनको रूपमा समर्थन गर्छ । यस्तो पढाइ विद्यार्थी तथा शिक्षकहरूको ज्ञान र अनुभवको आधारमा हुन्छ ।*

२ *युनेस्कोले द्विभाषी वा बहुभाषी शिक्षालाई सामाजिक तथा लैङ्गिक समानता बढाउने साधनको रूपमा लिएको छ । धेरै भाषा प्रयोग हुने समाजमा यो अझ मुख्य तत्त्वको रूपमा रहन्छ ।*

३ *युनेस्कोले भाषालाई फरक संस्कृतिहरूबीचको शिक्षामा आवश्यक तत्त्वको रूपमा समर्थन गर्छ । यसले विभिन्न समूहका मानिसहरूबीच समझदारी बढाउँछ र मौलिक अधिकारहरूको सम्मान सुनिश्चित गराउँछ ।*[३]

यस पुस्तिकाका बाँकी भागले मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रमहरूको बारेमा थप जानकारी दिने छन् । बहुभाषी शिक्षाका बारेमा धेरै सोधिने प्रश्नहरूलाई विभिन्न शीर्षकमा प्रस्तुत गरिएको छ ।

शिक्षा क्षेत्रमा काम गर्ने व्यक्ति, सरकारी कर्मचारी, अनुसन्धानकर्ता र अल्पसङ्ख्यक भाषिक समुदायका मानिसका भनाइहरूलाई यहाँ तिनै प्रश्नको उत्तरको रूपमा राखिएको छ ।

## प्रश्न र उत्तरहरू:

## अल्पसङ्ख्यक भाषिक समुदायहरूमा भाषा र शिक्षा

### *प्रश्न १. अल्पसङ्ख्यक भाषिक समुदायका मानिसहरूको शैक्षिक अवस्था कस्तो छ ?*

**नेपालको शैक्षिक अवस्था**

- *६ वर्ष माथिका ४६.३%र १५ वर्ष माथिका ५६%व्यक्तिहरूले लेखपढ गर्न जान्दैनन् । (नेपालको जनगणना २००१ (२०५८))*
- *प्राथमिक विद्यालय जाने उमेर समूहका विद्यार्थीमध्ये ११%ति विद्यालयमा भर्ना नै हुँदैनन् ।*
- *भर्ना भएकामध्ये ४५.४%ले पाँच कक्षा पूरा नगरी विद्यालय छाड्छन् ।*

[३] युनेस्को. २००३. *एजुकेसन इन अ मल्टिलिङ्गुअल वर्ल्ड.* पेरिस, युनेस्को ।

- *विद्यालय छाड्नेमध्ये कक्षा एकमा सबैभन्दा धेरै १४.५% छन् ।*
- *विद्यालय नजाने, विद्यालय छाड्ने र पढ्न लेख्न नजान्नेहरूको सङ्ख्या क्षेत्र, जातजाति, भाषा र गाउँ वा सहर अनुसार फरक फरक भए पनि मुख्य रूपमा दुर्गम क्षेत्रमा बस्ने, महिला, अल्पसङ्ख्यक समुदायका, दलित र गरिबहरू बढी छन् ।* (MOES 2000)

दुर्गम क्षेत्रमा बस्ने अल्पसङ्ख्यक समुदायका धेरै मानिसहरूले स्तरीय आधारभूत शिक्षा पाउन केही चुनौतीहरू सामना गर्नु परेको देखिन्छ :

- कहीँ विद्यालय नै छैन, कहीँ विद्यालय त छ तर कि शिक्षकहरू छैनन् भए पनि तालिम प्राप्त छैनन् ।
- धेरैजसो शिक्षकले विद्यार्थीले नबुझ्ने भाषा प्रयोग गर्छन् ।
- पाठ्यपुस्तक तथा पाठहरूमा मुख्य समूहका भाषा र संस्कृतिमा मात्र जोड दिएको देखिन्छ । विद्यार्थीहरू ती संस्कृतिसँग अपरिचित भए उनीहरूलाई पाठको कुरा बुझ्न धेरै गाह्रो हुन्छ ।
- मुख्य भाषिक समुदायबाट आउने शिक्षकले ती विद्यार्थीलाई पढाइमा कमजोर ठान्न सक्छन् । उनीहरूले ती विद्यार्थीका भाषा र संस्कृतिको कदर नगर्न वा त्यसलाई हेय दृष्टिले हेर्न पनि सक्छन् ।

नेपालको कक्षाकोठाको अवलोकन गरेका विशेषज्ञको अनुभव यस्तो छ :

*सम्प्रेषण विधिको प्रयोग प्राय छँदै छैन । शिक्षकहरू आफूले कक्षामा छलफल विधिको प्रयोग गरेको बताउँछन् तर मैले कक्षाकोठाको अवलोकन गर्दा शिक्षक र केही सीमित विद्यार्थीको बीचमा मात्र छलफल हुने गरेको पाएँ । यसको अर्थ शिक्षकले सबै विद्यार्थीसँग छलफल गर्छन् भन्ने होइन । वास्तवमा त्यो छलफल शिक्षक र नेपाली बोल्ने विद्यार्थीको बीचमा सीमित हुन्छ । कक्षामा ती विद्यार्थी सामान्यतया अगाडि बस्छन् । पढाइको माध्यम नेपाली भएकाले सम्प्रेषण विधि प्रयोग हुने अवस्था रहँदैन । यस तथ्यले शिक्षा मन्त्रालयको प्राथमिक तहमा पढाउने शिक्षकलाई सम्प्रेषण विधिको प्रयोग गर्न तालिम दिएको भन्ने दाबीलाई चुनौती दिएको छ ।*[४]

ती विद्यार्थीहरूका लागि प्राय विद्यालय भनेको नयाँ ठाउँ हुन्छ, त्यहाँ नयाँ विचारहरू नयाँ भाषामा पढाइन्छ । शिक्षाको क्षेत्रमा काम गर्ने एक जना व्यक्तिले भारतको एउटा अल्पसङ्ख्यक भाषिक समुदायमा हिन्दी भाषामा पढाइएको कक्षामा यस्तो अवस्था देखे :

*विद्यार्थीहरूले शिक्षकको एकोहोरो कुराकानीमा कत्ति पनि ध्यान नदिएको देखिन्थ्यो । तिनले शून्य भावले शिक्षकलाई र कहिलेकहीँ केही लेखिएको कालोपाटीलाई टुलुटुलु हेर्थे । आफूले भनेको कुरा बालबालिकाले बुझ्न सकेनन् भन्ने राम्ररी बुझेका शिक्षकले अझ ठूलो स्वरमा अझ लामो व्याख्या गर्न थाल्थे ।*

[४] अवस्थी, लवदेव २००४. एक्स्प्लोरिङ मोनोलिङ्गुअल स्कुल प्राक्टिसेज इन मल्टिलिङ्गुअल नेपाल. पिएच्डी शोधग्रन्थ. कोपेनहेगेन : डेनिस युनिभर्सिटी अफ एजुकेसन, पृ. १९५ ।

*पछि बोल्दा थाकेर र कलिला बालबालिका पूरै अल्मलिए भन्ने बुझेर उनले विद्यार्थीहरूलाई कालोपाटीबाट सार्न भने । "मेरा बालबालिका कालोपाटीबाट सार्न सिपालु छन् । पाँच कक्षासम्म पुग्दा तिनले सबै उत्तर सार्न र कण्ठ गर्न सक्छन् । तर कक्षा पाँचका दुई जना मात्र कामकाजी भाषा बोल्न सक्छन्" – शिक्षकले भने ।*[५]

विद्यालयमा बालबालिकालाई तिनले नबोल्ने र नबुझ्ने भाषा प्रयोग गर्न बाध्य पार्नु हुँदैन । यसले उनीहरूलाई समाजका उत्पादनशील सदस्य हुन मदत गर्दैन बरु त्यसमा बाधा पुऱ्याउँछ । बालबालिकालाई आफ्नो समुदाय बाहिरको संसारका पाठहरू पढाएर उनीहरूले जानेका र अनुभव गरेका कुराहरूको बेवास्ता गर्दै जाँदा तिनको भाषा, संस्कृति र अनुभवको महत्त्व छैन भन्ने सन्देश प्रवाहित हुन्छ । यस्तो हुनु विद्यालय प्रणालीले बालबालिकामा आफ्नो समुदाय, आमाबाबु तथा आफूप्रतिको सम्मान कसरी हराउँदै जान्छ भन्ने कुराको उदाहरण हो । पपुवा न्यु गिनीका एक जना अभिभावकले यस्तो अवस्थाको वर्णन गरेका छन् :

*जब बालबालिका स्कुल जान्छन् ती बिरानो ठाउँमा जान्छन् । तिनले आफ्ना अभिभावकलाई छाड्छन्, तिनले आफ्ना बगैँचा छाड्छन्, तिनले आफ्ना जीवनशैलीका सबै कुरा छाड्छन् । ती कक्षाकोठामा बस्छन् र आफ्नो ठाउँसँग कुनै सम्बन्ध नभएका कुरा सिक्छन् । पछि, तिनले अरू कुरा मात्र सिकेकाले आफ्नै कुरालाई अस्वीकार गर्छन् ।*[६]

धेरैजसो अवस्थामा यसको परिणाम स्वरूप औपचारिक शिक्षामा सफल हुन चाहने विद्यार्थीहरूले आफ्नो भाषिक र सांस्कृतिक पहिचान गुमाउनु पर्ने हुन्छ ।

*भाषिक अल्पसङ्ख्यक समुदायहरू तब मात्र मूल धारमा आएको मानिन्छ, जब तिनले आफ्नो जातीय र भाषिक पहिचान छोडेर समाजको मुख्य भाषा र संस्कृति अँगाल्छन् । यो कुनै नयाँ कुरा होइन यो त विश्वभरिका अल्पसङ्ख्यक समुदायको लामो, सबैले बुझेको, धेरै उल्लेख गरिएको र दुःखद इतिहास हो ।*[७]



---

[५] झिङ्ग्रान, डि. २००५. *ल्याङ्ग्वेज डिस्एड्भान्टेज. द लर्निङ च्यालेन्ज इन प्राइमरी एजुकेसन.* न्यु दिल्ली : ए. पि. एच. पब्लिसिङ ।

[६] डेल्पिट, एल. डि. र केमेलफिल्ड, जि. १९८५. *एन इभ्यालुएसन अफ द भिलेस तोक प्लेस स्कुल स्किम इन द नर्थ सोलोमन्स प्रोभिन्स. इआरयु रिपोर्ट नं. ५१.* वाइगानी, पपुआ न्यु गिनी, युनिभर्सिटी अफ पपुआ न्यु गिनी ।

[७] सेफर, एस. २००३ (७-९ नोभेम्बर). ल्याङ्ग्वेज डेभलप्मेन्ट एन्ड ल्याङ्ग्वेज रिभाइटलाइजेसन : एन एजुकेसनल इम्पेरेटिभ इन एसिया. इन्टरनेसनल कन्फरेन्स अन ल्याङ्ग्वेज डेभलप्मेन्ट, ल्याङ्ग्वेज रिभाइटलाइजेसन एन्ड मल्टिलिङ्गुअल एजुकेसन. ब्याङ्कक, थाइल्यान्ड ।

## प्रश्न २. विद्यालयको सुरुको अवस्थामा मातृभाषामा आधारित बहुभाषी शिक्षाले कामकाजी भाषा बुझ्न र बोल्न नसक्ने विद्यार्थीहरूको शैक्षिक अवस्था कसरी सुधार्छ ?

मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रममा विद्यार्थीले सबैभन्दा राम्ररी बुझ्ने भाषामा शिक्षा सुरु गर्ने मौका पाउँछन् । उनीहरूले आफ्नै भाषामा सिक्न थालेपछि बिस्तारै उनीहरूलाई नयाँ कामकाजी भाषासँग परिचित गराइन्छ र उनीहरूलाई त्यस भाषामा बोलचाल गर्न सिकाइन्छ । यसको साथसाथै उनीहरूलाई नयाँ भाषाको शब्दभण्डार बढाउन शिक्षकहरूले मदत गर्दै जान्छन् र उनीहरूमा त्यस भाषामा अमूर्त धारणाहरू बुझ्ने र तीबारे कुरा गर्ने क्षमता बढ्दै जान्छ ।[८] अझ राम्रा कार्यक्रमहरूमा त प्राथमिक विद्यालयका विद्यार्थीहरूलाई दुवै भाषामा बोल्ने र सिक्ने क्षमताको विकास गर्दै लगिन्छ । सबल बहुभाषी शिक्षा कार्यक्रमहरूमा भाषा सिकाइको प्रगतिलाई निम्न लिखित चरणहरूमा देखाउन सकिन्छ :

दुवै भाषामा मौखिक र लिखित सामर्थ्यको विकास निरन्तर
शिक्षण र सिकाइका लागि पहिलो भाषा सँगै दोस्रो भाषा प्रयोग गर्ने

दोस्रो भाषामा पढाइ र लेखाइ सुरु
पहिलो कथ्य र लेख्य अनि दोस्रो कथ्य भाषाको विकास निरन्तर शिक्षण र सिकाइका लागि पहिलो भाषाको सहयोगले दोस्रो भाषाको प्रयोग सुरु गर्ने

कामकाजी भाषाको बोलाइ र सुनाइ सुरु[९]
पहिलो कथ्य र लेख्य भाषाको विकास निरन्तर
शिक्षण र सिकाइका लागि पहिलो भाषा प्रयोग गर्ने

पहिलो भाषामा पढाइ र लेखाइ सुरु
पहिलो कथ्य भाषाको विकास निरन्तर
शिक्षण र सिकाइका लागि पहिलो भाषा प्रयोग गर्ने

पहिलो भाषा सुनाइ र बोलाइमा सामर्थ्य र आत्मविश्वास निर्माण
(भर्खरै स्कुल सुरु गरेका बालबालिकाको लागि)
शिक्षण र सिकाइमा घरको भाषा प्रयोग गर्ने

घरको भाषा शिक्षाको आधार बनेपछि विद्यार्थीहरू पहिले नयाँ भाषाको सुनाइ-बोलाइ र त्यसपछि पढाइ-लेखाइ सिक्न सुरु गर्छन् । उनीहरूले नयाँ भाषा सिक्ने बित्तिकै पहिलो भाषा प्रयोग गर्न छाड्दैनन् । उनीहरूले प्राथमिक विद्यालयसम्म पढाइमा दुवै भाषा प्रयोग गरिरहन्छन् :

---

[८] यो प्रक्रिया विद्यार्थीले एउटा भाषामा सिकेका धारणा अर्को भाषामा शब्दभण्डारको विकास गर्ने बित्तिकै सजिलै सार्न सक्छन् भन्ने शिक्षाको सिद्धान्तमा आधारित छ । (हेर्नुहोस् : कमिन्स, जे. २०००. *बाइलिङ्गुअल चिल्ड्रेन्स मदर टङ : ह्वाइ इज इट इम्पोर्टेन्ट फर एजुकेसन ?*)

[९] केही अनुसन्धानकर्ताहरूले दोस्रो भाषा सुरुदेखि नै प्राथमिक विद्यालयको अवधिभरि पहिलो भाषासँगै एउटा माध्यम भाषाको रूपमा प्रयोग गर्न सकिन्छ भन्ने पत्ता लगाएका छन् ।

*प्राथमिक विद्यालयमा बालबालिकाले दुई वा दुईभन्दा बढी भाषामा निरन्तर आफ्नो क्षमताको विकास गरेपछि उनीहरूले भाषा राम्ररी बुझ्छन् र यसको प्रभावकारी प्रयोग कसरी गर्ने भनेर जान्दछन् । उनीहरू आफ्ना दुवै भाषामा साक्षर र दुवै भाषामा यथार्थलाई सङ्गठित गर्ने तरिकाको तुलना र विभेद गर्न सक्ने भएपछि उनीहरूमा भाषा प्रक्रियाको राम्रो अभ्यास हुन्छ ।*[10]

यस प्रक्रियाका सबैभन्दा महत्त्वपूर्ण विशेषताहरू यी हुन् :

- विद्यार्थीहरू विद्यालय जान थालेपछि भाषा र संस्कृतिको विकासमा आफूसँगै हुर्केका ज्ञान र अनुभवले पहिले नै जानेका कुराहरूबाट शिक्षा सुरु हुन्छ ।
- नयाँ कामकाजी भाषालाई पढाइमा प्रयोग गर्नुअघि विद्यार्थीहरू क्रमशः यसको प्रयोग गर्न आत्मबल बढाउँछन् र
- शिक्षकले विद्यार्थीको घरको भाषासँगै कामकाजी भाषा प्रयोग गरेर धारणाहरू बुझ्न मदत गर्ने हुनाले विद्यार्थीले प्रत्येक विषयमा तहगत सिकाइ उपलब्धि हासिल गर्छन् ।




© युनेस्को/ए. ढुंङ्गाना

[10] कमिन्स, जे. २०००. *बाइलिङ्गुअल चिल्ड्रेन्स मदर टङ : ह्वाइ इज इट इम्पोर्टेन्ट फर एजुकेसन ?* http://www.iteachilearn.com/cummins/mother.htm (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

## *प्रश्न ३. मातृभाषामा आधारित बहुभाषी शिक्षा र विकासबीच के सम्बन्ध छ ?*

शिक्षा कार्यक्रममा जनसङ्ख्याको कुनै अंशलाई समावेश नगरिएमा त्यस समूहका मानिसहरू स्थानीय तथा राष्ट्रिय विकासमा सक्रिय रूपले सहभागी हुँदैनन् । किनभने त्यस्तो शिक्षाले

> *... तिनलाई (विद्यार्थीहरूलाई) सामुदायिक वा राष्ट्रिय विकासमा सकारात्मक योगदान पुऱ्याउन चाहिने ज्ञान, सीप तथा भावनाले सुसज्जित पार्दैन ।*[११]

विकासमूलक शिक्षाले जुनसुकै भाषिक समूहबाट आउने विद्यार्थीहरूको पूरा सम्भावनाको विकास गर्न सक्नुपर्छ । साथै यसले उनीहरूको आफ्नो र समुदाय तथा राष्ट्रको भलाइमा योगदान पुऱ्याउने कुरा सुनिश्चित गर्न सक्नुपर्छ :

> *राष्ट्रको प्रमुख उद्देश्य यसका सबै सदस्यहरू र ठूला संयन्त्रहरूको विकासमा प्रोत्साहन र सुविधा पुऱ्याउने हुनुपर्छ भनी हामी विश्वास राख्छौं... राष्ट्रिय विकास भनेको सरकारले के गर्छ भन्दा पनि यसले जनताबाट के गराउन सक्छ भन्ने हो ।*[१२]

सबै सांस्कृतिक समूहले आफूबस्ने संसारबाट धेरैभन्दा धेरै सुविधा लिने उपायहरू सिकेका हुन्छन् । सबै भाषामा यसका वक्ताले पुस्तौंदेखि विकास गरेका ज्ञान र बुद्धि व्यक्त गर्न सक्ने क्षमता हुन्छ । विभिन्न संस्कृतिका, विभिन्न भाषा बोल्ने र फरक फरक दृष्टिकोण भएका मानिसहरूले आफ्ना विचार तथा योजनाहरू आपसमा बाँडेर एउटा साझा भविष्यतर्फ अग्रसर भए मात्र सम्पूर्ण राष्ट्रलाई फाइदा हुन्छ । अल्पसङ्ख्यक भाषिक समूहहरूमा बहुभाषी शिक्षा कार्यक्रमको एउटा दीर्घकालीन लक्ष्य ती समूहका सदस्यहरू राष्ट्रको विकासमा सहभागी भएर योगदान दिन ज्ञान, सीप र आत्मविश्वास बढाउने कुरा सुनिश्चित गर्नु हो :

> *सांस्कृतिक विविधता नै हाम्रो सबैभन्दा ठूलो राष्ट्रिय स्रोत हो । विविधता भनेको स्पष्टताका लागि धेरै दृष्टिकोणहरू, समस्या समाधानका बढी उपायहरू, बढी रचनात्मक विचारहरू, परिवर्तन सँग व्यवहार गर्न बढी क्षमता हुनु हो ... जहाँ विविधतालाई मिचिन्छ ... राष्ट्र कमजोर र विभाजित हुन्छ ।*[१३]

सबल बहुभाषी शिक्षा कार्यक्रमहरूमा सरकारी सहयोगले अल्पसङ्ख्यक भाषा तथा तिनका वक्ताहरूलाई महत्त्व दिएको देखाउँछ । बहुभाषी शिक्षा कार्यक्रमले विद्यार्थीको घरको भाषा र कामकाजी भाषाबीच पुलको रूपमा काम गर्छ । यसले उनीहरूलाई आफ्ना भाषिक र सांस्कृतिक विशिष्टता नगुमाई राष्ट्रिय एकता कायम गर्न सहयोग गर्छ । संसारका अनुभवहरूले मानिसका भाषिक तथा सांस्कृतिक सम्पदालाई अस्वीकार गर्नु र दबाउनु नै विभाजन र सङ्घर्षका प्रमुख कारण भएको देखाएका छन् । बहुभाषी शिक्षाले विविधताको सट्टामा होइन विविधतामै एकता कायम गर्न मदत गर्छ ।

---

[११] डिपार्टमेन्ट अफ एजुकेसन. १९९१. *एजुकेसन सेक्टर रिभ्यु.* वाइगानी, पपुवा न्यु गिनी, डिपार्टमेन्ट अफ एजुकेसन । पपुवा न्यु गिनीका ५० लाख मानिसले ८०० वटा भाषा बोल्छन् । सन् १९९३ सम्म अङ्ग्रेजी औपचारिक शिक्षाको माध्यम थियो । अङ्ग्रेजीमा मात्रै शिक्षा दिँदाको नकारात्मक परिणामलाई ध्यानमा राखेर सरकारले सन् १९९५ मा पुरै प्राथमिक शिक्षा प्रणालीलाई परिवर्तन गऱ्यो । सन् २००५ मा पपुवा न्यु गिनीका ४०० भन्दा बढी भाषामा मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम सुरु गऱ्यो ।

[१२] घरगेदाघी, जे. १९८६. *अ प्रोलग टु नेसनल डेभलप्मेन्ट प्लानिङ.* न्यु योर्क, ग्रिनउड प्रेस ।

[१३] डा. जोन वाइको, शिक्षा मन्त्री, पपुवा न्यु गिनी, २००१ ।

## *प्रश्न ४. मातृभाषामा आधारित बहुभाषी शिक्षा र लैङ्गिक समानताबीच के सम्बन्ध छ ?*

सन् १९९३ मा भाषा अनुसन्धान कर्ता कोर्सनले के पत्ता लगाए भने शिक्षामा विभेदपूर्ण भाषा नीति र योजनाले खास गरी तीन समूह सबैभन्दा बढी प्रभावित हुन्छन् – महिला तथा बालिकाहरू, गरिब र औपचारिक प्रणालीमा भाषाको प्रतिनिधित्व नभएका समूह । यी तीनै अवस्था एकैसाथ भोग्नेहरूलाई सबैभन्दा बढी अन्याय हुन्छ । प्रायः बालिका तथा महिलाहरूको दिनचर्या घर र परिवारभित्र सीमित रहन्छ । त्यहाँ स्थानीय भाषा बोलिन्छ । यसैले उनीहरूले बजार र कलकारखानामा काम नगरेसम्म पुरुषहरूको तुलनामा सरकारी भाषासँग खेल्ने मौका कम पाउँछन् भन्ने कुरा अनुसन्धानबाट देखिएको छ । यसले केटाहरूको तुलनामा केटीहरूले विद्यालयको भाषा कम बुझ्ने सम्भावना हुन्छ भन्ने बुझाउँछ । केटीहरूलाई बोल्ने मौका कम दिइने र उनीहरूले केटाहरूको तुलनामा कमै राम्रो गर्छन् भन्ने सोचिने हुनाले यस्तो फरक अझ ओझेलमा पर्दै जान्छ । शिक्षामा लैङ्गिक समानता हासिल गर्नुपर्छ भनेर अन्तरराष्ट्रिय स्तरमा जनचेतना बढिरहेको छ । तैपनि अझै केटाहरूको तुलनामा केटीहरूलाई विद्यालय पठाउन नखोज्ने सम्भावना छँदै छ र अल्पसङ्ख्यक भाषिक समुदायका केटीहरू सधैँ सबैभन्दा बढी पछि परेका छन् ।

बहुभाषी शिक्षाले केटीहरूलाई राम्रो शिक्षाको अझ बढी मौका दिन सक्छ ।

> *धेरैजसो परम्परागत समाजमा केटाहरूले झैँ विद्यालय, ज्यालादारी काम, राष्ट्र भाषातिर सर्ने क्रम आदिबाट अर्को भाषासँग खेल्ने मौका कम पाउने हुनाले आफ्ना छोरा, दाजुभाइ वा लोग्नेहरूका तुलनामा महिला र बालिकाहरूमा एकभाषी हुने प्रवृत्ति बढी छ ।*[१४]

मातृभाषामा आधारित बहुभाषी शिक्षाले अल्पसङ्ख्यक भाषिक समुदायबाट आउने बालिकाहरूलाई विशेष फाइदा पुऱ्याउने देखिन्छ :

- समुदायको भाषा सँगसँगै संस्कृति र मूल्य-मान्यताहरू सिकाउने विद्यालयमा अभिभावकहरू बढी ढुक्क भएर आफ्ना छोरीहरूलाई पढ्न पठाउँछन् । यसको साथै अभिभावकहरूले भर्ना र विद्यालयको व्यवस्थाको बारेमा आफ्नै भाषाबाट जानकारी पाउन सक्छन् । कामकाजी भाषाको साथसाथै उनीहरूको आफ्नै भाषा पनि प्रयोग भइरहे बालिकाहरूलाई विद्यालयमा लामो समयसम्म रहन प्रोत्साहित गर्न पनि सकिएला ।
- बहुभाषी शिक्षा कार्यक्रमले विद्यालयका क्रियाकलापहरूमा समुदायको सहभागिता बढाएर अभिभावक तथा शिक्षकहरूबीचको सञ्चार सम्पर्कलाई प्रोत्साहित गर्छ । यसबाट समुदायका आवश्यकता र मूल्य-मान्यताहरूप्रति विद्यालय उत्तरदायी छ भन्ने कुरा सुनिश्चित हुन्छ ।
- विद्यार्थीकै भाषिक र सांस्कृतिक समूहका शिक्षक भए छात्राहरूमा पुरुष शिक्षकबाट हुने शोषणको सम्भावना कम रहन्छ किनभने उनीहरू सामाजिक मर्यादामा रहन्छन् । अझ विद्यार्थीका

[१४] युनेस्को. २००३. *एजुकेसन इन अ मल्टिलिङ्गुअल वर्ल्ड*. पेरिस, युनेस्को ।

परिवारसँग अन्य व्यावहारिक सम्बन्ध पनि भएका शिक्षकहरू बढी विश्वासिला हुन्छन् र सामाजिक मर्यादाको ख्याल राख्छन् । यसले पुरुष शिक्षकबाट केटीहरूमा हुने लैङ्गिक वा अन्य दुर्व्यवहारको खतरा कम हुन्छ ।

- केटीहरूले आफ्नो घरको भाषामा केटाहरूले जत्तिकै स्वतन्त्र रूपमा कुराकानी गर्न सक्छन् । यसले गर्दा उनीहरूले पनि केटाहरूले जत्तिकै राम्ररी सिक्छन् भन्ने देखाउन सक्छन् । यसबाट शिक्षकले केटीहरूलाई पनि केटाहरूलाई जत्तिकै मौका दिनुपर्छ भन्ने कुरा महसुस गर्छन् ।
- नजिकै शिक्षक तालिम लिएर आफ्नै समुदायमा पढाउन पाउने मौकाले महिलालाई शिक्षक बन्न प्रोत्साहन मिल्छ । ती महिला शिक्षकहरू छात्राहरूका लागि अनुकरणीय व्यक्ति बन्छन् । साथै यसबाट महिलाहरूलाई आयआर्जनको मौका पनि प्राप्त हुन्छ ।[१७]



© नेवा: स्कुल

[१७] बेन्सन, सि. २००५. *मदर टङ-बेस्ड टिचिङ एन्ड एजुकेसन फर गर्ल्स.* ब्याङ्कक, युनेस्को ।

### *प्रश्न ५. बहुभाषी शिक्षा कार्यक्रम लागु गर्न तथा सञ्चालन गर्न खर्चिलो हुन्छ ?*

केही मानिसहरूले मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम लागु गर्न तथा सञ्चालन गर्न धेरै खर्चिलो हुन्छ भन्ने सोचेर यसको विरोध गर्छन् । तर भाषा अर्थतन्त्रको क्षेत्रमा गरिएको अध्ययन र भाषा सम्बन्धी सार्वजनिक नीतिको लागत विश्लेषण गर्दा बहुभाषी शिक्षा कार्यक्रमबाट हुने दीर्घकालीन फाइदाहरूले यसमा सामान्य खर्च मात्र लाग्ने देखिएको छ :

> *एकभाषी शिक्षा प्रणालीबाट बहुभाषी शिक्षा प्रणालीमा जाँदा लाग्ने थप खर्च सोचेभन्दा धेरै कम छ । विभिन्न ठाउँहरूमा गरिएका मूल्याङ्कनबाट ३-४ प्रतिशतको हाराहारीमा मात्र खर्च बढ्ने कुरा देखिएको छ किनभने एकभाषी शिक्षा प्रणाली भए पनि बालबालिकालाई विद्यालय पठाउनै पर्ने हुन्छ । त्यसैले तुलनात्मक रूपमा थोरै मात्र थप खर्च बढाउनुपर्छ ।*[१६]

बहुभाषी शिक्षामा कति खर्च लाग्छ भन्नुभन्दा घरमा कामकाजी भाषा नबोल्ने धेरै विद्यार्थी असफल हुने शिक्षा प्रणाली कति खर्चिलो हुन्छ भनेर सोध्नु ठीक होला ।

खर्च प्रभावकारिताबारे विश्व बैङ्कले गरेका केही अध्ययनहरूले देखाए अनुसार बहुभाषी शिक्षा कार्यक्रमको लागि हुने खर्च र अल्पसङ्ख्यक भाषिक समुदायका विद्यार्थीहरूका लागि उपयुक्त नहुने र असफल शिक्षामा हुने सामाजिक तथा आर्थिक लागतको तुलना गर्दा बहुभाषी शिक्षा बुद्धिमानीपूर्ण दीर्घकालीन लगानी हो भन्ने स्पष्ट हुन्छ । उदाहरणका लागि ग्वाटेमालाको शिक्षा मन्त्रालयको तथ्याङ्कमा आधारित एक अध्ययनबाट द्विभाषी शिक्षा कार्यक्रम र दोस्रो भाषा (स्पेनिस) मा मात्र चल्ने शिक्षा कार्यक्रम अन्तर्गत माया समुदायका विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने र बीचमै विद्यालय छोड्ने दरको तुलना गरेर यी कुराहरू पत्ता लागेका छन् :

> *द्विभाषी शिक्षा प्रणालीतिर जानाले कक्षा दोहोऱ्याउने दरमा कमी आई ठूलो खर्चको बचत हुन्छ । यसबाट सरकारको ५० हजार अमेरिकी डलरभन्दा पनि बढी बचत हुन्छ । यो रकम एक लाख विद्यार्थीलाई एक वर्ष प्राथमिक शिक्षा दिन पुग्ने खर्च बराबर हुन्छ ।*[१७]

ग्वाटेमाला र सेनेगलमा गरिएको एक अध्ययनबाट स्थानीय भाषाहरूमा पाठ्य सामग्री प्रकाशन गर्दा लाग्ने खर्च कक्षा दोहोऱ्याउँदा लाग्ने शैक्षिक बजेटको एक प्रतिशत भन्दा (ग्वाटेमालाको हकमा ०.१३ मात्र) कम हुन्छ र सुरुवातको खर्च दुईदेखि तीन वर्षभित्र उठाउन सकिन्छ भन्ने पत्ता लागेको छ ।[१८]





[१६] ग्रिन, एफ. २००५. इकोनोमिक कन्सिडरेसन्स इन ल्याङ्ग्वेज पोलिसी. रिसेन्तो, टि. (एड्.) २००५. *एन इन्ट्रोडक्सन टु ल्याङ्ग्वेज पोलिसी : थिएरी एन्ड मेथड.* अक्सफोर्ड : बेसिल, ब्लाकवेल ।

[१७] डुचर, एन. २००४. *एक्स्पान्डिङ एजुकेसनल अपर्चुनिटिज इन लिङ्ग्विस्टिकल्ली डाइभर्स कन्ट्रिज.* वासिङ्टन डि. सि., सेन्टर अफ एप्लाइड लिङ्ग्विस्टिक्स ।

[१८] वावदा, ए. वाइ. र पाट्रिनस, एच. ए. १९९८. *कस्ट अफ प्रोड्युसिङ एजुकेसनल म्याटेरिअल्स इन लोकल ल्याङ्ग्वेजेज.* वासिङ्टन डि.सि. : वर्ल्ड बैङ्क ।



© युनेस्को

### *प्रश्न ६. एउटा सबल र दिगो बहुभाषी शिक्षा कार्यक्रमका विशेषता के के हुन् ?*

बहुभाषी शिक्षा कार्यक्रमहरूमा नयाँ सोच र साझेदार व्यक्ति, संस्था तथा निकायहरूबीच समन्वय चाहिन्छ । तलको रेखाचित्रमा सबैभन्दा सबल कार्यक्रमका लागि आवश्यक कुराहरू देखाइएको छ ।[१९]




[१९] मालोन, एस. २००५. *'प्लानिङ कम्युनिटी-बेस्ड एजुकेसन प्रोग्राम्स इन माइनरिटी ल्याङ्ग्वेज कम्युनिटिज. रिसोर्स म्यानुअल फर मदर टङ स्पिकर्स फर माइनरिटी ल्याङ्ग्वेजेज इङ्गेज्ड इन प्लानिङ एन्ड इम्प्लिमेन्टिङ एजुकेसन प्रोग्राम्स इन दियर वन कम्युनिटिज'* मा आधारित ।

मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम लागु गर्दा नीति निर्माताहरूलाई सामान्यतया सामेल गराएको देखिँदैन तर कार्यक्रम दिगो रूपमा सफल हुन उनीहरूको सक्रिय सहयोग चाहिन्छ। उनीहरूले मातृभाषामा आधारित बहुभाषी शिक्षालाई समर्थन गर्ने राजनीतिक वातावरण तयार गरिदिएर महत्त्वपूर्ण योगदान गर्न सक्छन्। अल्पसङ्ख्यक समुदायका भाषा बोल्नेहरू लगायत सबैलाई स्तरीय शिक्षा दिन भाषा तथा शिक्षा नीतिहरू आवश्यक छन् भन्ने विचारको अन्तर्राष्ट्रिय स्तरमा पहिलेभन्दा बढी कदर भएको छ।[१०]

सहयोगी राजनीतिक वातावरण बनाउँदा बहुभाषी शिक्षालाई औपचारिक तथा अनौपचारिक शिक्षा प्रणालीको अङ्ग बनाउने र लागु गर्न तथा सहयोग गर्न स्पष्ट निर्देशन दिने नीतिहरू सबैभन्दा राम्रा हुन्छन्। महत्त्वपूर्ण नीतिगत निर्णयमा यी कुराहरू समावेश हुन्छन् :

- कार्यक्रममा प्राथमिक विद्यालयका (माध्यमिक विद्यालयका समेत भए अझ राम्रो) कुन कक्षाहरू समावेश गर्ने हो उल्लेख गर्ने।
- उपयुक्त सरकारी निकायको मातहतमा कार्यक्रम लागु गर्ने तथा समन्वय गर्ने निकाय बनाएर कार्यक्रमलाई संस्थागत गर्ने।
- बहुभाषी शिक्षा कार्यक्रमका लागि छुट्टै स्थायी स्रोतको व्यवस्था गर्ने।

नीति निर्माताहरूले मातृभाषामा आधारित बहुभाषी शिक्षालाई सफल बनाउन सरकार, गैरसरकारी संस्था, विश्वविद्यालय आदि सहयोगी निकायहरूबीच सहकार्यको वातावरण तयार पारेर स्थानीय समुदायसँग मिलेर कार्यक्रम बनाउन र यसलाई दिगो राख्न सहयोग गर्छन्। उनीहरूले बहुभाषी शिक्षा कार्यक्रमको राष्ट्रिय, क्षेत्रीय तथा समुदाय तहमा योजना बनाउन, लागु गर्न र त्यसलाई दिगो बनाउन चाहिने कोषको व्यवस्था गर्न मदत गर्छन्।

[१०] अलिदोउ, एच., बोली ए., ब्रोक-उत्ने, बि., डिआलो, वाइ. एस., हेफ, के. र वोल्फ, एच. इ. २००६. *अप्टिमाइजिङ लर्निङ एन्ड एजुकेसन इन अफ्रिका : द ल्याङ्ग्वेज फ्याक्टर. अ स्टक-टेकिङ रिसर्च अन मदर टङ एन्ड बाइलिङ्गुअल एजुकेसन इन सब-साहारन अफ्रिका.* पेरिस, एसोसिएसन फर द डेभलप्मेन्ट अफ एजुकेसन इन अफ्रिका (एडिइए)।

## *प्रश्न ७. मातृभाषामा आधारित सबल बहुभाषी शिक्षा कार्यक्रमहरू सुरु गर्न र तिनलाई दिगो बनाउन सकिन्छ ?*

युनेस्को, युनिसेफ र अन्य बहुपक्षीय तथा द्विपक्षीय निकायहरूको प्रोत्साहन तथा सहयोगबाट विश्वभरि नै मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रमहरू सुरु गरिएको छ र गरिँदै छ। एसिया र प्रशान्त क्षेत्रमा पपुवा न्यु गिनी, चीन, थाइल्यान्ड, कम्बोडिया, बङ्लादेश, भारत, सोलोमन द्वीप लगायत अन्य थुप्रै ठाउँहरूमा यस्ता कार्यक्रम लागु गरिएको वा योजना बनाइसकिएको छ। यसले यस्ता कार्यक्रमको आवश्यकता बुझेका तर अझ पनि "सबैका लागि शिक्षा" कार्यक्रम सबैका लागि हो भन्ने सुनिश्चित गर्नेतिर नलागेकाहरूलाई बाटो देखाउने आशा राखिएको छ।



© युनेस्को

## भाषा र शिक्षामा युनेस्कोका सिद्धान्तहरू[११]

**सिद्धान्त १ :**

युनेस्कोले मातृभाषामा पढाइलाई विद्यार्थी तथा शिक्षकको ज्ञान र अनुभवमा आधारित रहेर शैक्षिक गुणस्तर बढाउने माध्यमको रूपमा समर्थन गर्छ ।

१) शिक्षाको सुरु तथा साक्षरताका लागि मातृभाषामा पढाइ नभई हुँदैन र यसलाई सकेसम्म पछिल्लो चरणसम्म बढाउनुपर्छ ।

२) किशोरकिशोरी तथा प्रौढहरू साथै विद्यालयका बालबालिकाको लागि पुग्ने जति पाठ्य सामग्रीहरू भए मात्र साक्षरता कायम राख्न सकिन्छ ।

३) सबै शिक्षा योजनाले सबै अवस्थामा प्रारम्भिक तथा अतिरिक्त तालिमको व्यवस्था गर्नुपर्छ । यसले सम्बन्धित देशका मानिसहरूको जीवनशैलीसँग परिचित र त्यहाँको मातृभाषामा पढाउन सक्ने सक्षम र योग्य शिक्षकहरूको पर्याप्त व्यवस्था गर्नुपर्छ ।

**सिद्धान्त २ :**



युनेस्कोले सबै तहमा द्विभाषी अथवा बहुभाषी शिक्षालाई सामाजिक तथा लैङ्गिक समानता बढाउने माध्यम र भाषिक विविधता रहेका समाजको प्रमुख तत्त्वको रूपमा समर्थन गर्छ ।

१) सुरुमा मातृभाषामा र त्यसपछि (मातृभाषा कामकाजी भाषा वा राष्ट्र भाषाभन्दा फरक भएमा) कामकाजी (वा राष्ट्र) भाषाका साथसाथै एक वा एकभन्दा बढी विदेशी भाषाहरूमा सञ्चार, अभिव्यक्ति र सुनाइ तथा कुराकानी गर्ने क्षमतालाई प्रोत्साहित गर्नुपर्छ ।

२) विद्युतीय रूपमा निःशुल्क पाइने सामग्रीको विकास भाषा शिक्षामा सहज बनाउन र यस क्षेत्रमा मानव पुँजी दक्षता बढाउन कम्प्युटर सञ्जाल (cyberspace) मा भाषा शिक्षण (र विकासशील मुलुकहरूलाई अन्तरराष्ट्रिय समर्थन र सहयोग सबल बनाउने र विस्तार गर्ने) लाई प्रोत्साहन दिने ढाँचाको सबल राष्ट्रिय नीति निर्माणमा जोड दिइनुपर्छ ।

**सिद्धान्त ३ :**

युनेस्कोले विभिन्न जनसमूहबीच समझदारी बढाउन र आपसमा मौलिक अधिकारको सम्मान सुनिश्चित गर्न अन्तर-सांस्कृतिक शिक्षामा आवश्यक तत्त्वको रूपमा भाषालाई समर्थन गर्छ ।

१) शिक्षाका सबै तहबाट लिङ्ग, जाति, भाषा, धर्म, मूल थलो, उमेर र अन्य कुनै आधारमा गरिने भेदभाव हटाउने तरिकाहरू अपनाइनुपर्छ ।

---

[११] युनेस्को. २००३. *एजुकेसन इन अ मल्टिलिङ्गुअल वर्ल्ड.* पेरिस, युनेस्को ।

२) अल्पसङ्ख्यक मानिसहरूका साथसाथै जनजातिहरूको शैक्षिक अधिकारको पूर्ण सम्मान यसरी गर्न सकिन्छ :

- मातृभाषामा पढ्न पाउने अधिकार लागु गर्न र सञ्चार तथा ज्ञानको हस्तान्तरण गर्न सांस्कृतिक रूपमा सुहाउँदा शिक्षण विधिको प्रयोग गरेर ।
- मातृभाषाको र मातृभाषाबाट मात्र शिक्षण नगराई राष्ट्र भाषा वा कामकाजी भाषा पनि शिक्षण गराउने ... यसले गर्दा अल्पसङ्ख्यक तथा जनजातिहरूलाई ठूलो समुदायमा सहभागी हुने र योगदान दिने मौका उपलब्ध गराएर ।

३) शिक्षाले सांस्कृतिक (र भाषिक) विविधताको सकारात्मक मूल्यको बारेमा जनचेतना बढाएर । यसका लागि :

- पाठ्यक्रममा अल्पसङ्ख्यक (तथा जनजाति) को वास्तविक तथा सकारात्मक इतिहास, संस्कृति, भाषा र पहिचानलाई प्रोत्साहित गरिनु पर्छ ।
- अन्य संस्कृतिहरूलाई गहिरोसित बुझ्न भाषा सिकाउँदा र सिक्दा यसका सांस्कृतिक तत्त्वहरूमा जोड दिइनुपर्छ । भाषा एउटा साधारण भाषिक अभ्यास मात्र हुनु हुँदैन, यसबाट त अन्य जीवनशैली, अन्य साहित्य तथा अन्य रीतिरिवाज हेर्न पाउने मौका उपलब्ध गराइनु पर्छ ।

## सन्दर्भ सूची


अलिदोउ, एच., बोली ए., ब्रोक-उत्ने, बि., डिआलो, वाइ. एस., हेफ, के. र वोल्फ, एच. इ. २००६. *अप्टिमाइजिङ लर्निङ एन्ड एजुकेसन इन अफ्रिका : द ल्याङ्ग्वेज फ्याक्टर. अ स्टक-टेकिङ रिसर्च अन मदर टङ एन्ड बाइलिङ्गुअल एजुकेसन इन सब-साहारन अफ्रिका.* पेरिस, एसोसिएसन फर द डेभलप्मेन्ट अफ एजुकेसन इन अफ्रिका (एडिइए). www.adeanet.org/biennial-2006/doc/document/B3_1_MTBLE_en.pdf (नोभेम्बर १७ २००६ मा प्राप्त) ।

अवस्थी, लवदेव २००४ एक्स्प्लोरिङ मोनोलिङ्गुअल स्कुल प्राक्टिसेज इन मल्टिलिङ्गुअल नेपाल. पिएच्डी शोधग्रन्थ, कोपेनहेगेन : डेनिस युनिभर्सिटी अफ एजुकेसन ।

कमिन्स, जे. २०००. *बाइलिङ्गुअल चिल्ड्रेन्स मदर टङ : ह्वाइ इज इट इम्पोर्टेन्ट फर एजुकेसन ?* http://www.iteachilearn.com/cummins/mother.htm (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

काफ्ले, वासुदेव, तिवारी, अरुण कुमार, पौडेल गणेश प्रसाद र पन्त हरिराम २०६३. *समाहित शिक्षा र बालमैत्री विद्यालय : विद्यालय सहयोगी सामग्री,* भक्तपुर नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग समाहित शिक्षा शाखा ।

ग्रिन, एफ. २००५. इकोनोमिक कन्सिडरेसन्स इन ल्याङ्ग्वेज पोलिसी. रिसेन्तो, टि. (एड्.) २००५. *एन इन्ट्रोडक्सन टु ल्याङ्ग्वेज पोलिसी : थिएरी एन्ड मेथड.* अक्सफोर्ड, बेसिल, ब्लाकवेल ।

घरगेदाघी, जे. १९८६. *अ प्रोलग टु नेसनल डेभलप्मेन्ट प्लानिङ.* न्यु योर्क, ग्रिनउड प्रेस ।

झिङ्ग्रान, डि. २००५. *ल्याङ्ग्वेज डिसएड्भान्टेज. द लर्निङ च्यालेन्ज इन प्राइमरी एजुकेसन.* न्यु दिल्ली : ए. पि. एच. पब्लिसिङ ।

डिपार्टमेन्ट अफ एजुकेसन. १९९१. *एजुकेसन सेक्टर रिभ्यु.* वाइगानी, पपुवा न्यु गिनी, डिपार्टमेन्ट अफ एजुकेसन ।

डुचर, एन. २००४. *एक्स्पान्डिङ एजुकेसनल अपर्चुनिटिज इन लिङ्ग्विस्टिकल्ली डाइभर्स कन्ट्रिज.* वासिङ्टन डि. सि., सेन्टर अफ एप्लाइड लिङ्ग्विस्टिक्स. http://www.cal.org/resources/pubs/fordreport_040501.pdf (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

डेल्पिट, एल. डि. र केमेलफिल्ड, जि. १९८५. *एन इभ्यालुएसन अफ द भिलेस तोक प्लेस स्कुल स्किम इन द नर्थ सोलोमन्स प्रोभिन्स. इआरयु रिपोर्ट नं. ५१.* वाइगानी, पपुआ न्यु गिनी, युनिभर्सिटी अफ पपुआ न्यु गिनी ।

थोमस, एस. १९९५. *अ सर्भे अफ भर्नाकुलर एजुकेसन प्रोग्रामिङ एट द प्रोभिन्सियल लेबल विदिन पपुवा न्यु गिनी.* उकारुम्पा, पपुवा न्यु गिनी, एसआइएल इन्टरनेसनल ।

बेन्सन, सि. २००५. *मदर टङ-बेस्ड टिचिङ एन्ड एजुकेसन फर गर्ल्स.* ब्याङ्कक, युनेस्को । http://unesdoc.unesco.org/images /0014/001420/142079e.pdf (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

मालोन, एस. २००५. *प्लानिङ कम्युनिटी-बेस्ड एजुकेसन प्रोग्राम्स इन माइनरिटी ल्याङ्ग्वेज कम्युनिटिज. रिसोर्स म्यानुअल फर मदर टङ स्पिकर्स फर माइनरिटी ल्याङ्ग्वेजेज इङ्गेज्ड इन प्लानिङ एन्ड इम्प्लिमेन्टिङ एजुकेसन प्रोग्राम्स इन दियर वन कम्युनिटिज ।*

युनेस्को. २०००. *द इफए २००० एसेसमेन्ट : पपुवा न्यु गिनी कन्ट्री रिपोर्ट.* http://www2.unesco.org/wef/countryreports/papua_new_guinea/contents.html ( १७ नोभेम्बर २००६ मा प्राप्त) ।

युनेस्को. २००३. *एजुकेसन इन अ मल्टिलिङ्गुअल वर्ल्ड.* पेरिस, युनेस्को. http://unesdoc.unesco.org/images/0012/001297/129728e.pdf (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

वाइको, जे. १९९७. द भ्यालु अफ ट्रेडिसनल नलेज इन द ट्वेन्टी फर्स्ट सेन्चुरी. वाइगानी सेमिनार. वाइगानी, पपुवा न्यु गिनी, युनिभर्सिटी अफ पपुवा न्यु गिनी, http://pngbuai.com/600technology/information/waigani/w97-keynote.html (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

वाटर्स, जि., डनडर्प, ए., स्टिलिङ्स, आइ., वेमिन, जे., केरुवा, आर., स्टेफानिव, आर. र वावदा, ए. वाइ. र पाट्रिनस, एच. ए. १९९८. *कस्ट अफ प्रोड्युसिङ एजुकेसनल म्याटेरिअल्स इन लोकल ल्याङ्ग्वेजेज.* वासिङ्टन डि.सि. : वर्ल्ड बैङ्क ।

सेफर, एस. २००३ (७-९ नोभेम्बर). ल्याङ्ग्वेज डेभलप्मेन्ट एन्ड ल्याङ्ग्वेज रिभाइटलाइजेसन : एन एजुकेसनल इम्पेरेटिभ इन एसिया. इन्टरनेसनल कन्फरेन्स अन ल्याङ्ग्वेज डेभलप्मेन्ट, ल्याङ्ग्वेज रिभाइटलाइजेसन एन्ड मल्टिलिङ्गुअल एजुकेसन. ब्याङ्कक, थाइल्यान्ड. http://www.sil.org/asia/idc/plenary_papers/Sheldon_shaeffer.pdf (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

## पारिभाषिक शब्दावली – भाषा

**अल्पसङ्ख्यक भाषा** अल्पसङ्ख्यक सामाजिक समूह वा जातिले बोल्ने भाषा

- *कहिलेकहीँ सङ्ख्यात्मक रूपले ठूलो समूहले बोल्ने तर मुख्य भाषाको रूपमा नरहेको भाषा पनि बुझिन्छ ।*

**कामकाजी भाषा** सरकारी कार्यालय, विद्यालय लगायत अन्य संस्थाहरूमा दैनिक कामकाजको लागि प्रयोग गरिने भाषा

*उदाहरण :* भारतमा अङ्ग्रेजी र हिन्दीलाई देशको कामकाजी भाषा तोकिएको छ र राज्यहरूमा आ-आफ्नै राज्य भाषाहरू प्रचलनमा छन् । नेपालमा नेपालीलाई सरकारी कामकाजको भाषा तोकिएको छ र सार्वजनिक विद्यालयहरूमा पनि कामकाजको भाषा नेपाली रहेको छ तर अधिकांश निजी विद्यालयहरूमा भने कामकाजी भाषा अङ्ग्रेजी रहेको छ ।

**घरको भाषा** घरमा बोलिने भाषा (**पहिलो भाषा**, **मातृभाषा** पनि हेर्नुहोस्)

- *कसैकसैको एकभन्दा बढी घरको भाषा हुन सक्छ ।*



**दोस्रो भाषा** पहिलो वा घरको भाषाबाहेकको भाषा, व्यापक सञ्चार सम्पर्कको भाषा वा विदेशी भाषा

- *सामान्यतया घर बाहिर ठूलो समुदायमा प्रयोग गरिने भाषा बुझिन्छ, द्विभाषी शिक्षामा पहिलो भाषापछि सिकाइने दोस्रो भाषा (कामकाजी वा विदेशी) बुझिन्छ ।*
- *अल्पसङ्ख्यक भाषिक समुदायको लागि दोस्रो भाषा सामान्यतया कामकाजी वा राष्ट्र भाषा हुन्छ ।*

**पहिलो भाषा** वक्ताले सुरुमा बोल्न सिकेको भाषा, मौलिक भाषा (**मातृभाषा**, **घरको भाषा**, **स्थानीय भाषा** पनि हेर्नुहोस्)

- *वक्ताले जन्मेदेखि सिकेको एक वा एकभन्दा बढी भाषालाई बुझाउँछ*

**मातृभाषा** पहिलो भाषा, मौलिक भाषा (**घरको भाषा**, **स्थानीय भाषा**, **पैतृक भाषा** पनि हेर्नुहोस्)

- *व्यक्तिले १) पहिले सिकेको, २) आफूले वा अरूले मातृभाषी वक्ताको रूपमा चिनाउने, ३) सबैभन्दा बढी जानेको, वा ४) सबैभन्दा बढी प्रयोग गर्ने भाषा*

**माध्यम भाषा** विद्यालयमा लेखाइपढाइको माध्यमको रूपमा प्रयोग हुने भाषा

**मुख्य भाषा** मुख्य सामाजिक समूहले बोल्ने अथवा देशको प्रमुख भाषाको रूपमा रहेको भाषा

- *देशको धेरै जनसङ्ख्याले बोल्ने नभए तापनि राष्ट्र भाषा वा कामकाजी भाषाको हैसियत भएको हुन सक्ने*

| | |
|---|---|
| **राष्ट्र भाषा** | देशभित्र व्यापक रूपमा बोलिने भाषा, राष्ट्रले महत्त्वपूर्ण भनेर किटान गरेको भाषा, कहिलेकहीँ कामकाजी भाषा पनि । <br> *उदाहरण :* भारतमा दुई वटा कामकाजी भाषा र बाइस वटा अनुसूचित भाषा तोकिएको छ र राज्यहरूमा आ-आफ्नै राज्य भाषाहरू प्रचलनमा छन् । |
| **विदेशी भाषा** | वक्ताको वरिपरिको समुदायमा नबोलिने भाषा |
| **स्थानीय भाषा** | आफ्नो समुदायमा बोलिने भाषा <br> - *पूर्ण रूपले लेखन पद्धतिको विकास नभएको भाषा पनि हुन सक्छ ।* |

## पारिभाषिक शब्दावली – सामान्य

**गैरसरकारी संस्था** — सामुदायिक विकासको लागि काम गर्ने तर राष्ट्रिय सरकारको अङ्गको रूपमा नरहेको निकाय

**द्विभाषी** — *व्यक्ति :* दुईवटा भाषा बोल्न र बुझ्न (कहिलेकहीँ लेख्न र पढ्न पनि) सक्ने

*सामाजिक :* समाजमा कम्तीमा दुई भाषा समुदाय रहेको

**द्विभाषी शिक्षा** — साक्षरता एवं औपचारिक पढाइमा दुई वटा भाषाको प्रयोग

- *व्यवहारमा साक्षरता र सिकाइ व्यक्तिको पहिलो भाषाबाट सुरु गरिन्छ र दोस्रो भाषाको प्रयोग बिस्तारै बढाउँदै लगिन्छ ।*

**निरक्षर** — आफूले बुझ्ने भाषामा लेखपढ गर्न अहिलेसम्म कुनै अवसर नपाएका व्यक्ति

**परिचालन** — कुनै कार्यक्रमको योजना गर्न तथा लागु गर्न समुदाय र यसका सहयोगीहरूलाई सङ्गठित गर्ने काम



**पाठ्यक्रम** — शैक्षिक कार्यक्रमको लागि शिक्षण योजना, पाठ्यवस्तु तथा सहयोगी सामग्रीहरू

**बहुभाषी** — *व्यक्ति :* दुईभन्दा बढी भाषा बोल्ने र बुझ्ने (लेखपढ पनि गर्न सक्ने)

*सामाजिक :* समाजमा दुईभन्दा बढी भाषिक समुदाय रहेको

**बहुभाषी शिक्षा** — साक्षरता तथा शिक्षणको लागि दुईभन्दा बढी भाषाको प्रयोग

- *पहिलो भाषाको विकास सुरु गरेर क्रमशः अन्य भाषाहरू थप्दै लैजाने बहुभाषी शिक्षा प्रभावकारी हुन्छ*

**भाषाको विकास** — *शिक्षामा :* कसैलाई कुनै भाषा राम्रोसँग बोल्न, पढ्न र लेख्न सिकाउने काम

*अल्पसङ्ख्यक भाषिक समुदायमा :* शब्द भण्डार बढाएर, लेखनमा सहमति गरेर तथा किताब र अन्य शिक्षण सामग्रीहरूको निर्माण गरेर कुनै भाषाको कथ्य तथा लेख्य प्रयोगको विकास गर्ने काम

**भाषिक अल्पसङ्ख्यक** — जनसङ्ख्या कम भएर वा आर्थिक तथा राजनीतिक कारणले समाजमा कमजोर रूपमा रहेका एउटै भाषा प्रयोग गर्ने मानिसहरूको समूह

**मातृभाषामा आधारित बहुभाषी शिक्षा** — पहिलो भाषाको माध्यमबाट लेखाइ, पढाइ र सिकाइ प्रक्रिया सुरु गरेर दोस्रो

भाषा सिकाउँदै लैजाने विद्यालय शिक्षाको प्रणाली (**बहुभाषी शिक्षा** पनि हेर्नुहोस्)

**मुख्य समूह** — जनसङ्ख्या धेरै भएर तथा आर्थिक वा राजनीतिक कारणले देशमा शक्तिमा रहेको सामाजिक समूह

**मूल धार** — मुख्य समूहको भाषा तथा संस्कृति

- *कहिलेकहीँ मुख्य समूहका सदस्यहरूको लागि मात्र स्थापना गरिएको र भाषिक अल्पसङ्ख्यकको आवश्यकता पूरा नगर्ने विद्यालय पनि बुझिन्छ ।*

**लेखन पद्धति** — लिपि, हिज्जे नियम र विराम चिह्नहरू रहेको लेखनको मानक प्रणाली

**लैङ्गिक समानता** — महिला तथा पुरुष, बालक तथा बालिका सबैलाई मानव अधिकारको पूरा अनुभव गर्न, आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक विकासमा योगदान गर्न, र त्यसबाट लाभ हासिल गर्न समान परिस्थिति उपलब्ध हुने अवस्था

**साक्षरता** — जीवनमा आवश्यक व्यवहार गर्न पढ्न, लेख्न, हिसाब गर्न र अन्य भाषिक क्रियाकलाप राम्रोसँग गर्न सक्ने क्षमता

**साझेदार** — नयाँ कार्यक्रम लागु गर्न समुदायसँग मिलेर काम गर्ने व्यक्ति, संस्था वा निकाय

**सिकाइ उपलब्धि** — विद्यालयमा पढाइ हुने विषयवस्तु तथा भाषाको ज्ञान, सीप र दक्षता

बहुभाषी शिक्षा विस्तारको लागि

सहयोग सामग्री :

*विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण*

# एसिया तथा प्रशान्त क्षेत्रको शिक्षा नीति तथा व्यवहारमा भाषा



# एसिया तथा प्रशान्त क्षेत्रको शिक्षा नीति तथा व्यवहारमा भाषा

## १. नेपालको शिक्षा नीति र व्यवहारमा भाषा

नेपाल भाषिक विविधता भएको देश हो। नेपालमा कति भाषा बोलिन्छन् भन्नेबारे विभिन्न समयमा फरक फरक तथ्यहरू देखिएका छन्। नेपालको जनगणना २०५८ अनुसार नेपालमा १०० भन्दा बढी जातजाति बस्छन् र तिनले ९२ भन्दा बढी भाषा बोल्छन् (थप जानकारीको लागि परिशिष्ट १ हेर्नुहोस्)। एथ्नोलग (२००५) मा भने नेपालमा बोलिने १२६ वटा भाषाको सूची दिइएको छ। नेपालका भाषाहरू चार भाषा परिवारका छन्। ती भारोपेली, चीन-तिब्बती, द्रबिड र आग्नेली हुन्। यी भाषाहरूमध्ये धेरै अझै पनि कथ्य परम्परामा सीमित छन्।

नेपालमा मातृभाषाको रूपमा बोलिने भाषाहरू दोस्रो भाषाको रूपमा पनि बोलिन्छन्। तीमध्ये नेपालको जनगणना २०५८ ले नेपालमा दोस्रो भाषाका रूपमा बोलिने १२ वटा भाषाहरूको तथ्याङ्क उपलब्ध गराएको छ। ती भाषाहरू नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, नेवार, मगर, अवधी, बान्तवा, गुरुङ, लिम्बू र बज्जिका हुन्। दोस्रो भाषाका रूपमा नेपाली बोल्ने धेरै व्यक्तिहरू भोटबर्मेली मातृभाषीहरू छन्। यो परिवारका भाषा मातृभाषा हुने धेरैका लागि नेपाली सम्पर्क भाषा हो। दोस्रो भाषाका रूपमा हिन्दीको प्रयोग नेपालको तराईमा मुख्य रूपमा हुन्छ।[1]

समाजमा एकभन्दा बढी भाषा बोलिने अवस्थामा सामान्यतया ती फरक फरक भाषा बोल्नेहरूको बीचमा सञ्चार सम्पर्क सजिलोसँग हुँदैन तर नेपालको स्थिति यसभन्दा फरक देखिन्छ। यस सम्बन्धमा सामान्य रूपमा दुई खालका प्रवृत्ति देखिन्छन् :

१. तराई क्षेत्रमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बोलिने भाषाहरू (राजवंशी, मैथिली, भोजपुरी, अवधी, आदि) को सीमा स्पष्टसँग छुट्टिँदैन वा कुन ठाउँमा एउटा भाषा सकिन्छ र अर्को भाषा सुरु हुन्छ छुट्ट्याउन गाह्रो हुन्छ। यसैले तराई क्षेत्रका नजिक रहेका बासिन्दा एकअर्काको बोली सजिलैसँग बुझ्छन्। छोटो दुरीमा यस्तो भए पनि दुरी जतिजति बढ्दै जान्छ उतिउति बोली बुझ्न कठिन हुँदै जान्छ। फलस्वरूप दुई भाषाका अन्तिम छेउतिरका बासिन्दाहरू एकअर्काको बोली बुझ्दैनन्। यस्तो स्थितिमा तराईमा खास गरेर शिक्षित वर्गले हिन्दीलाई सम्पर्क भाषा बनाएको देखिन्छ।

[1] यादव, योगेन्द्रप्रसाद २००३. ल्याङ्ग्वेज. *पपुलेसन मोनोग्राफ अफ नेपाल*, भोलुम १. काठमाडौँ : सेन्ट्रल ब्युरो अफ स्टाटिस्टिक्स।

मेचीदेखि महाकालीसम्मको तराई भेग र भित्री मधेसमा बोलिने थारू भाषाको सम्बन्धमा पनि यस्तै स्थिति पाइन्छ ।

हिमाली र पहाडी क्षेत्रमा बोलिने नेपालीका विभिन्न भाषिकाहरूको बीचमा पनि तराईमा बोलिने विभिन्न भाषाबीचको जस्तै सम्बन्ध पाइन्छ ।

२. मुख्य रूपमा हिमाली र पहाडी क्षेत्रमा बोलिने बढी भिन्नता भएका भोट-बर्मेली भाषाका वक्ताहरू एकअर्काको भाषा बुझ्दैनन् । यस्तो स्थितिमा यी भाषाका वक्ताले सामान्यतया सम्पर्क भाषाको रूपमा नेपाली प्रयोग गरेको देखिन्छ ।

यसका साथै नेपालीबाहेक अरू मातृभाषा हुनेहरू शिक्षा, प्रशासन आदि कामको लागि पनि नेपालीलाई दोस्रो भाषाको रूपमा प्रयोग गर्छन् । यसले गर्दा बहुभाषिकता नेपालको धेरैजसो भागमा दैनिक जीवन चलाउन नभई नहुने कुरा भएको छ ।

नेपालको बहुभाषिक स्थितिले भाषाहरूमा विभिन्न किसिमको प्रभाव पारेको छ । तीमध्ये दुई मुख्य अवस्था यस्ता छन् :

१. धेरै भाषाहरूमा एक भाषाका विशेषता अर्को भाषामा सर्ने स्थिति पाइन्छ । यसले गर्दा विभिन्न भाषासँगको सम्पर्कको कारणले एउटै भाषामा पनि भिन्नता देखिन्छ । मनाङको गुरुङ भाषा (मनाङ्बा) कास्की र लमजुङको भन्दा फरक हुनु र तराईमा बोलिने नेपाली र पहाडी क्षेत्रमा बोलिने नेपालीबीच शब्दभण्डार र संरचनामा फरक देखिनु यसका उदाहरण हुन् ।
२. केही जातजातिले आफ्नो मातृभाषा बिस्तारै छाडेर अर्को भाषालाई मातृभाषा बनाएका छन् । खास गरेर नेपाली भाषाभाषीहरू धेरै भएका पहाडी क्षेत्रमा बसेका वा ती ठाउँमा बसाइँ सरेका अल्पसङ्ख्यक भाषाका वक्ताहरूले नेपालीलाई मातृभाषा बनाएका छन् । यसो गर्दा भाषा लोप हुने स्थिति आउँछ ।[१]

नेपालका धेरै अल्पसङ्ख्यक भाषाहरू लोप हुने अवस्थामा छन् । यसका कारण वक्ताको सङ्ख्या कम हुनु, नयाँ पुस्तामा भाषा हस्तान्तरण नहुनु, बसाइँसराइ, लेख्य परम्परा नहुनु, र शिक्षा, सरकारी कामकाज र सञ्चारका माध्यममा ती भाषाको प्रयोग नहुनु हुन् । यस्तो अवस्थामा भाषिक समुदाय, भाषाविद्, सरकार तथा गैरसरकारी संस्थाहरू मिलेर लोपोन्मुख भाषाहरूको अभिलेखीकरण गर्न, संरक्षण गर्न र तिनलाई पुनर्जीवित गर्न सुरु गर्नु महत्त्वपूर्ण हुन्छ । यसपछि मात्र शिक्षा र दैनिक जीवनमा प्रयोग गरेर ती भाषालाई पछिको पुस्ताको लागि जोगाउन सकिन्छ ।

नेपालमा २०४६ साल अघिसम्म एक भाषा नीति अवलम्बन गरिएको थियो । २०४६ सालमा प्रजातन्त्रको पुनर्बहालीसँगै नेपाली बाहेकका मातृभाषी वक्ताहरूमा भाषा र संस्कृति आफ्नो चिनारी हो भन्ने चेतना बढ्यो । यसपछि नेपाल अधिराज्यको संविधान २०४७ बनाइयो । यसले अरू भाषालाई पनि मान्यता दियो र भाषाको बारेमा निम्न अनुसार व्यवस्था गर्‍यो :

[१] *राष्ट्रिय भाषानीति सुझाउ आयोगको प्रतिवेदन २०५०.* काठमाडौं : राष्ट्रिय भाषा नीति सुझाउ आयोग, प्रज्ञा भवन कमलादी ।

१. देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हुने छ र यो सरकारी कामकाजको भाषा हुने छ (भाग १, धारा ६.१)।

२. नेपालभित्र मातृभाषाको रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन् (भाग १, धारा ६.२)।

यसै संविधानले प्राथमिक तहको शिक्षामा मातृभाषा प्रयोग गर्ने व्यवस्था गऱ्यो (भाग १, धारा १८.२)। संविधानले सबै नेपाली नागरिकको आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण गर्ने मौलिक हक सुनिश्चित गऱ्यो (भाग १, धारा २६.२)।

यस संविधानको सबैभन्दा ठूलो कमजोरी यी व्यवस्थालाई लागु गर्न स्पष्ट नीति र योजना नहुनु हो। संविधानका यी व्यवस्थाहरूलाई ध्यानमा राखेर २०५० सालमा सरकारले राष्ट्रिय भाषा नीति सुझाउ आयोग गठन गऱ्यो। यस आयोगका दुई मुख्य उद्देश्य थिए – पहिलो राष्ट्रिय भाषाहरूको प्रवर्द्धन गर्ने र दोस्रो स्थानीय प्रशासन, प्राथमिक शिक्षा र सञ्चार माध्यममा तिनलाई प्रयोग गर्ने। यसपछि प्राथमिक शिक्षा र सञ्चारमा अल्पसङ्ख्यक भाषाहरूको प्रयोगमा केही काम पनि भए। पाठ्यक्रम विकास केन्द्रले १४ वटा राष्ट्रिय भाषालाई विषयको रूपमा पढाउन पाठ्य पुस्तक बनायो। यी भाषाहरूलाई विद्यालयमा लैजान सुरुसुरुमा भएको यस्तो काम स्वागतयोग्य छ।

नेपाल सरकारले जोम्तिन कन्भेन्सन र डकार फोरम जस्ता विभिन्न अन्तरराष्ट्रिय सभा-सम्मेलनहरूमा भाग लिएर आदिवासी तथा अल्पसङ्ख्यक लगायत सबै बालबालिकालाई स्तरीय प्राथमिक शिक्षाको अवसर दिने प्रतिबद्धता जनाएको छ। यसै सन्दर्भमा 'सबैका लागि शिक्षा' का छ वटा सार्वभौम उद्देश्यहरूबाहेक नेपालको लागि एउटा लक्ष्य थपिएको छ – आदिवासी र भाषिक अल्पसङ्ख्यकहरूको मातृभाषाको माध्यमबाट आधारभूत र प्राथमिक शिक्षा पाउने हक सुनिश्चित गर्ने।

सबैका लागि शिक्षाका छ वटा सार्वजनिक उद्देश्यहरू निम्न अनुसार छन्[३] :

१. बाल विकास कार्यक्रमको विस्तार तथा सुधार

२. सबै बालबालिकाहरूका लागि प्राथमिक शिक्षामा पहुँचको सुनिश्चितता

३. पिछडिएका जनजाति तथा अल्पसङ्ख्यक भाषिक समुदायका बालबालिका लगायत सबै बालबालिकाको सिकाइ आवश्यकता पूर्ति गर्ने

४. प्रौढ निरक्षरता दरमा कमी ल्याउने

५. लैङ्गिक तथा सामाजिक भेदभाव हटाउने

६. गुणस्तरीय शिक्षाका सबै पक्षमा सुधार ल्याउने

सबैका लागि शिक्षा/नेपाल (२००४-९) का लक्ष्य प्राप्त गर्न सङ्क्रमणीय बहुभाषी शिक्षा नीति लिइएको छ। यस अनुसार बालबालिकाले आफ्नो मातृभाषामा आधारभूत शैक्षिक सीप हासिल गर्न सक्छन् र बिस्तारै सम्पर्क भाषा वा कामकाजी भाषा प्रयोग गर्न सक्छन्। यसले गर्दा उनीहरू कामकाजी भाषामा

[३] *सबैका लागि शिक्षा २००४ -२००९ मुख्य दस्तावेज* २००३. काठमाडौं : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पृ. १-२।

पनि आफ्नोपन अनुभव गर्न सक्छन् । त्यसपछि ठूलो क्षेत्रमा सञ्चार गर्न र विज्ञान तथा प्रविधिमा पहुँच बनाउन विदेशी भाषा सिक्न सक्छन् ।

हालसालै जनआन्दोलन-२ पछि नेपालको अन्तरिम संविधान २०६३ प्रयोगमा आएको छ । यसमा भाषाको सन्दर्भमा निम्नलिखित प्रावधान छ :

१. नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्र भाषा हुन् ।

२. देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ ।

३. उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन । त्यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तर गरी अभिलेख राख्ने छ (भाग १, धारा ५) ।

शिक्षा र संस्कृति सम्बन्धी अधिकारबारे यो संविधानमा निम्न अनुसारको प्रावधान छ :

१. प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने छ ।

३. नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्धन गर्ने हक हुने छ (भाग ३, धारा १७) ।



भरखरै नेपालमा बहुभाषी शिक्षाका दिशामा केही कामहरू सुरु भएका छन् । शिक्षा मन्त्रालयले फिनल्यान्डको सहयोगमा विभिन्न परिवारका सात वटा अल्पसङ्ख्यक भाषा मातृभाषाको रूपमा बोल्ने समुदायमा बहुभाषी शिक्षा पाइलट परियोजना सुरु गरेको छ । तिनमा तामाङ, आठपरे, सन्थाल, धाँगर, मैथिली, मगर ढुट र कैलाली थारू भाषाभाषी समुदाय छन् । यसको लगत्तै हालै शिक्षा मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, युनेस्को र एसआइएल इन्टरनेसनलको संयुक्त आयोजनामा बहुभाषी शिक्षा सम्मेलन सम्पन्न भएको छ । यो सम्मेलन आधारभूत शिक्षामा मातृभाषाको प्रयोगबारे जनचेतना जगाउन आयोजना गरिएको थियो ।

## २. दक्षिणपूर्वी एसियाको शिक्षा नीति तथा व्यवहारमा भाषा

### ब्रुनाई दारेसलाम

ब्रुनाईमा १७ वटा भाषा बोलिन्छन् भन्ने अनुमान गरिएको छ । यहाँको कामकाजी भाषा मानक मलय हो । तर देशमा सबैभन्दा बढी प्रयोग हुने भाषा ब्रुनाई मलय हो । शिक्षाको माध्यम भाषा मानक मलय र अङ्ग्रेजी छन् । स्थानीय भाषाहरूलाई शिक्षामा प्रयोग गरिएको छैन ।

### कम्बोडिया

कम्बोडियामा करिब २० वटा भाषा बोलिन्छन् । सबभन्दा ठूलो जातीय समुदाय ख्मेरले जनसङ्ख्याको ९० प्रतिशत भाग ओगट्छ । कम्बोडियामा सबै तहको शिक्षामा ख्मेर भाषालाई माध्यमको रूपमा प्रयोग

गरिएको छ । हालसालै केही पाइलट परियोजना अन्तर्गत कम्बोडियाको पूर्वी पहाडी क्षेत्रमा कैयौँ अल्पसङ्ख्यक भाषाहरूलाई शिक्षाको माध्यमको रूपमा प्रयोग गरिएको छ । यी परियोजनाहरूले प्रौढ र बालबालिका सबैलाई औपचारिक तथा अनौपचारिक दुवै किसिमले द्विभाषी शिक्षा दिने गरेका छन् । सन् २००३ को शिक्षा ऐनको मस्यौदाले अल्पसङ्ख्यक जातिहरूलाई आफ्नो मातृभाषामा पढ्न पाउने अधिकार दिएको छ । तर यो ऐन अहिलेसम्म स्वीकृत भइसकेको भने छैन ।

### इन्डोनेसिया

इन्डोनेसिया एसियाभरिमै सबैभन्दा बढी भाषिक विविधता भएको देश हो । यहाँ ७०० भन्दा बढी भाषा बोलिन्छन् । भाषा इन्डोनेसिया यहाँको कामकाजी भाषा हो । यो सबै तहको शिक्षामा माध्यमको रूपमा प्रयोग गरिँदै आएको छ । भाषा इन्डोनेसिया मातृभाषा हुनेहरू भने इन्डोनेसियाको कुल जनसङ्ख्याको १० प्रतिशत मात्र छन् । संविधान र शिक्षा ऐनले प्राथमिक कक्षाहरूमा विद्यार्थीको मातृभाषा माध्यमको रूपमा प्रयोग गर्न पाइने कुराको समर्थन गरेको छ । तर व्यवहारमा भने सरकारी विद्यालयहरूमा देशका केही भागमा एउटा विषयको रूपमा बाहेक अन्यत्र स्थानीय भाषाहरू कमै प्रयोग गरेको पाइन्छ । स्थानीय भाषाहरू अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ साक्षरता कार्यक्रममा धेरैतिर प्रयोग गरिन्छन् ।

### लाओ पिडिआर

जनतान्त्रिक गणतन्त्र लाओमा ८२ वटा भाषा बोलिने अनुमान गरिएको छ । सबै तहमा पढाइको माध्यम भाषा लाओ हो । यो त्यहाँको कामकाजी भाषा हो र करिब आधा जनसङ्ख्याले मातृभाषाको रूपमा यसको प्रयोग गर्छन् । अहिलेसम्म शिक्षामा अरू स्थानीय भाषाहरू प्रयोग गरिएको छैन । तिनलाई अल्पसङ्ख्यक क्षेत्रका विद्यालयहरूमा बोलीचालीमा भने धेरैतिर प्रयोग गरिन्छ ।

### मलेसिया

मलेसियामा करिब १४० भाषा बोलिन्छन् । त्यहाँको कामकाजी भाषा मलय हो । धेरैजसो विद्यालयमा माध्यम भाषा मलय छ । 'राष्ट्रिय-प्रकृति'का प्राथमिक विद्यालयहरूमा मन्दारिन, तमिल र अन्य भारतीय भाषाहरू पढाइको माध्यमको रूपमा प्रयोग गरिन्छ । मलय भाषा माध्यम रहेका विद्यालयहरूमा तमिल, मन्दारिन र अन्य आदिवासी समुदायका भाषा एउटा विषयको रूपमा पढ्न पाइन्छ । १९९० को दशकको अन्त्यतिर पूर्वी मलेसियाका आदिवासी समुदायहरूले स्थानीय भाषाका शिक्षा कार्यक्रमहरू सुरु गरेका छन् । यस्ता कार्यक्रममा मुख्यतः विद्यालयमा विभिन्न विषयहरू पढाउने कार्यक्रम पर्दछन् । तर पनि यस्ता प्रयासहरूलाई द्विभाषी शिक्षाको रूपमा लिन भने सकिँदैन किनभने ती भाषाहरूलाई औपचारिक रूपमा पढाइको माध्यम बनाइएको छैन ।

### म्यानमार

म्यानमार संघमा १०० भन्दा बढी भाषाहरू बोलिन्छन् । सरकारी शिक्षा प्रणालीमा बामा (बर्मेज) भाषा पढाइको माध्यमको रूपमा रहेको छ । यो म्यानमारको कामकाजी भाषा हो । सरकारी शिक्षामा स्थानीय भाषाहरूको प्रयोग गरिँदैन । तापनि विशेष गरेर जातिभाषिक अल्पसङ्ख्यकहरू धेरै भएका उत्तरी

राज्यहरूमा नागरिक समाज सङ्गठन र भाषिक समुदायहरूले अनौपचारिक शिक्षा र प्रौढ साक्षरता कार्यक्रममा स्थानीय भाषाहरूलाई धेरैतिर प्रयोग गर्ने गरेका छन् ।

### फिलिपिन्स

फिलिपिन्समा १७० वटा जति भाषा बोलिन्छन् । धेरैजसो भाषाको लेख्य परम्परा छ । तीमध्ये १०० भन्दा बढीको लिखित साहित्य पनि छ । अङ्ग्रेजी र फिलिपिनोलाई शिक्षा र साक्षरताको लागि मान्यता प्राप्त छ । केही सरकारी विद्यालयहरूमा सुरुका प्राथमिक कक्षाहरूमा स्थानीय भाषाहरूलाई "सहायक" भाषाको रूपमा प्रयोग गरिएको छ । स्थानीय भाषाहरूलाई पाठ्यवस्तुको व्याख्या गर्न मौखिक रूपमा नै बढी मात्रामा प्रयोग गरिएको पाइन्छ । प्रौढहरूलाई साक्षर बनाउने अनौपचारिक क्षेत्रहरूमा स्थानीय भाषा धेरैतिर प्रयोगमा ल्याइएको छ । यस्ता शैक्षिक परियोजनाहरू धेरैजसो गैरसरकारी संस्था र सामुदायिक संस्थाहरूले सञ्चालन गरेका छन् ।

### सिङ्गापुर

सिङ्गापुरमा २०० भन्दा बढी भाषाहरू बोलिन्छन् । त्यहाँ जनताबीच सामाजिक बहुभाषिकता र द्विभाषिकता संस्थागत गर्ने लक्ष्य राखिएको छ । जनसङ्ख्याको तीन चौथाइ मानिसहरू चिनिया मूलका छन् र उनीहरू चिनिया भाषाका विभिन्न भेद बोल्छन् । सबै तहको शिक्षामा माध्यम भाषा अङ्ग्रेजी मात्र रहेको छ । "मातृभाषा"को रूपमा स्वीकृति प्राप्त तीन भाषाहरू मलय, मन्दारिन चिनिया र तमिल दोस्रो भाषाको रूपमा पनि पढाइन्छ । अरू भाषाका वक्ताहरूले विद्यालयको पाठ्यक्रममा तिनै तीन भाषामध्ये कुनै एउटा रोज्न पाउँछन् । तर दक्षिणपूर्वी एसियाका धेरै देशहरूमा भए जस्तो स्थानीय भाषामा पढाइ हुने व्यवस्था भने यहाँ छैन ।

### थाइल्यान्ड

थाइल्यान्डमा ७० भन्दा बढी भाषा बोलिन्छन् । थाइल्यान्डको कामकाजी र राष्ट्र भाषा मानक थाई हो । यसै भाषाको माध्यमबाट सबै तहको पढाइ पनि हुन्छ । केही क्षेत्रमा "स्थानीय पाठ्यक्रम" शीर्षकमा स्थानीय भाषाका कक्षाहरू पनि सञ्चालन गरिएका छन् । स्थानीय गैरसरकारी संस्थाहरूले सञ्चालन गरेका अनौपचारिक शिक्षाका प्रौढ साक्षरता कार्यक्रमहरूमा केही स्थानीय भाषाहरूको प्रयोग गरिन्छ । सरकारी निकायहरूले पनि शिक्षामा स्थानीय भाषा प्रयोग गर्ने केही परीक्षण परियोजनाहरूलाई सहयोग गरेका छन् । तैपनि यी कुनै पनि परियोजनालाई वास्तविक द्विभाषी शिक्षाको रूपमा लिन भने सकिँदैन । सन् २००४ देखि शिक्षा मन्त्रालय र सञ्चार माध्यमहरूमा शिक्षामा स्थानीय भाषाको प्रयोगबारे छलफल हुन थालेको छ ।

### भियतनाम

भियतनाममा करिब १०० जति भाषा बोलिन्छन् । भियतनामी यहाँको राष्ट्र भाषा हो । जनसङ्ख्याको करिब ९० प्रतिशतले यो भाषा पहिलो भाषा (अथवा द्विभाषी व्यक्तिहरूको सन्दर्भमा एउटा पहिलो भाषा) को रूपमा बोल्छन् । नीति निर्माणका विभिन्न तहबाट द्विभाषी शिक्षा तथा शिक्षामा स्थानीय भाषाको प्रयोगलाई बलियो समर्थन छ । तर पनि भियतनामी नै सबै तहको शिक्षामा प्रमुख माध्यम भाषा रहँदै

आएको छ। गैरभियतनामी वक्ताहरू धेरै रहेको क्षेत्रमा समेत यस्तै स्थिति छ। देशका केही क्षेत्रमा स्थानीय भाषाहरूलाई शिक्षामा प्रयोग गरिएको छ। स्थानीय भाषाहरूलाई एउटा विषयको रूपमा पढाइन्छ र यसले प्राथमिक शिक्षाको पाठ्यक्रमको २० प्रतिशतसम्म ओगट्न सक्छ। सन् २००६ देखि केही अल्पसङ्ख्यक भाषाहरूमा शिक्षाका नयाँ कार्यक्रमहरू सुरु भएका छन्।

## ३. पूर्वी एसियाको शैक्षिक नीति तथा व्यवहारमा भाषा

### चीन

चीनमा २०० भन्दा बढी भाषा बोलिन्छन्। मन्दारिन चिनिया यहाँको कामकाजी भाषा हो। अल्पसङ्ख्यकहरूको क्षेत्रमा अल्पसङ्ख्यक भाषालाई पढाइको माध्यम बनाउन सहयोग गर्ने कानुन र नीतिहरू बनाइएका छन्। तर यी नीति सबै ठाउँमा समान रूपले लागु भएका छैनन्, छानिएका ५५ वटा अल्पसङ्ख्यक भाषामा मात्र लागु भएका छन्। शिक्षामा स्थानीय भाषाको प्रयोगमा पनि भौगोलिक क्षेत्र र जातिभाषिक समुदायको आधारमा फरक फरक अवस्था पाइन्छ। आधा दर्जन जति स्थानीय भाषाहरूलाई प्राथमिकदेखि माध्यमिक तहसम्मको पढाइको माध्यम बनाइएको छ। यस्ता क्षेत्रहरूमा मन्दारिन चिनिया दोस्रो भाषाको रूपमा पढाइन्छ। स्थानीय भाषाको प्रयोग गरिने द्विभाषी शिक्षाको कार्यक्रममा विद्यार्थीको मातृभाषाबाट सुरु गरेर चाँडै नै मन्दारिन चिनियामा लैजाने तरिका चीनमा बढी प्रचलित छ। अल्पसङ्ख्यकहरूको बसोबास रहेका क्षेत्रहरूमा स्थानीय भाषालाई विभिन्न तहको शिक्षामा विषयको रूपमा मात्र पढाइन्छ।

### मङ्गोलिया

मङ्गोलियामा १२ वटा भाषा बोलिन्छन् भन्ने अनुमान छ। ९० प्रतिशत जनसङ्ख्या मङ्गोल छन् र उनीहरू कामकाजी भाषा मङ्गोलियनको हाल्ह र खाल्कामध्ये एउटा भेद बोल्छन्। सबै तहको शिक्षामा मङ्गोलियन माध्यम भाषाको रूपमा प्रयोग गरिन्छ। विश्वविद्यालयको शिक्षामा भने अङ्ग्रेजीको बढी प्रयोग हुन्छ। सबै अल्पसङ्ख्यकहरूले दोस्रो भाषाको रूपमा हाल्ह मङ्गोलियन बोल्छन्। सन् १९९२ को संविधानमा अल्पसङ्ख्यकहरूको भाषा पनि शिक्षाको माध्यम हुन सक्ने प्रावधान छ। तापनि द्विभाषी शिक्षामा हाल काजाक मात्र प्रयोग भएको पाइन्छ।

### जापान

जापानमा जापानी र आइनु दुई आदिवासी भाषा र जापानी ऱ्युक्युआनका ११ वटा भिन्न भाषिकाहरू बोलिन्छन्। यी ११ भाषिकालाई कसैले एउटा भाषिक परिवारका छुट्टाछुट्टै भाषा पनि मानेका छन्। करिब ९९ प्रतिशतले बोल्ने जापानी भाषा जापानको राष्ट्र भाषा हो। हालैका वर्षहरूमा विदेशीहरूको बढ्दो बसाइँसराइले विदेशी भाषा बोल्नेहरूको सङ्ख्या पनि उल्लेखनीय देखिएको छ। १.४ प्रतिशत जनसङ्ख्या यस्ता भाषा बोल्नेहरूको छ। शिक्षाको औपचारिक माध्यम जापानी नै हो। हालसालै जापानको संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालयले जापानमा बसाइँ सरेर आएका बालबालिका तथा गैरजापानीहरूलाई लक्षित गरेर एउटा नयाँ नीति जारी गरेको छ। यस नीतिको उद्देश्य विद्यालयहरूमा

जापानीलाई पढाइको माध्यममा दोस्रो भाषाको रूपमा सुधार गर्दै लैजाने, सम्भव भएसम्म समूह-शिक्षण वा अन्य विधिमार्फत विद्यार्थीहरूको मातृभाषामा नै पढाउने र जापानी तथा गैरजापानी विद्यार्थीहरूको बीचमा अन्तरराष्ट्रिय तथा अन्तरसांस्कृतिक समझदारी बढाउन गैरजापानी तथा विदेशबाट फर्केका जापानी बालबालिकाको अनुभवको प्रयोग गर्ने रहेको छ ।

## ४. दक्षिण तथा पश्चिम एसियाको शिक्षा नीति तथा व्यवहारमा भाषा

### अफगानिस्तान

अफगानिस्तानमा करिब ३० वटा भाषा बोलिन्छन् । तीमध्ये पस्तो, दारी, उज्बेक, पासी, नुरिस्तानी, बलोची र सिग्नानी आठवटा भाषाका वक्ता धेरै छन् । पस्तो र दारी अफगानिस्तानका राष्ट्र एवम् कामकाजी भाषा हुन् । सबै तहमा यिनै भाषाको माध्यमबाट पढाइ हुन्छ । संविधानमा आधारभूत शिक्षाको लागि पढाइको माध्यम मातृभाषा हुने प्रावधान छ । त्यसैले शिक्षा मन्त्रालयले अल्पसङ्ख्यकहरूको भाषालाई औपचारिक तथा अनौपचारिक शिक्षामा माध्यमको रूपमा र साथसाथै केही अल्पसङ्ख्यक भाषालाई विषयको रूपमा पनि पढाइ सुरु गर्ने योजना बनाएको छ ।

### बङ्गलादेश



बङ्गलादेशमा ४० वटा भाषा पाइएका छन् । बाङ्ला राष्ट्र भाषा र कामकाजी भाषा हो । सबै तहको पढाइको माध्यम भाषा बाङ्ला नै रहेको छ । त्यहाँको जनसङ्ख्या १४ करोडभन्दा बढी छ । यसको ९८ प्रतिशतले बाङ्ला बोल्छन् । विश्वविद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुन्छ । सरकारी तथा गैरसरकारी विद्यालय र साक्षरता कक्षाहरूमा पढाइको माध्यम बाङ्ला नै रहेको छ । अल्पसङ्ख्यक भाषाहरू विद्यालयहरूमा प्रयोग गर्ने व्यवस्था छैन । केही अल्पसङ्ख्यक समुदायका भाषाहरूलाई पाठ्यवस्तुको व्याख्या गर्न “स्थानान्तरीय” वा “सहायक” भाषाको रूपमा बोलीचालीमा प्रयोग गर्ने गरिएको छ । यसले गर्दा कैयौं अल्पसङ्ख्यक समुदायहरू एकातिर आफ्नो भाषिक तथा सांस्कृतिक सम्पदा लोप हुने र अर्कोतिर आफूले बोल्ने र बुझ्ने भाषामा आवश्यक शिक्षा पाउन नसक्ने दोहोरो मारमा परेका छन् ।

### भुटान

भुटानमा १८ वटा भाषा बोलिन्छन् । जोङ्खा यहाँको राष्ट्र भाषा हो । यसलाई अधिराज्यको एक मात्र पहिचानको रूपमा हेरिन्छ । सरकारी विद्यालयमा मुख्यतः अङ्ग्रेजी माध्यमबाट पढाइ हुन्छ । कुनै कुनै कक्षाहरूमा जोङ्खाको पनि प्रयोग गरिन्छ । अनौपचारिक शिक्षा भुटानभरि नै जोङ्खाको माध्यमबाट हुन्छ । सरकारले केही अल्पसङ्ख्यकहरूको भाषाको व्याकरण लेख्न सहयोग पनि गरेको छ । तर भाषा विकासका लागि हुने धेरैजसो प्रयासहरू जोङ्खातिरै लक्षित हुन्छन् ।

### भारत

भारतमा बोलिने भाषा, अन्य भाषिका र तिनको सङ्ख्याको बारेमा लामो विवाद रहिआएको छ । सन् १९६१ को जनगणनाले १६५२ भाषाको सूची दिएको छ भने १९९१ को जनगणनाले ११४ मात्र बताएको

छ। एथ्नोलगले ४३० भाषाको सूची दिएको छ। अहिले संविधानको आठौँ अनुसूचीमा २२ वटा भाषा समावेश गरिएको छ। हिन्दीलाई कामकाजी भाषा र अङ्ग्रेजीलाई सहायक कामकाजी भाषाको रूपमा मान्यता दिइएको छ। भारतको संविधानका धेरै भागहरूमा भाषाबारे लेखिएको छ। यीमध्ये धारा ३५०-ए उल्लेखनीय छ। यसमा "कुनै पनि राज्यभित्रका भाषिक अल्पसङ्ख्यक समुदायका बालबालिकालाई प्राथमिक तहको शिक्षा मातृभाषाको माध्यमबाट पाउन चाहिने सुविधाहरू उपलब्ध गराउने दायित्व सम्बन्धित राज्य तथा त्यहाँका स्थानीय अधिकारीको हुने छ" भनिएको छ।

सन् १९५७ मा केन्द्रीय शिक्षा सल्लाहकार परिषद्ले "तीनभाषा सूत्र" नामको एउटा जटिल प्रस्तावना अघि सारेको थियो र यसमा राज्यका मुख्यमन्त्रीहरूले सन् १९६१ मा पूर्ण समर्थन पनि जनाएका थिए। यस प्रस्तावनामा तीनवटा राष्ट्रिय भाषालाई विभिन्न कक्षाहरूमा पढाइने कुरा थियो। उडिसा र महाराष्ट्र जस्ता केही राज्यबाहेक अन्य राज्यहरूमा यो सूत्रको पालना भन्दा पनि उल्लङ्घन बढी भयो।

NCERT ले हरेक पाँच वर्षमा जारी गर्ने विद्यालय शिक्षाको लागि राष्ट्रिय आधारपत्र (National Curriculum Framework for School Education) मा "विद्यालय शिक्षाको सबै तहमा" मातृभाषा पढाइको माध्यम हुनु पर्छ भन्ने उल्लेख छ ( NCERT २०००, पृ. ७६)। आधारपत्रले कानुनी हैसियत राख्दैन, यसले सल्लाह मात्र दिन्छ।

सामान्यतया स्थानीय, क्षेत्रीय (अनुसूची ८ अनुसारका) अथवा औपचारिक कामकाजी भाषामा पढाइ हुन्छ। अङ्ग्रेजी माध्यमबाट पढाइ हुनु गौरवको कुरा ठानिन्छ। त्यसकारण राजनीतिक बहसहरू पनि प्रायः मातृभाषाको प्रयोगमा भन्दा पनि प्रमुख भारतीय भाषाहरू र अङ्ग्रेजी बीचको छनोटमा बढी केन्द्रित हुन्छन्। उल्लेखनीय सङ्ख्यामा जनजातिहरू भएका केही राज्यले जनजातिका भाषामा नै शिक्षा दिने प्रयास पनि गरेका छन्। आसाम र नागाल्यान्डमा यो प्रयास राम्ररी सफल भएको छ। राजस्थान, उडिसा र आन्ध्र प्रदेशमा प्रारम्भिक चरणमा केही गाह्रो महसुस गरिएको थियो तर अहिले थप प्रयासहरू भएका छन्।

### पाकिस्तान

पाकिस्तानमा ६३ वटा भन्दा बढी भाषा बोलिन्छन्। तीमध्ये वक्ताको सङ्ख्याको आधारमा पन्जाबी (४४), पस्तो (१५), सिन्धी (१४), सिराइकी (११), उर्दू (८), बलुची (४) मुख्य भाषा हुन् भने जम्मा ५ नसङ्ख्याले अरू भाषाहरू बोल्छन्। उर्दू राष्ट्र भाषा हो तर कामकाजी भाषा अङ्ग्रेजी हो। पाकिस्तानको सहरी क्षेत्रमा उर्दू भाषा दोस्रो भाषाको रूपमा धेरै प्रयोग हुन्छ किनभने प्रायजसो सरकारी विद्यालयहरूमा पढाइको माध्यमको रूपमा र धार्मिक समारोहमा उर्दू भाषा नै प्रयोग हुन्छ। विश्वविद्यालयमा पनि विज्ञान र प्रविधि सम्बन्धी विषयहरूबाहेक अरू विषयहरू उर्दू भाषाबाटै पढाइ हुन्छन्। सञ्चार माध्यम, तल्ला सरकारी निकायहरू, व्यापार, वाणिज्य र मनोरञ्जनको भाषा पनि उर्दू भएकोले पाकिस्तानका अन्य भाषाहरूको तुलनामा उर्दू भाषाको प्रयोग बढी उपयोगी बनेको छ। रोजगारीको लागि उपयोगी अर्को भाषा सिन्धी हो। यो सिन्ध प्रान्तका केही भागहरूमा र तल्लो तहमा मात्र प्रयोग हुन्छ। सञ्चार, शिक्षा र कार्यालयका तल्ला निकायमा पनि सिन्धी भाषाको प्रयोग हुन्छ। केही विद्यालयहरूमा पाँच कक्षासम्म पढाइको माध्यम पस्तो छ। तर अन्य प्रमुख क्षेत्रहरूमा भने यो भाषा प्रयोग गरिँदैन। २ प्रतिशत पाकिस्तानीले मात्र अङ्ग्रेजी भाषा राम्रोसँग बोल्न सक्छन्। १५ देखि १८ प्रतिशत पाकिस्तानीले कामचलाउ अङ्ग्रेजी जान्दछन्। सरकार, उच्च अधिकारी, सैनिक अफिसरहरू, सञ्चार, उच्च शिक्षा, अनुसन्धान, वाणिज्य र अन्य निकायमा रहने उच्च तहका व्यक्तिहरूको भाषा अङ्ग्रेजी नै रहेको छ।

बसाइँ सरेर विदेशमा जाने र माथिल्लो तहमा उन्नति गर्दै जानेहरूका लागि अङ्ग्रेजी अति नै उपयोगी रहेको छ । अहिलेको अवस्थामा पाकिस्तानमा अङ्ग्रेजी भाषाको ठूलो माग छ । यो ठूलाबडाहरूका लागि अङ्ग्रेजी माध्यमबाट पढाइ हुने निजी विद्यालय तथा सैनिकहरूले सञ्चालन गरेका विद्यालयहरूमार्फत उपलब्ध हुँदै आएको छ । अङ्ग्रेजी र उर्दूलाई कामकाजको भाषाको रूपमा प्रश्रय दिने सरकारी नीतिले देशका अन्य भाषाहरूमाथि ठूलो दबाब परेको छ । सानातिना भाषाहरू या त प्रभावशाली ठूला भाषासँग मिसिएका छन्, या त पुरै लोप हुने खतरामा छन् ।

## ५. मध्य एसियाको शिक्षा नीति तथा व्यवहारमा भाषा

### कजाकिस्तान

कजाकिस्तानमा ४८ प्रतिशत जनसङ्ख्या कजाख र ३४ प्रतिशत रुसी छन्, त्यसबाहेक त्यहाँ १२० जनजाति पनि बसोबास गर्दछन् । यिनमा आठ लाखभन्दा माथि उक्रेनी, ५ लाख जर्मन, ४ लाख उज्बेक र ४ लाख भन्दा बढी तातारहरू छन् । कजाख राष्ट्र भाषा हो र रुसी कामकाजी भाषा हो (यो राष्ट्र भाषा सँगसँगै प्रयोग हुन्छ) । ३,६४७ (४५%) साधारण माध्यमिक विद्यालयमा कजाखको माध्यमबाट, २,१२२ (२६%) मा रुसी माध्यमबाट र २०६९ (२५%) मा काजाख तथा रुसी दुवै माध्यमबाट पढाइ हुन्छ । अरू ४ प्रतिशत माध्यमिक विद्यालयहरू “राष्ट्रिय प्रकृति“का छन् । यिनीहरूमा उक्रेनी, ताजिक, उइगुर र उज्बेक भाषाको माध्यमबाट पढाइ हुन्छ ।



### किर्गिस्तान

किर्गिस्तानमा किर्गिज र रुसी औपचारिक कामकाजी भाषा रहेका छन् । सन् २००१ मा किर्गिस्तानको संसदले रुसी भाषालाई पनि किर्गिज सरहको कामकाजको भाषा घोषणा गरेको हो । यहाँको जनसङ्ख्यामा ५२% किर्गिज, १८% रुसी, १३% उज्बेक, ३% उक्रेनी, २% जर्मन र अन्य १२% रहेका छन् । यहाका ६६% विद्यालयमा किर्गिज भाषामा, ७% विद्यालयमा रुसी भाषामा, ७% मा उज्बेक भाषामा र २०% मा रुसी तथा किर्गिज भाषामा पढाइ हुन्छ ।

### ताजिकिस्तान

ताजिकिस्तानको राष्ट्र भाषा ताजिक हो । विभिन्न जातिहरूबीच सम्पर्कको भाषा चाहिँ रुसी हो । सबै अल्पसङ्ख्यक समुदायलाई आफ्नो मातृभाषा बोल्न पाउने अधिकार छ । आमसञ्चारमा ताजिक र रुसीको प्रयोग हुन्छ । धेरैजसो विद्यालयमा ताजिक र रुसी माध्यमबाट पढाइ हुन्छ । अल्पसङ्ख्यकहरूका लागि केही विद्यालयहरू पनि खोलिएका छन् । यिनमा उज्बेक, कजाख, तुर्की र अन्य भाषाको माध्यमबाट पढाइ हुन्छ । माध्यमिक तहमा ७३% विद्यार्थीले ताजिक भाषाको माध्यमबाट, २४% विद्यार्थीले उज्बेक भाषामा, २% ले रुसी भाषामा र अरूले किर्गिज, कजाख र तुर्की भाषामा पढ्छन् ।

### उज्बेकिस्तान

१०० भन्दा बढी भाषा बोलिने उज्बेकिस्तान बहुजातीय र बहुभाषिक मुलुक हो । उज्बेकिस्तानको संविधानको धारा १८ मा “कानुनी हैसियत, अधिकार र स्वतन्त्रता प्राप्त गर्न लिङ्ग, जाति, भाषा, धर्म, सामाजिक पृष्ठभूमि, आस्था तथा सामाजिक एवम् व्यक्तिगत हैसियतको आधारमा कुनै भेदभाव गरिने छैन” भनिएको छ । अल्पसङ्ख्यक जाति र भाषिक समुदायका बालबालिकाको शिक्षादीक्षा नीतिनिर्माणको महत्त्वपूर्ण विषय रहेको छ । अहिलेसम्म सरकारले उज्बेक सहित सात राष्ट्रिय भाषामा आधारभूत शिक्षा

प्रदान गर्न राजनीतिक प्रतिबद्धता जनाएको छ । हाल उज्बेकिस्तानमा १० प्रतिशत विद्यालयमा अल्पसङ्ख्यक जातिहरूको भाषा (रुसी, कजाख, ताजिक, काराकल्पक, तुर्की र किर्गिज) को माध्यमबाट पढाइ हुन्छ । यसले आधारभूत शिक्षाको लागि भर्ना भएका विद्यार्थीहरूमध्ये १५ प्रतिशतलाई समेटेको छ ।

## ६. प्रशान्त क्षेत्रको शिक्षा नीति र व्यवहारमा भाषा

### पपुआ न्यु गिनी

पपुआ न्यु गिनीमा करिब ८५० भाषा बोलिन्छन् । त्यहाँ ३५०-४०० जति भाषामा पूर्वप्राथमिक र प्राथमिक तहको शिक्षा दिने व्यवस्था छ । पपुआ न्यु गिनीमा जति धेरै किसिमका स्थानीय भाषाहरूको प्रयोग संसारमा अन्यत्र कतै भएको पाइँदैन । यसभन्दा अघि औपचारिक शिक्षा अङ्ग्रेजी माध्यमबाट दिइन्थ्यो । तर अनौपचारिक शिक्षामा स्थानीय भाषाको प्रयोग गर्दा देखिएको उत्साह र सफलतालाई आधार मानेर औपचारिक शिक्षा प्रणालीको पुनर्संरचना पनि गरियो । नयाँ प्रणाली अनुसार औपचारिक शिक्षामा पहिलो तीन वर्ष मातृभाषाको माध्यमबाटै शिक्षा दिइन्छ । प्राथमिक तहका माथिल्ला कक्षाहरूमा भने पढाइको माध्यम अङ्ग्रेजी नै रहेको छ । स्थानीय भाषा प्रयोग गर्ने प्राथमिक विद्यालयहरू स्थानीय समुदायबाटै सञ्चालित छन् । दृढ सामुदायिक सहभागिता, विकेन्द्रीकरण, स्थानीय उपयोगिता, प्रभावकारिता र गैरसरकारी सङ्गठनहरूको सक्रिय भूमिका स्थानीय भाषाहरूको प्रयोगमा यत्तिको सफलताको प्रमुख कारक तत्त्वहरू रहेका छन् ।

## सन्दर्भ सूची


*गुरुङ, हर्क गुरुङ, योगेन्द्र र चिदी, छविलाल २००६, नेपाल एटलस अफ ल्याङ्ग्वेज ग्रुप्स आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान*

*नेपाल अधिराज्यको संविधान २०४७* काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

*नेपालको अन्तरिम संविधान २०६३* काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

यादव, योगेन्द्रप्रसाद २००३. ल्याङ्ग्वेज. *पपुलेसन मोनोग्राफ अफ नेपाल,* भोलुम १. काठमाडौँ : सेन्ट्रल ब्युरो अफ स्टाटिस्टिक्स ।

यादव, योगेन्द्रप्रसाद २००७. लिङ्ग्विस्टिक डाइभर्सिटी इन नेपाल : पर्स्पेक्टिभ्स अन ल्याङ्ग्वेज पोलिसी. इन्टरनेसनल सेमिनार अन कन्स्टिच्युसनलिज्म एन्ड डाइभर्सिटी इन नेपाल, २२-२४ अगस्त, २००७ मा प्रस्तुत कार्यपत्र, काठमाडौँ : नेपाल तथा एसियाली अनुसन्धान केन्द्र ।

*राष्ट्रिय भाषानीति सुझाउ आयोगको प्रतिवेदन २०५०.* काठमाडौँ : राष्ट्रिय भाषा नीति सुझाउ आयोग, प्रज्ञा भवन कमलादी ।





*सबैका लागि शिक्षा २००४-२००९ मुख्य दस्तावेज* २००३. काठमाडौँ : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

# परिशिष्ट १

## मातृभाषाका आधारमा जनसङ्ख्या (२०५८)

| क्र.सं. | मातृभाषा | सङ्ख्या | % | सञ्चित % |
|---|---|---|---|---|
| १ | नेपाली | ११०५३२५५ | ४८.६१ | ४८.६१ |
| २ | मैथिली | २७९७५८२ | १२.३० | ६०.९२ |
| ३ | भोजपुरी | १७१२५३६ | ७.५३ | ६८.४५ |
| ४ | थारू (डगौरा/राना) | १३३१५४६ | ५.८६ | ७४.३१ |
| ५ | तामाङ | ११७९१४५ | ५.१९ | ७९.४९ |
| ६ | नेवार | ८२५४५८ | ३.६३ | ८३.१२ |
| ७ | मगर | ७७०११६ | ३.३९ | ८६.५१ |
| ८ | अवधी | ५६०७४४ | २.४७ | ८८.९८ |
| ९ | बान्तवा | ३७१०५६ | १.६३ | ९०.६१ |
| १० | गुरुङ | ३३८९२५ | १.४९ | ९२.१० |
| ११ | लिम्बू | ३३३६३३ | १.४७ | ९३.५७ |
| १२ | बज्जिका | २३७९४७ | १.०५ | ९४.६१ |
| १३ | उर्दू | १७४८४० | ०.७७ | ९५.३८ |
| १४ | राजवंशी | १२९८२९ | ०.५७ | ९५.९५ |
| १५ | शेर्पा | १२९७७१ | ०.५७ | ९६.५२ |
| १६ | हिन्दी | १०५७६५ | ०.४७ | ९६.९९ |
| १७ | चाम्लिङ | ४४०९३ | ०.१९ | ९७.१८ |
| १८ | सन्थाली | ४०२६० | ०.१८ | ९७.३६ |
| १९ | चेपाङ | ३६८०७ | ०.१६ | ९७.५२ |
| २० | दनुवार | ३१८४९ | ०.१४ | ९७.६६ |
| २१ | झाँगड/धाँगड | २८६१५ | ०.१३ | ९७.७९ |
| २२ | सुनुवार | २६६११ | ०.१२ | ९७.९० |
| २३ | बाङ्ला | २३६०२ | ०.१० | ९८.०१ |
| २४ | मारवाडी (राजस्थानी) | २२६३७ | ०.१० | ९८.११ |
| २५ | माझी | २१८४१ | ०.१० | ९८.२० |
| २६ | थामी | १८९९१ | ०.०८ | ९८.२९ |
| २७ | कुलुङ | १८६८६ | ०.०८ | ९८.३७ |
| २८ | धिमाल | १७३०८ | ०.०८ | ९८.४५ |
| २९ | अङ्गिका | १५८९२ | ०.०७ | ९८.५२ |
| ३० | याक्खा | १४६४८ | ०.०६ | ९८.५८ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | थुलुङ | १४०३४ | ०.०६ | ९८.६४ |
| ३२ | साङपाङ | १०८१० | ०.०५ | ९८.६९ |
| ३३ | भुजेल/खवास | १०७३३ | ०.०५ | ९८.७४ |
| ३४ | दराई | १०२१० | ०.०४ | ९८.७८ |
| ३५ | खालिङ | ९२८८ | ०.०४ | ९८.८२ |
| ३६ | कुमाल | ६५३३ | ०.०३ | ९८.८५ |
| ३७ | थकाली | ६४४१ | ०.०३ | ९८.८८ |
| ३८ | छन्त्याल/छन्तेल | ५९१२ | ०.०३ | ९८.९० |
| ३९ | नेपाली साङ्केतिक भाषा | ५७४३ | ०.०३ | ९८.९३ |
| ४० | तिब्बती | ५२७७ | ०.०२ | ९८.९५ |
| ४१ | दुमी | ५२७१ | ०.०२ | ९८.९८ |
| ४२ | जिरेल | ४९१९ | ०.०२ | ९९.०० |
| ४३ | वाम्बुले/उम्बुले | ४४७१ | ०.०२ | ९९.०२ |
| ४४ | पुमा | ४३१० | ०.०२ | ९९.०४ |
| ४५ | ह्योल्मो | ३९८६ | ०.०२ | ९९.०५ |
| ४६ | नाछिरिङ | ३५५३ | ०.०२ | ९९.०७ |
| ४७ | दुरा | ३३९७ | ०.०१ | ९९.०८ |
| ४८ | मेचे | ३३०१ | ०.०१ | ९९.१० |
| ४९ | पहरी | २९९५ | ०.०१ | ९९.११ |
| ५० | लेप्चा/लाप्चे | २८२६ | ०.०१ | ९९.१३ |
| ५१ | बोटे | २८२३ | ०.०१ | ९९.१४ |
| ५२ | बाहिङ | २७६५ | ०.०१ | ९९.१५ |
| ५३ | कोई/कोयु | २६४१ | ०.०१ | ९९.१६ |
| ५४ | राजी | २४१३ | ०.०१ | ९९.१७ |
| ५५ | हायु | १७४३ | ०.०१ | ९९.१८ |
| ५६ | ब्याँसी | १७३४ | ०.०१ | ९९.१९ |
| ५७ | याम्फु/याम्फे | १७२२ | ०.०१ | ९९.१९ |
| ५८ | घले | १६४९ | ०.०१ | ९९.२० |
| ५९ | खडिया | १५७५ | ०.०१ | ९९.२१ |
| ६० | छिलिङ | १३१४ | ०.०१ | ९९.२१ |
| ६१ | लोहोरुङ | १२०७ | ०.०१ | ९९.२२ |
| ६२ | पन्जाबी | ११६५ | ०.०१ | ९९.२३ |
| ६३ | चिनियाँ | ११०१ | ०.०० | ९९.२३ |
| ६४ | अङ्ग्रेजी | १०३७ | ०.०० | ९९.२३ |
| ६५ | मेवाहाङ | ९०४ | ०.०० | ९९.२४ |

| | | | | |
|---|---|---|---|---|
| ६६ | संस्कृत | ८२३ | ०.०० | ९९.२४ |
| ६७ | काइके | ७९४ | ०.०० | ९९.२५ |
| ६८ | राउटे | ५१८ | ०.०० | ९९.२५ |
| ६९ | किसान | ४८९ | ०.०० | ९९.२५ |
| ७० | चुरौटी | ४०८ | ०.०० | ९९.२५ |
| ७१ | बराम/भ्रामु | ३४२ | ०.०० | ९९.२५ |
| ७२ | तिलुङ | ३२० | ०.०० | ९९.२५ |
| ७३ | जेरोङ/जेरुङ | २७१ | ०.०० | ९९.२६ |
| ७४ | दुङमाली | २२१ | ०.०० | ९९.२६ |
| ७५ | उडिया | १५९ | ०.०० | ९९.२६ |
| ७६ | लिङ्खिम | ९७ | ०.०० | ९९.२६ |
| ७७ | कुसुन्डा | ८७ | ०.०० | ९९.२६ |
| ७८ | सिन्धी | ७२ | ०.०० | ९९.२६ |
| ७९ | कोचे | ५४ | ०.०० | ९९.२६ |
| ८० | हरियान्वी | ३३ | ०.०० | ९९.२६ |
| ८१ | मगही | ३० | ०.०० | ९९.२६ |
| ८२ | साम | २३ | ०.०० | ९९.२६ |
| ८३ | कुरमाली | १३ | ०.०० | ९९.२६ |
| ८४ | कागते | १० | ०.०० | ९९.२६ |
| ८५ | जोङ्खा | ९ | ०.०० | ९९.२६ |
| ८६ | कुकी | ९ | ०.०० | ९९.२६ |
| ८७ | छिन्ताङ | ८ | ०.०० | ९९.२६ |
| ८८ | मिजो | ८ | ०.०० | ९९.२६ |
| ८९ | नागामी | ६ | ०.०० | ९९.२६ |
| ९० | ल्होमी | ४ | ०.०० | ९९.२६ |
| ९१ | आसामी | ३ | ०.०० | ९९.२६ |
| ९२ | सधानी | २ | ०.०० | ९९.२६ |
| | अज्ञात भाषाहरू | १६८३४० | ०.७४ | १००.०० |
| | कुल | २२७३६९३४ | १००.०० | १००.०० |


स्रोत : राष्ट्रिय जनगणना (२०५८)

## परिशिष्ट २


### नेपालमा प्रयोगमा रहेका लिपिहरू[४]

| क्र.सं. | लिपि | भाषा |
|---|---|---|
| १. | देवनागरी | नेपाली, मैथिली, भोजपुरी, अवधी, नेवार आदि |
| २. | साम्बोटा/तिब्बती | तिब्बती, शेर्पा |
| ३. | रञ्जना | नेवार |
| ४. | भुजिँमोः | नेवार |
| ५. | पाचुँमोः | नेवार |
| ६. | गोलमोः | नेवार |
| ७. | लितुमोः | नेवार |
| ८. | कुँमोः | नेवार |
| ९. | सिरिजङ्गा | लिम्बू |
| १०. | रोङ | लेप्चा |
| ११. | बाङ्ला वा बङ्गाली | बाङ्ला वा बङ्गाली |
| १२. | तमु | गुरुङ |
| १३. | अक्खा | मगर |
| १४. | अरबी | उर्दू |
| १५. | रोमन | अङ्ग्रेजी, सन्थाल, गुरुङ |

[४] यादव, योगेन्द्रप्रसाद २००७. लिङ्ग्विस्टिक डाइभर्सिटी इन नेपाल : पर्स्पेक्टिभ्स अन ल्याङ्ग्वेज पोलिसी. इन्टरनेसनल सेमिनार अन कन्स्टिच्युसनलिज्म एन्ड डाइभर्सिटी इन नेपाल, २२-२४ अगस्त, २००७ मा प्रस्तुत कार्यपत्र, काठमाडौँ : नेपाल तथा एसियाली अनुसन्धान केन्द्र ।




*स्रोत : गुरुङ, हर्क, गुरुङ, योगेन्द्र र चिदी, छविलाल २००६, नेपाल एटलस अफ ल्याङ्ग्वेज ग्रुप्स , ललितपुर :,आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको अनुमतिमा प्रकाशित ।*




| District | Ethnic | Language |
|---|---|---|
| Above 35 | 7 | - |
| 30 - 34 | 18 | 4 |
| 25 - 29 | 23 | 6 |
| 20 - 24 | 13 | 21 |
| 15 - 19 | 13 | 18 |
| 10 - 14 | 1 | 20 |
| 5 - 9 | - | 5 |
| Less Then 5 | - | 1 |

*स्रोत : गुरुङ, हर्क, गुरुङ, योगेन्द्र र चिदी, छविलाल २००६, नेपाल एटलस अफ ल्याङ्ग्वेज ग्रुप्स , ललितपुर :,आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको अनुमतिमा प्रकाशित ।*

**बहुभाषी शिक्षा विस्तारको लागि**

**सहयोग सामग्री :**

*विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण*

# कार्यक्रम सञ्चालकको लागि पुस्तिका



# कार्यक्रम सञ्चालकको
# लागि पुस्तिका





## परिचय

*संसारभरिका विद्यालय नजाने बालबालिकामध्ये ५०% विद्यालयको कामकाजी भाषा र घरको भाषा फरक भएका समुदायका छन्। यसले पढाइको स्तर कमजोर हुने अनि विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुने अवस्था ल्याउने अनुत्पादक प्रचलनको प्रतिफल देखाउँछ। यो 'सबैका लागि शिक्षा' प्राप्त गर्न सबैभन्दा ठूलो चुनौती हो।* [१]

यो पुस्तिका माथि भनिएका जस्ता अल्पसङ्ख्यक भाषा बोल्नेहरूको पढाइ सम्बन्धी आवश्यकता पूरा गर्ने शिक्षा कार्यक्रमको बारेमा केन्द्रित छ। यो पुस्तिका निम्न लिखित विषयहरूमा छलफल गर्न प्रश्न र उत्तरको ढाँचामा तयार गरिएको छ।

- विद्यालयको कामकाजी भाषा नबोल्नेहरूको शैक्षिक स्थिति
- 'मातृभाषामा आधारित बहुभाषी शिक्षा' कार्यक्रमको परिभाषा र उद्देश्य
- विद्यार्थीको मातृभाषामा राम्रो शैक्षिक पूर्वाधार बनाउने प्रकिया र विद्यालयको कामकाजी भाषासम्म पुग्ने राम्रो "पुल"
- राम्रो बहुभाषी शिक्षाको योजना र अनुगमन

## अल्पसङ्ख्यक भाषिक समुदायमा भाषा र शिक्षा

### *प्रश्न १ : विद्यालयको कामकाजी भाषा नबोल्नेहरूको शैक्षिक स्थिति कस्तो हुन्छ ?*

नेपालको सन्दर्भमा सबैजसो सामुदायिक विद्यालयमा कामकाजी भाषाको रूपमा नेपाली प्रयोग हुन्छ। ती विद्यालयहरूमा नेपाली मातृभाषा नभएका बालबालिकालाई तीन किसिमका समस्या परेको एउटा अध्ययनले देखाएको छ[२] :

- उच्चारणको समस्या : नेपाली मातृभाषा नहुने विद्यार्थीले नेपाली राम्ररी उच्चारण गर्न सक्दैनन्, जस्तै (तामाङ वा गुरुङ भाषा बोल्ने विद्यार्थीलाई अ र आ छुट्याउन समस्या हुन्छ। फलस्वरूप यी भाषा बोल्ने बालबालिकालाई नेपालीको 'मर्नु' र 'मार्नु' जस्ता शब्द छुट्याउन गाह्रो पर्छ।

---

[१] वर्ल्ड बैङ्क. २००५. *एजुकेसन नोट्स. इन दियर वन ल्याङ्ग्वेज : एजुकेसन फर अल.* वासिङ्टन डि. सि., वर्ल्ड बैङ्क।

[२] चिराग, २००१. *बाइलिङ्गुअल एजुकेसन : अ स्टडी रिपोर्ट.* काठमाडौं : शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, अनुसन्धान तथा विकास शाखा।

- वाक्य तहमा समस्या : नेपाली मातृभाषा नहुने विद्यार्थीलाई नेपाली भाषाको काल, आदरार्थी, लिङ्ग, वचन, तिर्यक् रूप र पदक्रममा समस्या हुन्छ ।
- लिपिको समस्या : अर्को लिपि प्रयोग गर्ने समुदायबाट आएका बालबालिकालाई देवनागरी लिपिमा पढ्न र लेख्न समस्या हुन्छ । खास गरी मुस्लिम समुदायका बालबालिकालाई यस्तो समस्या छ ।

यी समस्या हुनुमा मुख्य तीन कारण देखिएका छन् :

- विद्यार्थीको घरको भाषाबाट विद्यालयको कामकाजी भाषा (नेपाली) मा क्रमशः स्थानान्तर गर्ने विद्यालयको नीति नहुनु,
- विद्यार्थीलाई नयाँ (नेपाली) भाषाको अभ्यास गर्ने अवसर कम हुनु, र
- विद्यार्थीको वरिपरि घरको भाषाको प्रयोग गर्ने वातावरण हुनाले नयाँ भाषा बिर्सनु ।

घरको भाषा र विद्यालयको कामकाजी भाषा फरक हुनेहरूले शिक्षा नै नपाउने वा स्तरीय शिक्षा नपाउने सम्भावना हुन्छ :

- धेरै ठाउँमा खास गरी दुर्गम क्षेत्रमा विद्यालय हुँदैनन् । विद्यालय भए पनि शिक्षक हुँदैनन् ।
- ती ठाउँमा विद्यालय भए पनि शिक्षकहरूले विद्यार्थीको समाज र संस्कृति बुझेका हुँदैनन् र विद्यार्थीको भाषा बोल्न सक्दैनन् ।
- भएका पाठ्य सामग्री र पाठ्य पुस्तकहरू पनि विद्यार्थीले नबुझ्ने भाषामा हुन्छन् । पाठहरू विद्यार्थीको अनुभव र ज्ञानमा आधारित नभएर मुख्य भाषा र संस्कृति अनुकूल हुन्छन् ।
- विद्यार्थीले विद्यालयको कामकाजी भाषा नबुझेपछि पाठको विषयवस्तु पनि बुझ्दैनन् । अनि धेरैले कक्षामा राम्रो गर्दैनन् र कक्षा दोहोऱ्याउनुपर्छ । त्यसबाट उनीहरूको पढ्ने जाँगर मर्छ र विद्यालय छाड्छन् ।

### *प्रश्न २ : मातृभाषामा आधारित बहुभाषी शिक्षा के हो ? यसले विद्यार्थीलाई सफल हुन कसरी मदत गर्छ ?*

मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम विद्यार्थीको पहिलो वा घरको भाषामा सुरु हुन्छ । यसले विद्यार्थीको विद्यालयको कामकाजी भाषा र आवश्यक भए अरू भाषाहरूमा पनि गति र आत्मविश्वास बढाउन मदत गर्छ । साथै विद्यार्थीलाई स्तरीय शिक्षा पाउन घरको र विद्यालयको कामकाजी भाषा दुवै प्रयोग गर्न प्रेरित गर्छ । सबल बहुभाषी शिक्षा कार्यक्रमले अल्पसङ्ख्यक भाषिक समुदायका विद्यार्थीले मुख्य भाषामा पढाइ हुने विद्यालयमा भोगेका थुप्रै शैक्षिक समस्या समाधान गर्न मदत गर्छ ।

***मूल धारका विद्यालयमा समस्या :*** विद्यार्थीले पढ्न सुरु गरेपछि पहिले कहिल्यै नसुनेको भए पनि उनीहरूले विद्यालयको भाषा बोलून् भन्ने आशा गरिन्छ ।

नेपालका मूल धारका विद्यालयको कक्षाकोठामा भाषा प्रयोगबारे एक जना विशेषज्ञले देखेको कुरा यस्तो छ :

> *मैले विद्यालयमा हेर्दा विद्यार्थीलाई मातृभाषा प्रयोग गर्न नदिन गरिने उपायहरू पत्ता लागेका छन् । उदाहरणको लागि शिक्षकले कक्षामा नेपाली भाषा मात्र बोल्छन् र नेपाली भाषामा मात्र सिकाउँछन् अनि विद्यालयका सबै काम नेपाली भाषामै हुन्छन् । यसले बालबालिकालाई आफ्नो भाषा छाड्न मनोवैज्ञानिक दबाब पर्छ । अङ्ग्रेजीको कक्षामा मैले अङ्ग्रेजी बाहेक अरू भाषा बोल्न नपाइने नियम रहेको पनि पाएँ । यस्तो नियम भएको विद्यालयमा अङ्ग्रेजी बाहेक अरू भाषा बोल्ने विद्यार्थीले कम अङ्क पाउँछन् ।*[३]

- बहुभाषी शिक्षा समाधान : विद्यार्थीले आफ्नो घरको वा पहिलो भाषा प्रयोग गरेर पढ्न सुरु गर्छन् । एउटै कक्षामा धेरै भाषा बोल्ने विद्यार्थीहरू छन् भने एउटा स्थानीय भाषालाई सम्पर्क भाषा बनाउन सकिन्छ ।

***मूल धारका विद्यालयमा समस्या :*** विद्यार्थीले नयाँ भाषा बुझ्न र ती भाषामा नयाँ धारणा प्रयोग गर्न शब्दभण्डार चाहिन्छ । तर चाहिने जति शब्दभण्डार बनाउनुभन्दा पहिल्यै उनीहरूले नयाँ भाषाको माध्यमले अमूर्त धारणाहरू सिक्नु पर्ने हुन्छ ।

- बहुभाषी शिक्षा समाधान : सुरुका तहमा शिक्षकले ज्ञान सिकाउन विद्यार्थीले जानेको भाषा प्रयोग गर्छन् । साथसाथै विद्यार्थीले नयाँ भाषा पहिले बोल्न अनि पढ्न र लेख्न सिक्न थाल्छन् ।

  जब बालबालिकाले नयाँ भाषामा गति बढाउदै जान्छन् शिक्षकले त्यो भाषामा पढाउन थाल्छन् । तर विद्यार्थीहरूलाई नयाँ कुराको धारणा दिन उनीहरूले के सिके भन्ने कुरा जाँच्न र नबुझेका कुरा बुझाउन उनीहरूको घरको भाषा पनि प्रयोग गर्छन् ।

  विद्यार्थीले एक पटक पहिलो भाषामा धारणाहरू बुझे भने उनीहरूले फेरि त्यही कुरा दोस्रो भाषामा सिक्नु पर्दैन । उनीहरूले त्यो भाषामा जानेका कुरा दोस्रो भाषामा भन्न नयाँ शब्दभण्डार मात्रै भए पुग्छ । त्यसैले धेरै बहुभाषी शिक्षा कार्यक्रमका शिक्षकहरू मेरा विद्यार्थीले यी धारणा बुझेको यो पहिलो पटक हो भन्छन् ।

राम्ररी योजना गरिएका मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रमबाट तल भनिए जस्ता विद्यार्थी तयार हुन्छन् :

- बहुभाषी : उनीहरूले विद्यालयमा पढ्दा दिनहुँ छलफलमा दुई वा दुईभन्दा बढी भाषा प्रयोग गर्छन् ।
- बहुसाक्षर : उनीहरू दुई वा दुईभन्दा बढी भाषामा राम्ररी लेख्न र पढ्न सक्छन् ।
- बहुसांस्कृतिक : उनीहरूले आफ्नो संस्कृति र समुदायप्रति माया र आदर कायमै राखेर आफ्नो समुदाय बाहिरका मानिससँग सजिलै घुलमिल गर्न र काम गर्न सक्छन् ।

---

[३] अवस्थी, लवदेव २००४. एक्स्प्लोरिङ मोनोलिङ्गुअल स्कुल प्राक्टिसेज इन मल्टिलिङ्गुअल नेपाल. पिएच्डी शोधग्रन्थ, कोपेनहेगेन : डेनिस युनिभर्सिटी अफ एजुकेसन, पृ. १९७।

### *प्रश्न ३ :    बालबालिका पहिलो भाषाबाट विद्यालयको कामकाजी भाषातिर जाने प्रक्रिया के हो ?*

तालिम पाएका शिक्षकहरू तथा विद्यार्थीको घरको र विद्यालयको दुवै भाषामा स्तरीय सामग्री छन् भने भाषा सिकाउने काम छिटो हुन सक्छ । तर तालिम पाएका शिक्षक नभएमा, पर्याप्त सिक्ने-सिकाउने सामग्रीहरू नभएमा र विद्यार्थीलाई विद्यालयभन्दा बाहिर नयाँ भाषासँग खेल्ने मौका कम भएमा बिस्तारै अघि बढ्नु राम्रो हुन्छ । यसो गर्दा विद्यार्थी र शिक्षक दुवै अल्मलिँदैनन् ।

मातृभाषामा आधारित बहुभाषी शिक्षाको एउटा अन्तर्निहित सिद्धान्त के हो भने विद्यार्थीले पहिले नै जानेका ज्ञान, अनुभव र आफ्नो भाषा प्रयोग गरेर नयाँ भाषा र नयाँ धारणा राम्ररी सिक्न सक्छन् । त्यसैले बहुभाषी शिक्षा कार्यक्रमले पहिलो भाषामा राम्रो शैक्षिक आधार र दोस्रो भाषासम्म पुग्ने पुल बनाउन विद्यार्थीलाई मदत गर्छ ।

***पहिलो भाषामा सुरु :*** राम्रो बहुभाषी शिक्षा कार्यक्रममा विद्यार्थीले राम्ररी बोल्ने र बुझ्ने पहिलो भाषामा सिक्न सुरु गरेर दरो शैक्षिक आधार बनाउँछन् । पाठमा विद्यार्थीका ज्ञान र अनुभव जोडेर नयाँ विषयहरू दिइएका हुन्छन् । पहिलो भाषामा बनेको यस्तो आधारले विद्यार्थीलाई अरू भाषा राम्ररी सिक्न मदत गर्छ भन्ने कुरा अनुसन्धानबाट थाहा भएको छ :

> *विद्यार्थीको आफ्नो मातृभाषाको विकासको स्तरले तिनको दोस्रो भाषाको विकासलाई देखाउँछ ... आफ्नो मातृभाषामा दरो आधार भएका बालबालिकाले विद्यालयको भाषामा राम्रो साक्षरता क्षमताको विकास गर्छन् ।*[४]



© वर्ल्ड एजुकेसन

४ कमिन्स, जे. २०००. *बाइलिङ्गुअल चिल्ड्रेन्स मदर टङ : ह्वाइ इज इट इम्पोर्टेन्ट फर एजुकेसन ?* http://www.iteachilearn.com/cummins/mother.htm (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

***नयाँ भाषामा स्थानान्तर :*** आफ्नो घरको भाषामा शैक्षिक आधार बनाइसकेपछि विद्यार्थीले नयाँ भाषामा पहिले बोल्न र त्यसपछि लेख्न-पढ्न सिक्छन्। तापनि उनीहरूले नयाँ भाषामा आधारभूत क्षमता हासिल गर्ने बित्तिकै आफ्नो पहिलो भाषा प्रयोग गर्न छाड्दैनन्। बरु कम्तीमा प्राथमिक तहसम्म सिकाइमा दुवै भाषा प्रयोग गर्छन् :

> *विद्यार्थीले प्राथमिक विद्यालयमा दुई वा दुईभन्दा बढी भाषामा आफ्नो क्षमता बढाउँदै जान्छन् र भाषाको राम्रो प्रयोगबारे गहिरोसँग बुझ्छन्। उनीहरूलाई भाषा प्रक्रियामा बढ्ता अभ्यास हुन्छ। उनीहरू दुवै भाषामा साक्षर भएपछि दुई छुट्टाछुट्टै भाषामा यथार्थको कसरी संयोजन गरिन्छ भन्नेबारे तुलना र विभेद गर्न सक्ने हुन्छन्।* [५]

सुरुमा विद्यार्थीको पहिलो भाषा र त्यसपछि नयाँ भाषाहरू पहिले कथ्य अनि लेख्य रूपमा थपेर हामी भाषा शिक्षाका लागि चार सामान्य चरणहरू निर्धारण गर्न सक्छौं (थपिने हरेक नयाँ भाषाका लागि थप चरणहरू हुन सक्छन्)। प्रत्येक चरण त्यसभन्दा अघिल्लो चरणमा आधारित हुन्छ र हरेक चरणमा शिक्षकले बालबालिकाले पहिले सिकेका कुराहरूको सबलीकरण गर्छन्।

(उपयुक्त भए अतिरिक्त भाषा थप्ने)
पहिलो र दोस्रो कथ्य र लेख्य भाषाको विकास निरन्तर

दोस्रो भाषामा पढाइ र लेखाइ सुरु
पहिलो कथ्य र लेख्य अनि दोस्रो कथ्य भाषाको विकास निरन्तर

दोस्रो भाषामा सुनाइ र बोलाइ सुरु
पहिलो कथ्य र लेख्य भाषाको विकास निरन्तर

पहिलो भाषामा पढाइ र लेखाइ सुरु
पहिलो कथ्य भाषाको विकास निरन्तर

पहिलो भाषामा सुनाइ बोलाइको गति र आत्मविश्वास निर्माण[६]
(भर्खरै स्कुल सुरु गरेका बालबालिकाको लागि)

प्राथमिक तहमा भाषा शिक्षाका चरणहरू[७]

---

५ कमिन्स, जे. २०००. *बाइलिङ्गुअल चिल्ड्रेन्स मदर टङ : ह्वाइ इज इट इम्पोर्टेन्ट फर एजुकेसन ?* http://www.iteachilearn.com/cummins/mother.htm (१७ नोभेम्बर २००६ मा प्राप्त)।

६ पहिलो भाषा : बालबालिकाको पहिलो/घरको/पैतृक भाषा, उनीहरूले सबैभन्दा बढी जानेको भाषा।
दोस्रो भाषा बालबालिकाको दोस्रो/कामकाजी/राष्ट्र भाषा।

७ 'मालोन, एस. २००५. *प्लानिङ कम्युनिटी-बेस्ड एजुकेसन प्रोग्राम्स इन माइनरिटी ल्याङ्ग्वेज कम्युनिटिज. रिसोर्स म्यानुअल फर मदर टङ स्पिकर्स फर माइनरिटी ल्याङ्ग्वेजेज इङ्गेज्ड इन प्लानिङ एन्ड इम्प्लिमेन्टिङ एजुकेसन प्रोग्राम्स इन दियर वन कम्युनिटिज'* मा आधारित।

## *प्रश्न ४ : मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम प्रभावकारी रूपमा लागु गर्न के के कुरा चाहिन्छ ?*

संसारभरिका बहुभाषी शिक्षा कार्यक्रमहरूको एउटा अध्ययनबाट सफल र दिगो कार्यक्रमहरूका बीचमा केही साझा विशेषता हुन्छन् भन्ने देखिएको छ :

१. अल्पसङ्ख्यक भाषिक समुदायले कार्यक्रमको योजना बनाउन, लागु गर्न, मूल्याङ्कन गर्न तथा सञ्चालन गर्नमा साझा जिम्मेवारी लिन्छन् ।

२. सरकारी निकाय, गैरसरकारी संस्था, विश्वविद्यालय र अन्य इच्छुक संघ-संस्थाहरू कार्यक्रममा मिलेर काम गर्छन् ।

३. कार्यक्रमका सबै पक्षहरू खास गरी तालिम, सामग्री र स्थानीय शिक्षकको पारिश्रमिकको लागि पुग्ने गरी रकम छुट्याइन्छ ।


४. विद्यार्थी, अभिभावक र उनीहरूको समुदायले आफ्ना शैक्षिक उद्देश्य पूरा गर्न सहयोग गर्ने कार्यक्रमका फाइदाहरूबारे बुझेका हुन्छन् ।





© युनेस्को

कार्यक्रम लागु गर्न र तिनलाई दिगो बनाउन निम्नलिखित सामान्य क्रियाकलाप गरिन्छ :




माथिको रेखाचित्रमा दिइएका मध्ये सबै क्रियाकलापमा कार्यक्रम लागु गर्नेहरू सहभागी नहुन पनि सक्छन् । उदाहरणका लागि उनीहरू बहुभाषी शिक्षा कार्यक्रमबारे नीति बनाउन र कोषको सुरक्षाको काममा सहभागी नहुन पनि सक्छन् । तर तिनीहरू अरू धेरै क्रियाकलापमा सहभागी हुन्छन् । तल यी क्रियाकलापका बारेमा छोटो र सामान्य परिचय दिइएको छ :

***सहयोगी राजनीतिक वातावरण बनाउने :*** मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रमको लागि राजनीतिक र आर्थिक सहयोग लिन नीति निर्माता र अन्य निकायहरू परिचालन गर्नु पर्ने हुन्छ । यसको लागि उनीहरूलाई कार्यक्रमका उद्देश्य र फाइदाबारे स्पष्ट पार्नु पर्छ । कार्यक्रम सञ्चालकहरू मिलेर अनुकूल राजनीतिक वातावरण बनाउन बालबालिकालाई पूर्वप्राथमिक शिक्षा र विद्यालय छाडेपछि दिइने शिक्षाका साना अनौपचारिक कार्यक्रमहरू सुरु गर्न सकिन्छ । यो काम औपचारिक नीति बन्नुभन्दा अघि नै गर्न सकिन्छ । यस्ता निजी कार्यक्रम सफल भएपछि त्यसबाट बहुभाषी शिक्षा कार्यक्रमको महत्वबारे स्पष्ट हुन्छ र कार्यक्रमलाई चाहिने राजनीतिक सहयोग जुटाउन मदत पुग्छ ।

कार्यक्रम सञ्चालकहरूको उच्च तहका सरकारी अधिकारीसम्म पहुँच नहुन वा उनीहरूले नीति निर्माणको तहमा आवाज पुऱ्याउन नसक्ने स्थिति रहन सक्छ तापनि अरू भाषिक समुदाय, सरकारी निकाय, गैरसरकारी संस्थाहरूसँग सहकारी सम्बन्ध विकास गर्न सकिन्छ । एक्लैले भन्दा मिलेर काम गर्दा यस्ता समूहहरूको आवाज बढी शक्तिशाली हुन्छ । त्यसैले "माथि" परिवर्तन ल्याउन र त्यसलाई दिगो राख्न सम्बन्ध बढाउने कामलाई सधैँ प्राथमिकता दिनु पर्छ ।

***योजनाको लागि सूचना सङ्कलन गर्ने :*** राम्रा कार्यक्रमहरू राम्रा योजनाबाट सुरु हुन्छन् र राम्रा योजनाको लागि राम्रो सूचना चाहिन्छ । तलका प्रश्नका उत्तरले राम्रो बहुभाषी शिक्षा कार्यक्रमको योजना बनाउन चाहिने कुराहरूबारे स्पष्ट गर्छन् ।

- भाषिक समुदायका मानिसले आफ्नो अहिलेको शैक्षिक अवस्थाबारे के भन्छन् ? (उनीहरूका बालबालिकाको शिक्षाको लागि लक्ष्य के हो ? उनीहरूका कस्ता समस्या र आवश्यकता छन् ?)
- बहुभाषी शिक्षा कार्यक्रम सुरु गर्न कुन कुन अल्पसङ्ख्यक भाषिक समुदाय तयार छन् ? (शिक्षा सम्बन्धी उद्देश्यका लागि उनीहरूले आफ्नो भाषाको विकास गर्ने अठोट गरेका छन् ? उनीहरूले शिक्षक र लेखक हुन सक्नेहरूको खोजी गरेका छन् ? उनीहरूसँग कक्षा चलाउने ठाउँ छ ? उनीहरू यस्ता कार्यक्रम लागु गर्न र चलाउन मिलेर काम गर्न इच्छुक छन् ?)
- स्थानीय भाषाको स्थिति कस्तो छ ? (यसको मातृभाषी वक्ता, शिक्षाविद् र सरकारी अधिकारीहरूले मान्यता दिने लेखन पद्धति छ ?)
- कस्ता स्रोत उपयोग गर्न सकिन्छ ? (तालिम कहाँ हुन्छ ? तालिम कसले दिन्छ ? कक्षाको निरीक्षण कसले गर्छ ? बहुभाषी शिक्षाको पाठ्यक्रम बनाउन कसले मदत गर्छ ? विद्यार्थीको भाषामा पाठ्य सामग्री कसले बनाउँछ ?)
- कार्यक्रम लागु गर्न र यसलाई दिगो राख्न के कुराहरूले बाधा पुऱ्याउन सक्छन् र समस्याको समाधान के हुन सक्छ ? (तालिम, निरीक्षण र सामग्रीको वितरण गर्न यातायातको समस्या छ कि ? स्थानीय तहमै तालिम दिन सकिन्छ कि ? अरू शिक्षकको निरीक्षण गर्न त्यहीँ वरिपरिको कसैलाई मुख्य शिक्षक राख्न सकिन्छ कि ?)
- पाइएका प्रतिवेदन र अरू अभिलेखको आधारमा भाषा र शिक्षाको अहिलेको स्थिति कस्तो देखिन्छ ? (हरेक भाषिक समुदायका कति प्रतिशत बालबालिका विद्यालय जाने गरेका छन् ? तीमध्ये कतिले कक्षा ६ र कतिले कक्षा १० सम्म पढेका छन् ? कति प्रतिशत प्रौढहरूले छापेको सामग्री पढ्न सक्छन् ? कुन कुन भाषामा पढ्न सक्छन् ?




© एम एल इ नेपाल

## नेपालको उदाहरण :

## भाषा समुदायको भाषा प्रयोगबारेको धारणा[८]

नेपालको भाषिक विविधताको स्थितिबारे भरखरै गरिएको एउटा अध्ययनले विभिन्न भाषाभाषीहरू आफ्ना मातृभाषाबारे सकारात्मक धारणा राख्दछन् भने देखाएको छ। नेपालका ७८ वटा भाषाका भाषिक संस्थाका प्रतिनिधि तथा अन्य व्यक्तिलाई "तपाईंलाई मुख्य भाषाको वक्ताको अगाडि आफ्नो मातृभाषा/पहिलो भाषा बोल्दा गौरव लाग्छ/दुःख लाग्छ/केही अनुभव हुँदैन?" भन्ने प्रश्न सोधिएको थियो। तीमध्ये ७६ वटा (९७%) भाषाका वक्ताले आफ्नो मातृभाषा बोल्दा गौरव लाग्ने बताए भने दुई वटा भाषा बराम र संस्कृतका वक्ताले भने आफूहरूले नेपाली भाषालाई पहिलो भाषाका रूपमा प्रयोग गर्न थालिसकेको हुँदा केही अनुभव हुँदैन भन्ने तटस्थ जवाफ दिए। यसबाट नेपालका झन्डै सबै जसो भाषाका मातृभाषी वक्ता आफ्नो भाषा प्रतिष्ठापूर्ण ठान्छन् भन्ने देखिएको छ।




[८] यादव, योगेन्द्रप्रसाद र अरू (तयारीको क्रममा). लिङ्ग्विस्टिक डाइभर्सिटी इन नेपाल : सिचुएसन एन्ड पोलिसी प्लानिङ।

**फिलिपिन्सको उदाहरण :**

## अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमको लागि प्रारम्भिक अनुसन्धान[९]

फिलिपिन्सको अनौपचारिक शिक्षा ब्युरोले सुरुमा पहिलो भाषा कार्यक्रम विभिन्न भाषिक समुदायमा सुरु गऱ्यो । तीमध्ये एउटा दिगो रूपमा चलेको बतानको मोरोङमा मक्बिकिन भाषिक समुदायका आदिवासी जनताको शिक्षा कार्यक्रम हो । यस कार्यमूलक अनुसन्धान परियोजनाका दुई चरण छन् । पहिलो चरणमा सिकाइमा चाहिने कुराहरू पहिल्याउन र स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री बनाउन जोड दिइयो । दोस्रो चरणमा पाठ्य सामग्री उत्पादन, क्षमता विकास तथा विद्यार्थीहरूको समूह बनाउने कामहरू भए । कार्यक्रमका सहजकर्ताहरूले भाषिक समुदायका लक्ष्य र आवश्यकताहरूबारे उनीहरूबाटै थाहा पाउन थुप्रै रणनीतिहरू प्रयोग गरेका थिए । यस कार्यक्रमको प्रतिवेदनमा ती अनुसन्धान रणनीतिहरू पनि समावेश गरिएको छ । ती यस्ता छन् :

- कार्यमूलक अनुसन्धानको माध्यमबाट सूचना लिन परियोजनाका उद्देश्य र प्रक्रियाहरूबारे अभिमुखीकरण कार्यक्रम गर्ने
- समुदायका नेता तथा अरू सदस्यहरूसँग सम्बन्ध राख्न समुदायसँग संवाद कार्यक्रम गर्ने
- समुदायको बारेमा सूचना लिन खास खास विषयहरूमा समूह छलफल चलाउने
- समूह छलफलबाट आएका सूचनाहरूको पुष्टि गर्न र अरू सूचना थप्न घरदैलो कार्यक्रम गर्ने तथा समुदायका मुख्य सदस्यहरूसँग अन्तर्वार्ता लिने

ती कार्यक्रमको माध्यमले समुदायबाट आएका सूचनाहरूका आधारमा तिनका आवश्यकता र समस्याहरूबारे जानकारी भयो । त्यसपछि ती आवश्यकता र समस्याहरूको वर्गीकरण गर्ने र प्राथमिकता तोक्ने काम गरियो । कार्यक्रमका सहजकर्ताहरूले ती आवश्यकता र समस्यालाई अनौपचारिक शिक्षा कार्यक्रममा खास समुदायका लागि पाठ्यक्रम बनाउँदा ध्यान दिए ।

***जनचेतना वृद्धि गर्ने र साझेदारी बढाउने :*** बहुभाषी शिक्षा कार्यक्रममा जोसँग सहयोग लिनु पर्ने हुन्छ ती मानिसहरूलाई बहुभाषी शिक्षाको उद्देश्य र फाइदाको बारेमा जानकारी दिनु पर्ने हुन्छ । जनचेतना बढाएर र विभिन्न कार्यक्रमहरू गरेर उनीहरूलाई बहुभाषी शिक्षा कार्यक्रममा मिलेर योजना बनाउन, लागु गर्न र त्यसलाई मदत गर्न उत्साहित पार्ने सूचनाहरू दिनुपर्छ । यस्ता कार्यक्रमहरू समुदाय, जिल्ला, क्षेत्रीय र केन्द्रीय तहमा गर्न सकिन्छ ।

***समुदायमा जनचेतना बढाउने र परिचालन गर्ने :*** धेरै वर्षदेखि आफूलाई विभेद र बेवास्ता गरिएको अनुभव गरेको अल्पसङ्ख्यक भाषिक समुदायमा आफ्नो भाषा र संस्कृतिको कुनै महत्व छैन भन्ने सोचाइ हुन सक्छ । उनीहरूमा आफ्ना छोराछोरीलाई जति सक्यो छिटो मुख्य भाषा सिकाउनु

[९] वाल्लेस, एम. सि. २००५. एक्सन रिसर्च अन द डेभलप्मेन्ट अफ एन इन्डिजिनस पिपुल्स एजुकेसन प्रोग्राम फर द मग्बिकिन ट्राइब इन मोरोङ, बतान, फिलिपिन्स. *युनेस्को, फस्ट ल्याङ्ग्वेज फस्ट : कम्युनिटी-बेस्ड लिटरेसी प्रोग्राम्स फर माइनरिटी ल्याङ्ग्वेज कन्टेक्स्ट्स इन एसिया.* ब्याङ्कक, युनेस्को, पृ. १८१ -१९५ ।

सबैभन्दा राम्रो काम हो भन्ने विचार हुन सक्छ । आफ्ना छोराछोरीले कक्षामा आफ्नो भाषा बोले भने मुख्य भाषा सिक्ने मौका पाउँदैनन् कि भन्ने चिन्ता हुन सक्छ ।

यस्तो अवस्थामा जनचेतना वृद्धि कार्यक्रममा बहुभाषी शिक्षाको भाषिक र सांस्कृतिक महत्वमाथि जोड दिइनुपर्छ । यसको लागि समुदायका सदस्य र अभिभावकहरूसँग बहुभाषी शिक्षा कार्यक्रमबारे कुराकानी गर्ने, उनीहरूको भाषामा पाठ्य सामग्रीहरू देखाउने, नाटक तथा प्रहसन देखाउने (उदाहरणको लागि कक्षामा विद्यार्थीले नबुझ्ने भाषा बोल्ने शिक्षक भएको प्रहसन र त्यसपछि विद्यार्थीको घरको भाषा प्रयोग गर्ने शिक्षक भएको प्रहसन) र त्यसले भन्न खोजेको कुराबारे छलफल गर्ने, अर्को समुदायमा चलेको बहुभाषी शिक्षा कार्यक्रमको भ्रमण गर्ने तथा बहुभाषी शिक्षाको कक्षाको भिडियो देखाउने क्रियाकलापहरू गर्न सकिन्छ ।



© नेवाःस्कुल

## फिलिपिन्सको उदाहरण :
## प्राथमिक विद्यालय कार्यक्रमको लागि समुदाय तहमा जनचेतना बढाउने कार्यक्रम[१०]

फिलिपिन्समा शिक्षाको क्षेत्रमा काम गर्नेहरूले एउटा स्थानीय समुदायको भ्रमण गरे । उनीहरूले विद्यालयमा चलेका बहुभाषी शिक्षा कार्यक्रमको बारेमा अभिभावकहरूसँग कुरा गरे । केही अभिभावकहरूले अझै कार्यक्रमको उद्देश्य पटक्कै बुझेका थिएनन् । आफ्ना छोराछोरीले त्यहाँका कामकाजी भाषा फिलिपिनो र अङ्ग्रेजी राम्ररी सिक्न सक्दैनन् कि भन्ने चिन्ता उनीहरूमा थियो । भ्रमण गर्नेहरूले बहुभाषी शिक्षा कार्यक्रमले उनीहरूका छोराछोरीलाई घरको भाषामा शिक्षाको आधार बनाउँछ र कामकाजी भाषातिर जान सजिलो बनाउँछ भने । भ्रमण गर्नेहरूले अभिभावकले सोधेका कुरा राम्ररी बताए र देशका अरू ठाउँका उदाहरणहरू दिए । भेटघाटको अन्त्यमा ती अभिभावकहरूले भ्रमण गर्नेहरूलाई भने “ठीक छ, हामी कार्यक्रम चलाउँछौँ तर तपाईँहरू फर्केर मनिलाका मानिसहरूलाई शिक्षाको राम्रो आधार र कामकाजी भाषातिर जाने पुल बनाउन हाम्रा छोराछोरीलाई सहयोग गर्ने कुरामा ढुक्क हुन भन्नुहोस् ।”

***जिल्ला र क्षेत्रीय तहमा जनचेतना बढाउने र परिचालन गर्ने :*** शिक्षा अधिकारीहरूले प्राथमिक विद्यालयमा कामकाजी बाहेक अरू भाषा पनि प्रयोग गर्नु पर्ने कारण बुझेका छैनन् भने तिनीहरूबाट बहुभाषी शिक्षा कार्यक्रमको लागि सहयोग लिन गाह्रो हुन्छ । त्यसैले स्थानीय, जिल्ला र क्षेत्रीय तहका शिक्षा अधिकारीहरूलाई बहुभाषी शिक्षा कार्यक्रम किन आवश्यक छ ? यसको उद्देश्य के हो ? र यसबाट के फाइदा हुन्छ ? भन्ने कुराको जानकारी दिइनु पर्छ । उनीहरूलाई बहुभाषी शिक्षा कार्यक्रम लागु गर्नु र यसलाई सहयोग गर्नु महत्वपूर्ण काम हो भन्नेमा आश्वस्त पार्नु पर्छ ।

परिचालन क्रियाकलापमा यी कुराहरू पर्छन् :

- अल्पसङ्ख्यक भाषिक समुदायका सदस्यहरूसँग विद्यालयको कामकाजी भाषा नबोल्ने विद्यार्थीलाई विद्यालयमा परेका समस्याबारे छलफल गर्ने;
- उनीहरूसँगै बहुभाषी शिक्षा कक्षाहरूको भ्रमण गरेर वा त्यस्ता कक्षाहरूको भिडियो हेरेर त्यसबारे छलफल गर्ने,
- प्रारम्भिक अनुसन्धान, तालिम, कार्यशाला, र पाठ्यक्रम विकासमा उनीहरूलाई सहभागी गराउने, र
- कसरी प्रभावकारी कार्यक्रम बनाउने भनेर विचार गर्न उनीहरूलाई प्रोत्साहन दिने ।

---

१० लेखकको व्यक्तिगत कुराकानीमा आधारित. २००१. फिलिपिन्स ।

### पपुवा न्यु गिनीको उदाहरण :

### पूर्वप्राथमिक शिक्षाको लागि प्रान्तीय तहमा जनचेतना वृद्धि कार्यक्रम[११]

काउगेल भाषिक समुदायमा बालबालिकाको लागि पूर्वप्राथमिक तहमा मातृभाषामा शिक्षा सुरु गरियो । यसको लागि सबैभन्दा पहिले एउटा भाषा तथा शिक्षा सङ्गठन स्थापना गरियो र त्यसलाई गैरसरकारी संस्थाको रूपमा दर्ता गरियो । कार्यक्रमका संयोजक एक जना पूर्वशिक्षक थिए । उनलाई स्थानीय तहमा कार्यक्रम दिगो रूपले चलाउन प्रान्तीय अधिकारीहरूको स्वीकृति लिनु पर्छ भन्ने जानकारी थियो । कार्यक्रमको लागि काउगेल भाषामा तहगत रूपमा पाठ्य सामग्री तयार पारिएको थियो । उनी ती सामग्री लिएर प्रान्तीय शिक्षा कार्यालयमा गए । उनले प्रान्तीय शिक्षा अधिकारीलाई तालिम कार्यशाला तथा कक्षाहरूको भ्रमण गर्न निम्तो दिए । उनले कार्यक्रमबारेका नियमित प्रतिवेदनहरू शिक्षा कार्यालयमा पठाए । उनले मातृभाषामा पूर्वप्राथमिक शिक्षा कार्यक्रम सुरु गर्न चाहने अरू भाषिक समुदायलाई तालिम दिनको लागि सहयोग गर्न पनि प्रान्तीय शिक्षा अधिकारीहरूसँग आग्रह गरे । काउगेल कार्यक्रम र प्रान्तीय शिक्षा कार्यालयबीचको यो सम्बन्धले दोहोरै फाइदा भयो- काउगेल प्रशिक्षकहरूले शिक्षक तालिम कार्यशालामा सहयोग गरे भने शिक्षा कार्यालयले काउगेल कार्यक्रमलाई कक्षाकोठाका सामग्री दियो । सन् १९८४ मा सुरु भएको काउगेल भाषामा पूर्वप्राथमिक शिक्षा कार्यक्रम बीस वर्षभन्दा बढी राम्ररी चल्यो । अहिले “काउगेल-पहिलो” कार्यक्रम पपुवा न्यु गिनीको औपचारिक शिक्षामै समेटिएको छ ।

***राष्ट्रिय तहमा जनचेतना बढाउने र परिचालन गर्ने :*** नीति बनाउने र अरू सरकारी अधिकारीहरूलाई देशभित्र र बाहिरका सफल कार्यक्रमहरूको भ्रमण गराउनुपर्छ । यो सबैभन्दा राम्रो जनचेतना बढाउने क्रियाकलाप हो । अर्को क्रियाकलाप बहुभाषी शिक्षामा जोड दिने क्षेत्रीय वा राष्ट्रिय स्तरको सम्मेलन वा कार्यशालाको आयोजना हुन सक्छ ।

---

[११] काउगेल भाषाको कार्यक्रममा सन् १९८२ देखि १९८७ सम्म काम गर्दाको लेखकको अनुभवमा आधारित ।

**नेपालको उदाहरण :**

## बहुभाषी शिक्षाको लागि राष्ट्रिय तहमा जनचेतना बढाउन बहुभाषी शिक्षा सम्मेलन[१२]

नेपालमा शिक्षा तथा खेलकुद मन्त्रालय, त्रिभुवन विश्वविद्यालय (भाषाविज्ञान केन्द्रीय विभाग र नेपाल तथा एसियाली अनुसन्धान केन्द्र), युनेस्को र एसआइएल इन्टरनेसनलको आयोजनामा अक्टोबर १-३, २००७ मा बहुभाषी शिक्षा सम्मेलन भएको थियो । यसको मुख्य उद्देश्य बहुभाषी शिक्षा कार्यक्रमको औचित्य, सिद्धान्त र व्यवहारबारे साझा अवधारणा बनाउन मुख्य साझेदारहरूलाई एकै ठाउँमा ल्याउनु थियो । यसको साथै सम्मेलनको लक्ष्य सहभागीहरूमा नेपालमा बहुभाषी शिक्षाको लागि विचार, योजना र दृष्टिकोणको विकास गर्न व्यावसायिक अन्तरक्रियाको वातावरण तयार पार्नु थियो । यो सम्मेलन खास गरी बहुभाषी शिक्षा कार्यक्रमको योजना कसरी बनाउने र कसरी लागु गर्ने भन्नेबारे रुचि लिएका व्यक्तिहरूलाई बढी उपयोगी भएको पाइयो ।

सम्मेलनका मुख्य विषय यस प्रकार थिए :

- अनुसन्धानहरूले किन अल्पसङ्ख्यक भाषिक समुदायका विद्यार्थीहरू शिक्षाका दृष्टिले पछाडि परेको देखाउँछन् ?
- बहुभाषी शिक्षाका फाइदाहरू के हुन् ?
- अनुसन्धानले बहुभाषी शिक्षाबारे के भन्छ ?
- बहुभाषी शिक्षा कार्यक्रमको सफलता र दिगोपनको लागि के चाहिन्छ ?

१२ अक्टोबर १-३, २००७ मा काठमाडौँमा आयोजित बहुभाषी शिक्षा सम्मेलनको प्रतिवेदन ।

अन्त्यमा सहभागीहरूको संयुक्त प्रयासबाट नेपालको सन्दर्भमा बहुभाषी शिक्षाको विस्तार सम्बन्धी निम्न लिखित सुझावहरू आए :

| के गर्नु पर्छ ? | कसरी गर्नु पर्छ ? | कसले गर्नु पर्छ ? |
|---|---|---|
| ***बहुभाषी कक्षाको लागि*** | | |
| शिक्षकहरूले चाहिएका ठाउँमा एकभन्दा बढी भाषाहरू प्रयोग गर्नु पर्छ; वा मातृभाषी सहायकहरूको व्यवस्था गर्नु पर्छ | शिक्षकहरूको मूल्याङ्कन र तालिमको व्यवस्था र बहुभाषी शिक्षण-सिकाइ सामग्रीको विकास गर्ने | शिक्षक /विश्वविद्यालय /निकायहरूले |
| विद्यार्थी केन्द्रित शिक्षण-सिकाइ सामग्री (विद्यार्थीले नै बनाएको) प्रयोग गर्नु पर्छ | विद्यार्थीले नयाँ सामग्री बनाउने, तिनका रचनात्मक सीपको उपयोग गर्ने | विद्यार्थीले |
| धेरै समूह बनाउन सकिँदैन तैपनि कक्षालाई भाषाका आधारमा विभिन्न समूहमा बाँड्नु पर्छ | कक्षामा भाषाहरूको पहिचान गर्ने; सहायक शिक्षकहरूको व्यवस्था गर्ने | विद्यालय व्यवस्थापन समितिले |
| ***सबै विद्यार्थीको लागि उपयुक्त विद्यालय बनाउने*** | | |
| मातृभाषामा आधारित शिक्षामा शिक्षक दक्ष हुनु पर्छ। (दक्ष शिक्षक र चाहिने साधनहरूको व्यवस्था गर्नु पर्छ) | तालिम, अनुभव, पुरस्कार र दण्डको व्यवस्था गर्ने | शिक्षकले |
| मातृभाषामा आधारित बहुभाषी शिक्षाप्रति सचेत हुनु पर्छ र शिक्षण-सिकाइमा संलग्न हुनु पर्छ | अभिभावक शिक्षा दिने, समुदायको जानकारीको स्तरमा वृद्धि गर्ने | समुदाय, विद्यालय व्यवस्थापन समितिले |
| समावेशी शिक्षा दिन सरकारी निकायहरूले योजना बनाउने, बजेट छुट्याउने, मानव स्रोतको विकास गर्ने, कार्यक्रम लागु गर्ने र अनुगमन गर्ने गर्नु पर्छ | समुदाय, विशेषज्ञ, गैरसरकारी संस्था र समुदायमा आधारित सङ्ठनहरूसँग अन्तर्क्रिया गर्ने | सरकारी संरचना (शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, स्रोत व्यक्ति) ले |
| ***कार्यक्रमको मूल्याङ्कन*** | | |
| सबै पक्षको मूल्याङ्कन गर्न चाहिने उपकरण बनाउनु पर्छ | - | जिल्ला शिक्षा कार्यालय, विद्यालय निरीक्षक, स्रोत व्यक्तिले |

| | | |
|---|---|---|
| शिक्षक तालिमको मूल्याङ्कन गर्नु पर्छ | कक्षा योजनाको प्रभावकारिता, सामग्रीको रचनात्मक प्रयोग, सबै विद्यार्थीको सक्रिय सहभागिता र संलग्नता, सिकाइ उपलब्धिको प्राप्ति, विद्यार्थी मूल्याङ्कन उपकरणको सदुपयोग, आलोचनात्मक दृष्टिकोण र समस्या समाधान शिक्षण, कक्षाकोठा व्यवस्थापन, शिक्षक अभिवृत्ति र सम्प्रेषण सीप, शिक्षकको ज्ञान र विशेषज्ञता मूल्याङ्कन गर्ने | शिक्षक, सहजकर्ता, अनुसन्धाताले |
| ***स्थानीय मानव स्रोतको एकीकरण*** | | |
| भाषा सर्वेक्षण गर्नु पर्छ | लागु गर्न समुदाय सिकाइ केन्द्र उत्तरदायी हुने | स्थानीय मानव स्रोतले |
| सर्वेमा आधारित भएर कार्यक्रम बनाउनु पर्छ | समुदाय सिकाइ केन्द्रको स्रोत उपयोग गर्ने | गाविस, गैरसरकारी संस्था/समुदायमा आधारित सङ्गठनहरू, शिक्षक, राजनीतिक दल, बालबालिकाले |
| लागु गर्न स्रोत केन्द्र स्थापना गर्नु पर्छ | समुदाय सिकाइ केन्द्रले लागु गर्ने | त्रिभुवन विश्वविद्यालयका विद्यार्थीले |
| *सामग्रीको विकास गर्ने* | | |
| पाठ्यक्रम विकास (चालु पाठ्यक्रम संशोधन र आवश्यकता मूल्याङ्कन) गर्नु पर्छ | आवश्यकता मूल्याङ्कनको प्रचार गर्ने, विभिन्न तहमा पृष्ठपोषण लिएर प्रतिवेदन तयार पार्ने | समुदाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, अभिभावक, विशेषज्ञ, शिक्षाविद्, राज्यको बहुभाषी शिक्षा नीति, मन्त्रालय, विभाग, पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, भाषाविज्ञान समाज, विद्यालय समाज, विद्यार्थीले |
| औपचारिक र अनौपचारिक दुवै शिक्षाको लागि केन्द्रीय र क्षेत्रीय छुट्टाछुट्टै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, र हरेक भाषामा सन्दर्भ/सहायक पुस्तक तयार पार्नु पर्छ | पाठ्यक्रमको खाका बनाउने, (राष्ट्रिय उद्देश्य, सिकाइ उद्देश्य, मूल्याङ्कन); विषयवस्तु छनौट, क्रम निर्धारण, पूर्वपरीक्षण, नमुना अध्ययन र तालिम, पुनरावलोकन, तयारी सामग्री/ पाठ्यपुस्तक तलदेखि राष्ट्रिय स्तरसम्म सबै तहमा क्षमता विकास कार्यक्रम जस्ता कार्य गर्ने | समुदाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, अभिभावक, विशेषज्ञ, शिक्षाविद्, राज्यको बहुभाषी शिक्षा नीति, मन्त्रालय, विभाग, पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, भाषाविज्ञान समाज, विद्यालय समाज, विद्यार्थीले |

| | | |
|---|---|---|
| ***समुदायको सहयोग लिने*** | | |
| आधारभूत सूचना (जनसङ्ख्या, सांस्कृतिक मूल्य, आर्थिक स्तर, राजनीतिक र सामाजिक मूल्य) सङ्कलन गर्नु पर्छ | समुदायका अगुवाहरूलाई परिचालन गर्न उपलब्ध सूचना र प्रविधिको उपयोग गर्ने | समुदायमा आधारित सङ्गठन, स्थानीय गैरसरकारी संस्था, धार्मिक समूह, शिक्षक, अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति, नेताहरूले |
| हरेक तहमा लैङ्गिक समानता बढाउनु पर्छ | भ्रमण, नीति निर्माण गर्ने | समुदायमा आधारित सङ्गठन, स्थानीय गैरसरकारी संस्था, धार्मिक समूह, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति, नेताहरूले |
| साझेदार परिचालन गरेर र अभिभावक तथा साझेदारलाई जानकारी दिएर जनचेतना अभिवृद्धि गर्ने | विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघलाई तालिम दिने | समुदायमा आधारित सङ्गठन, स्थानीय गैरसरकारी संस्था, धार्मिक समूह, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति, नेताहरूले |
| ***प्रारम्भिक अनुसन्धान गर्ने*** | | |
| वैधानिक बनाउनु पर्छ/ सरकार र राजनीतिक दलहरूको स्वीकृति लिनु पर्छ | सरकारबाट नेपाल बहुभाषी शिक्षा कार्यदल/ प्रबन्ध समिति बनाउने | सबै भाषिक समूहका प्रतिनिधि, विशेषज्ञ र साझेदारहरूले |
| राष्ट्रिय स्तरमा भाषिक सर्वेक्षण गर्नु पर्छ | स्रोत वितरण गर्ने | सर्वे समूहले |
| शैक्षिक व्यवस्थापन सूचना प्रणाली र समुदाय-शैक्षिक व्यवस्थापन सूचना प्रणाली र शिक्षक सर्वेक्षण गर्नु पर्छ | दातृसंस्थाहरू, एसआइएल र नागरिक समाजले निरन्तर लबी, समर्थन र सहकार्य गर्ने | सबै साझेदार र विशेषज्ञको सहकार्यमा शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालयले, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले |
| मानव, आर्थिक र भौतिक स्रोत पहिचान गर्नु पर्छ | सहभागितामूलक विधिबाट गर्ने | समुदायले |

**भारतको उदाहरण :**

## बहुभाषी शिक्षाको लागि राष्ट्रिय तहमा जनचेतना बढाउने कार्यक्रम[१३]

सन् २००५ मा भारतको मैसुरमा आदिवासी जनजातिहरूका भाषामा केन्द्रित बहुभाषी शिक्षा सम्बन्धी कार्यशालाको आयोजना गरिएको थियो । तीन दिनसम्म चलेको यो कार्यशाला युनेस्कोको शिक्षा, तालिम तथा अनुसन्धान राष्ट्रिय परिषद् र केन्द्रीय भारतीय भाषा संस्थानले आयोजना गरेका थिए ।

कार्यशालाको उद्देश्य अल्पसङ्ख्यक भाषिक समुदायका सदस्य, शिक्षा क्षेत्रमा काम गर्ने व्यक्तिहरू, विद्वान् तथा नीति निर्माताहरूलाई छलफलको लागि एकै ठाउँमा ल्याउनु थियो । कार्यशालामा भाषिक समुदायको आवश्यकता सुहाउँदा र विद्यार्थीको भाषा तथा संस्कृतिलाई सबल तुल्याउने शिक्षा कार्यक्रमको योजनाबारे छलफल गरिएको थियो । सहभागीहरूलाई छलफलका क्रममा एकआपसमा अनुभव र ज्ञान साटासाट गर्ने मौका मिल्ने अपेक्षा आयोजकहरूले राखेका थिए ।

भारतमा राज्य तहमा नीति बनाइन्छ । त्यसैले त्यो कार्यशाला त्यसै तहका सरकारी अधिकारीहरूमा जनचेतना बढाउने उद्देश्यले गरिएको थियो । अल्पसङ्ख्यक भाषिक समुदायका सदस्य, बहुभाषी शिक्षा कार्यक्रमलाई सहयोग गर्ने गैरसरकारी संस्थाका सदस्य र राष्ट्रिय स्तरका विद्वान् तथा सरकारी अधिकारीहरूलाई पनि कार्यशालामा बोलाइएको थियो । यसको लक्ष्य समुदायमा काम गर्ने कार्यकर्ता, विद्वान्हरू र नीति निर्माताहरूबीच सन्तुलन कायम गर्नु थियो ।

कार्यशालाको अन्त्यमा सहभागीहरूले भारतमा मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रमका लागि चार वटा नभई नहुने कुराको पहिचान गरे :

- लेखन पद्धतिको विकास गर्ने कामदेखि नै समुदायको सहभागिता हुनु पर्ने,
- पाठ्यक्रममा स्थानीय विषयवस्तु समावेश गरिनु पर्ने,
- बालबालिकाको भाषिक समुदायको व्यक्ति शिक्षक हुनु पर्ने,
- बालबालिकाको घरको भाषामा विभिन्न किसिमका पाठ्य सामग्री उपलब्ध गराउनु पर्ने ।

***लेखन पद्धतिको विकास :*** अहिलेसम्म नलेखिएका भाषाको लागि लेखन पद्धतिको विकास गर्नु पर्ने हुन्छ । लेखन पद्धतिको विकासमा भाषाको उच्चारणको प्रतिनिधित्व गर्ने लेख्य चिह्न वा अक्षरहरू र वर्णविन्यासका नियमहरू (पूरा, आधा र हलन्त लेख्ने नियम वा ठूला र साना अक्षर लेख्ने नियम, विराम चिह्नहरूको प्रयोगको नियम, जोडेर लेख्ने र छुट्याएर लेख्ने नियम आदि) को छनोट गर्ने र परीक्षण गर्ने कामहरू पर्छन् ।

---

[१३] लेखकको अनुभवमा आधारित ।

लेखन पद्धतिको विकास गर्दा दुई वटा लक्ष्य राखिएको हुन्छ : १) भाषाका वक्ताहरूले लेखन पद्धति स्विकार्छन् र त्यसलाई एकै किसिमले प्रयोग गर्छन्; र २) सम्बन्धित सरकारी निकायले त्यो लेखन पद्धति स्वीकार गर्छ ।

लेखन पद्धतिको विकासमा निम्न लिखित क्रियाकलापहरू समेटिन्छन् :

१. भाषाको सर्वेक्षण : भाषाका वक्ताको सङ्ख्या, भाषा बोलिने भौगोलिक क्षेत्र, भाषिक भेदहरूको सङ्ख्या तथा तिनीहरूबीचको समानता र भिन्नताको मात्रा, आफ्ना भाषा वा भाषाहरूप्रति मानिसहरूको अभिवृत्ति, र सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक आदि भाषा प्रयोगको क्षेत्रबारे सूचना सङ्कलन गर्ने ।

२. भाषाको विश्लेषण : भाषामा अक्षर वा चिह्नहरूले प्रतिनिधित्व गर्ने वर्ण, शब्द आदि एकाइहरूको पहिचान गर्ने ।



© नेवा:स्कुल

३. परीक्षात्मक लेखन पद्धति : एउटा लेखन पद्धतिको कार्यशाला सञ्चालन गर्ने । त्यसमा मातृभाषा बोल्नेहरूले भाषाविद्हरूको आवश्यक सहयोगमा आफ्नो भाषा लेख्न अक्षर वा चिह्नहरू बनाउँछन् र एउटा कामचलाउ लेखन पद्धति निर्माण गर्छन् ।

४. परीक्षण : परीक्षात्मक लेखन पद्धतिको औपचारिक र अनौपचारिक दुवै किसिमले परीक्षण गर्ने । औपचारिक परीक्षणमा मानिसहरूले त्यो कामचलाउ पद्धतिमा लेखेको भाषा हेर्ने र त्यसमा देखिएका समस्याको टिपोट गर्ने गरिन्छ । अनौपचारिक परीक्षणमा चाहिँ सकेसम्म धेरै मानिसलाई प्रयोग गर्न प्रोत्साहन गरिन्छ र तिनीहरूबाट सुझाव लिइन्छ ।

५. पुनरावलोकन : मूल वा संशोधन गरिएको लेखन पद्धतिमा समस्या देखियो भने त्यसको विकल्पमा प्रयोग गर्न सकिने अक्षर वा चिह्नहरूको पहिचान गर्ने ।

६. स्वीकृति : दोस्रो लेखन पद्धति कार्यशाला सञ्चालन गर्ने र त्यसमा संशोधित लेखन पद्धति मातृभाषी वक्ताहरूसमक्ष स्वीकृतिको लागि प्रस्तुत गर्ने । सम्बन्धित सरकारी निकायबाट पनि स्वीकृतिको लागि अनुरोध गर्ने ।

लेखन पद्धतिको विकास गर्दा सबैभन्दा पहिले भाषाको विश्लेषण गर्नु पर्ने हुन्छ । भाषाको विश्लेषणमा वर्ण, शब्द जस्ता अक्षर र चिह्नहरू प्रयोग गरेर लेखिने एकाइहरू छुट्याइन्छ । कहिलेकहीँ समुदायका सदस्यहरूले बहुभाषी शिक्षा कार्यक्रम छिटै सुरु गर्न चाहने स्थिति पनि हुन्छ । उनीहरूलाई भाषाको विस्तृत विश्लेषण गर्न समय छैन भन्ने लागेको हुन सक्छ । सबैभन्दा राम्रो तरिका भाषाविद्हरूको सहयोग लिएर मातृभाषी वक्ताहरूले आफ्नो भाषाको लागि लेखन पद्धति विकास गर्न सकिन्छ । जति बढी हतारमा लेखन पद्धति विकास गरिन्छ त्यसको परीक्षण गर्दा त्यति नै बढी सावधानी अपनाउनु पर्ने हुन्छ । साथै मातृभाषी वक्ता र सरकारी निकायबाट स्वीकृत नभएसम्म खर्चिला पाठ्य सामग्री उत्पादन गर्नु हुँदैन ।

पपुवा न्यु गिनीको उदाहरण :

## धेरै भाषाका लागि लेखन पद्धतिको विकास[१४]

वर्णमाला निर्माण कार्यशालाले[१५] अल्पसङ्ख्यक समुदायलाई आफ्नो भाषाको लेखन पद्धति (वर्णमाला) को विकास गर्न मदत गर्छ। कार्यशालाको योजना मातृभाषा बोल्ने व्यक्तिलाई आफ्नो भाषा कसरी बोल्नुपर्छ र कसरी लेख्नुपर्छ भन्ने कुराको राम्रो ज्ञान हुन्छ भन्ने आधारमा बनाइएको हुन्छ।

एउटा भाषाको वर्णमाला निर्माण कार्यशाला सामान्यतया दस दिनको हुन्छ। कार्यशालामा वर्णमाला विशेषज्ञहरूको सहयोग लिएर भाषाका वक्ताहरूले कथा लेख्छन् र सम्पादन गर्छन्। यसबाट आफ्नो भाषाका ध्वनिका विशेषताहरू पहिल्याउँछन् र परीक्षात्मक वर्णमालाको वर्णविन्यास निर्देशिका, वर्णविन्यासका नियमहरू र सङ्क्षिप्त शब्दकोश तयार पार्छन्। कार्यशालामा लेखिएका कथा छुट्टै किताबमा सङ्कलन गरिन्छ र तिनलाई पछि समुदायमा परीक्षात्मक वर्णमालाको परीक्षण गर्न प्रयोग गरिन्छ। यी क्रियाकलापको माध्यमबाट सहभागीहरूलाई आफ्नो भाषाको संरचना र वर्णमालाको विकासमा ध्यान दिनुपर्ने विषयहरूबारे राम्ररी जानकारी हुन्छ।

वर्णमाला निर्माण कार्यशालामा निम्न अनुसारको आधारभूत ढाँचाको अनुसरण गरिन्छ :

१. सहभागीहरूले आफ्नो भाषामा पहिले कथा लेख्छन् र पछि त्यसलाई पढ्छन्;

२. लेख्ने र पढ्ने प्रक्रिया पूरा गरेपछि उनीहरूले वर्णमालाका समस्या पहिल्याउँछन्;

३. उनीहरूले ती समस्या समाधानका विकल्पबारे छलफल गर्छन्;

४. उनीहरूले कुन कुन अक्षर वा चिह्न प्रयोग गर्ने भन्नेबारे निर्णय लिन्छन् र;

५. आफ्ना निर्णयहरूको परीक्षण गर्छन्।

यी पाँच चरण निर्णय प्रक्रियामा आवश्यकता अनुसार दोहोरिन्छन्। यसले सहभागीहरूलाई आफ्नो नयाँ वर्णमालाको मूल्याङ्कन गर्न र आवश्यक परिवर्तन गर्न प्रोत्साहित गर्छ। यस प्रक्रियाले उनीहरूलाई आफ्नो लेखन पद्धति कहिल्यै परिवर्तन गर्न नसकिने कुरा रहेनछ बरु त्यो त भाषिक समुदायलाई चाहिए अनुसार प्रयोग गर्न र परिवर्तन गर्न सकिने साधन रहेछ भन्ने बुझ्न सहयोग गर्छ।

---

[१४] इस्टोन, सि. २००३ (७-९ नोभेम्बर). *अल्फाबेट डिजाइन वर्कसप इन पपुआ न्यु गिनी : अ कम्युनिटी-बेस्ड एप्रोच टु अर्थोग्राफी डेभलप्मेन्ट.* इन्टरनेसनल कन्फरेन्स अन ल्याङ्ग्वेज रिभाइटलाइजेसन एन्ड मल्टिलिङ्गुअल एजुकेसन. ब्याङ्क।

[१५] पपुवा न्यु गिनीमा वर्णमाला बनाउने कार्यशालाहरू एसआइएल इन्टरनेसनलले आयोजना गरेको थियो। हेर्नुहोस् : इस्टोन, सि. २००३ (७-९ नोभेम्बर). *अल्फाबेट डिजाइन वर्कसप इन पपुआ न्यु गिनी : अ कम्युनिटी-बेस्ड एप्रोच टु अर्थोग्राफी डेभलप्मेन्ट.* इन्टरनेसनल कन्फरेन्स अन ल्याङ्ग्वेज रिभाइटलाइजेसन एन्ड मल्टिलिङ्गुअल एजुकेसन. ब्याङ्क।

पपुवा न्यु गिनीमा पचास लाख मानिसको बसोबास छ र त्यहाँ आठ सयभन्दा बढी भाषा बोलिन्छन् । वर्णमाला निर्माण कार्यशालाहरूले त्यहाँका धेरै भाषिक समुदायमा बहुभाषी शिक्षा कार्यक्रमको ठूलो आवश्यकता पूरा गरेका छन् । त्यहाँको शिक्षा विभागले सन् १९९० को दशकको मध्यतिर बहुभाषी शिक्षा कार्यक्रम घोषणा गरेपछि त्यहाँका धेरै भाषिक समुदायलाई लेखन पद्धति आवश्यक भयो । त्यहाँ सन् १९९८ देखि २००२ सम्म ४७ वटा वर्णमाला निर्माण कार्यशाला भए । ती कार्यशालाहरूमा १०० भन्दा बढी भाषाका वक्ताहरूले परीक्षात्मक वर्णमाला तयार पारे ।

बहुभाषी शिक्षा कार्यक्रमको पाठ्यक्रम बनाउने : कम्तीमा ६ वर्षसम्म मातृभाषामा सिकाउने बहुभाषी शिक्षा कार्यक्रम राम्रो कार्यक्रम हो । त्यस्तो कार्यक्रममा विद्यार्थीले तीनवटा सामान्य सिकाइ उपलब्धि हासिल गर्ने अपेक्षा राखिन्छ :

१. तिनले मूल विषयहरूमा तहगत प्राज्ञिक धारणा बुझ्न र प्रयोग गर्न सक्नु पर्छ;
२. तिनले विद्यालयको कामकाजी भाषा ढुक्कसँग प्रयोग गर्न थाल्नु पर्छ र;
३. तिनले आफ्नै भाषामा लेखेर र बोलेर सिक्ने र अरू काम गर्ने क्षमता र आत्मविश्वास विकास गरेको हुनु पर्छ ।





© एम एल इ नेपाल

बहुभाषी शिक्षा कार्यक्रमको पाठ्यक्रममा पनि मूल धारको पाठ्यक्रममा जति नै विषयहरू समेट्नु पर्छ। यसले गर्दा विद्यार्थीहरूलाई प्राथमिक विद्यालयको अन्त्यमा वा पहिलो भाषाको सहयोग बन्द भएपछि मूल धारका कक्षातिर स्थानान्तरण गर्न सजिलो हुन्छ। (सम्झनु पर्ने कुरा के छ भने पहिलो भाषाको प्रयोग धेरै छिटो रोक्नु हुँदैन।) बहुभाषी शिक्षा कार्यक्रमको पाठ्यक्रमले भाषिक सीपको विकासमा पनि जोड दिएको हुनु पर्छ। शिक्षकहरूले विद्यार्थीलाई तिनको घरको भाषा र कामकाजी भाषा दुवैमा सुनाइ, बोलाइ, पढाइ र लेखाइमा क्षमता र आत्मविश्वास बनाउन मदत गर्ने उपयुक्त रणनीतिहरू अपनाउनु पर्छ।

बहुभाषी शिक्षा कार्यक्रमको पाठ्यक्रम बनाउन विभिन्न चरणमा सामान्यतया निम्न अनुसारका कामहरू गरिन्छन् :

१) पहिले मूल धारको पाठ्यक्रमका हरेक विषयको सिकाइ उपलब्धिको सूची बनाउनु पर्छ। ती उपलब्धिहरू विद्यालयको कामकाजी भाषा मातृभाषा हुनेहरूलाई लेखिएका थिए भन्ने कुरामा ध्यान पुऱ्याउनु पर्छ।

२) हरेक विषयका उपलब्धिहरूलाई राम्ररी हेरेर विद्यार्थीले सिक्नु पर्ने आधारभूत धारणाहरूको पहिचान गर्नु पर्छ। गणित, विज्ञान, सामाजिक अध्ययन, स्वास्थ्य र अन्य विषय क्षेत्रहरू “भाषा विशिष्ट” हुँदैनन् भन्ने कुरा ख्याल राख्नु पर्छ। त्यसैले ती धारणाहरू जुनसुकै भाषामा सिक्न सकिन्छ। ती आधारभूत धारणाहरूमा जोड दिने र मूल धार बाहेकका भाषा र संस्कृतिबाट आएका विद्यार्थीहरूलाई उपयुक्त हुने बहुभाषी सिकाइ उपलब्धि तयार गर्नु पर्छ।

३) त्यसपछि, भाषा विषयहरूमा बालबालिकाको घरको भाषा र कामकाजी भाषाको लागि बहुभाषी शिक्षाको भाषा सिकाइ उपलब्धि तयार गर्नु पर्छ (भाषाको विकासका चरणहरू माथि उल्लेख गरिएको छ)। ती उपलब्धिहरूले बोलचाल र प्राज्ञिक विषयमा दुवै भाषा प्रयोग गर्न जोड दिन्छन् भन्ने कुरा निश्चित गर्नु पर्छ।

- सम्प्रेषणमा भाषा प्रयोग सम्बन्धी उपलब्धिहरूले दुई कुरामा जोड दिन्छन् : विद्यार्थीले नयाँ भाषा राम्ररी प्रयोग गर्न सिक्छन् र तिनले यसलाई शुद्धसँग बोल्न, पढ्न र लेख्न सिक्छन्.
- प्राज्ञिक विषय सिकाइमा भाषाको प्रयोग सम्बन्धी उपलब्धिहरूले नयाँ भाषामा प्राज्ञिक शब्दभण्डार बढाउन जोड दिन्छन् (जस्तो कि गुणा र भागका लागि गणितका शब्दहरू)। ती शब्दहरू सामान्यतया अमूर्त र सिक्न, सम्झन र प्रयोग गर्न बढी कठिन हुन्छन्। त्यसैले तिनका लागि विशेष शिक्षण रणनीतिको आवश्यकता पर्छ।

४) बहुभाषी शिक्षाको शिक्षकले विद्यार्थीलाई सबै उपलब्धि हासिल गर्न मदत गर्न सक्ने सिकाइ क्रियाकलाप गर्न सुझाव दिनु पर्ने हुन्छ। शिक्षकले पाठ्यक्रममा तोकिएको भाषा शिक्षणको लागि इन्टरनेट र अन्य साधन प्रयोग गर्नु पर्ने पनि हुन सक्छ।

५) शिक्षकले सबै पाठमा स्थानीय विषयवस्तु समावेश गर्न आफ्ना विचार टिप्न सक्ने खाका रहेको शिक्षक निर्देशिका बनाउनु पर्छ। (उदाहरणको लागि स्वास्थ्यको पाठमा स्थानीय मानिसहरूको बारेमा घरको भाषामा लेखिएको स्वास्थ्य सम्बन्धी कथाको शीर्षक हुन सक्छ।) मूल धारको पाठ्य पुस्तक प्रयोग गर्न सक्ने भइसकेपछि पनि विद्यार्थीले आफ्ना अनुभवको आधारमा दुवै भाषामा ज्ञान सिकिरहनु पर्छ। यसको लागि शिक्षकले पाठमा स्थानीय विषयवस्तु थपिरहनु पर्ने हुन्छ।

थाइल्यान्डको उदाहरण :

## प्राथमिक विद्यालयमा भाषा पुनर्जीवन कार्यक्रमको लागि बहुभाषी शिक्षाको शिक्षण सामग्री बनाउने[१६]

थाइल्यान्डको छन्ताबुरी प्रान्तको छोङ भाषिक समुदायका सदस्यहरू तिनका बालबालिकाले आफ्नो भाषा र संस्कृति गुमाउँदै गएकोमा चिन्तित थिए । तिनले थाई भाषाको नियमित प्राथमिक विद्यालय कार्यक्रममा छोङ भाषाको लगि छुट्टै समय मिलाउन चाहन्थे । यसको लागि समुदायका अगुवाहरूले विद्यालयको नियमित पाठ्यक्रममै "स्थानीय अध्ययन" कक्षा प्रयोग गर्न शिक्षा अधिकारीसँग अनुमति मागे र उनीहरूले आफ्नो भाषा र संस्कृति सिकाउन अनुमति पाए ।

समुदायका सदस्यहरूले छोङ भाषा र संस्कृतिको कक्षाको लागि पाठ्यक्रम बनाउन थाले ।[१७] तिनले मौखिक भाषा पाठहरूका लागि विषयसूची बनाए, सबै शिक्षण सामग्री र पाठ्य सामग्री तयार पारे र शिक्षकको रूपमा स्वयंसेवा गरे ।

छोङ कार्यक्रमको लागि भाषा पाठ्यक्रमका दुई उद्देश्य थिए : रमाइलो वातावरणमा छोङ बालबालिकालाई आफ्नो भाषा बुझ्न, बोल्न, पढ्न र लेख्न सिक्न मदत गर्नु; र बालबालिकालाई आफ्नो भाषाको कदर गर्न र आफ्नो सांस्कृतिक सम्पदाको पुनर्जीवनमा सहभागी भएकोमा गौरव गर्न मदत गर्नु ।



वृद्ध छोङ वक्ताहरूको एउटा समूहले छोङ भाषा सिकाउन आधारभूत शब्दावली तयार पा-यो । प्रौढहरूको अर्को समूहले छोङ संस्कृति र मौखिक इतिहासमा आधारित कथाहरू लेख्यो । ती सामग्रीबाट छोङ पाठ्य पुस्तक शृङ्खला बनाइयो । अभिभावकहरूको तेस्रो समूहले सत्ताइस वटा "ठूला किताब" लेख्यो । यी ठूला किताब भनेका शिक्षकले सबै विद्यार्थीसँग सँगै पढ्ने "समूह पठन" क्रियाकलापको लागि लेखिएका हुन् । माध्यमिक विद्यालयका छोङ विद्यार्थीहरूले ती ठूला किताबका लागि चित्र बनाए । प्रौढ छोङ वक्ताहरूले बालबालिकालाई कक्षामा सिक्नका लागि परम्परागत गीतहरू पनि लेखे । पहिले नै थाई भाषा लेख्न र पढ्न जान्ने छोङ बालबालिकाहरूको लागि आफ्नो पैतृक भाषा सिक्ने पुलको रूपमा एउटा स्थानान्तरण पुस्तक तयार पारियो ।

यस अनुभवले बहुभाषी शिक्षा कार्यक्रमको लागि पाठ्यक्रम विकास गर्न अल्पसङ्ख्यक भाषिक समुदायका सदस्यहरू सबैभन्दा महत्वपूर्ण स्रोत हुन् भन्ने कुरा पुष्टि गरेको छ ।

[१६] मालोन, एस. र सुविलाई पि. २००५. ल्याङ्ग्वेज डेभलप्मेन्ट एन्ड ल्याङ्ग्वेज रिभाइटलाइजेसन इन एसिया. *मोन ख्मेर स्टडिज, भोलुम ३५*, पृ. १०१-१२० ।

[१७] यस कार्यक्रममा अरू विषयको पढाइमा बालबालिकाको मातृभाषाको प्रयोग गरिएको छैन ।

***तहगत पाठ्य सामग्री बनाउने :*** पढाइ साइकल चढे जस्तै हो खालि हामीले एक पटक सिक्नु पर्छ । आफ्नो भाषामा पढ्न सिकेका विद्यार्थीहरूले त्यसलाई लिपि नै फरक भएको भाषा भए पनि नयाँ भाषामा स्थानान्तरण गर्न सक्छन् । विद्यार्थीलाई आफ्नो भाषा र कामकाजी भाषा दुवैमा नरोकिई पढ्न सक्ने हुन मदत गर्ने सबैभन्दा महत्वपूर्ण कुरा ती दुवै भाषामा विविधतापूर्ण पाठ्य सामग्री हो ।

विद्यार्थीहरूलाई महँगा पाठ्य सामग्री चाहिँदैन भन्ने कुरा धेरै बहुभाषी शिक्षा कार्यक्रमका अनुभवहरूबाट देखिएको छ । खास गरी कार्यक्रमका सुरुका चरणमा सादा धर्काका चित्र र कडा गाता राखेर सफासँग छापिएका पुस्तकहरू भए काम चल्छ । सामग्रीका सबैभन्दा महत्वपूर्ण कुरा यी हुन् : १) विषयवस्तु रोचक हुनु पर्छ, २) भाषा स्पष्ट र बुझिने हुनु पर्छ, र ३) उदाहरणहरू पाठसँग सम्बन्धित र स्थानीय परिवेशसँग मिल्दो हुनु पर्छ ।



© एम एल इ नेपाल

यस्ता सामग्रीले स्थानीय बहुभाषी शिक्षा कार्यक्रमलाई फाइदा पुऱ्याउँछन् । यसबाहेक यिनले जनताका इतिहास र "कथा"हरूको अभिलेख राख्न मद्दत गर्छन् तथा मुलुकका विभिन्न भाषामा साहित्यको विकासले राष्ट्रिय सम्पदालाई अझ धनी बनाउँछ ।

चीनको उदाहरण :

## तहगत पाठ्य सामग्री बनाउने[१८]

चीनको गुइझौ प्रान्तको हिमाली ग्रामीण क्षेत्रमा काम[१९] भाषा बोल्ने १६ लाख मानिसहरू बस्छन् । सन् २००० मा काम समुदायका अगुवाहरूले आफ्नो क्षेत्रमा द्विभाषी शिक्षाको पाइलट परियोजना सुरु गरे । परियोजनामा कक्षा १ मा मौखिक चिनिया सुरु गर्नुअघि ५(६ वर्ष उमेरका बालबालिकालाई पूर्वविद्यालयमा राखिन्छ । त्यहाँ शिक्षकले दुई वर्षसम्म काम भाषा मात्र प्रयोग गर्छन् ।

राम्ररी पढ्न सिक्न बालबालिकाले सधैँजसो विभिन्न किसिमका रोचक पाठहरू पढ्न पाउनु पर्छ । यो लिखित साहित्य थोरै भएका वा लिखित साहित्य हुँदै नभएका अल्पसङ्ख्यक भाषाहरूको लागि चुनौती बन्छ । काम कार्यक्रमका नेताहरूले तिनको परियोजनाको लागि चाहिने पाठ्य सामग्रीहरू बनाउन तुरुन्तै थाल्नु पर्ने र कडा मिहिनेत गर्नु पर्ने अनुभव गरे ।

पाठ्य सामग्रीको उत्पादन लेखकहरूको कार्यशालाबाट सुरु भयो । अन्त्यमा काम सांस्कृतिक पात्रो र सांस्कृतिक विषयवस्तुको सूचीका आधारमा मातृभाषी लेखकहरूले काम भाषामा किताबहरू तयार पारे । तिनमा जम्मा १६० वटा पढ्न सजिला कथाहरू पूर्वविद्यालयको पहिलो वर्षका लागि र अन्य १६० कथाहरू दोस्रो वर्षका लागि बनाइए ।

बालबालिकालाई कक्षा १ देखि ६ सम्म बढ्दै जाँदा अझ बढी कथा र पाठहरू चाहिन्छ भन्ने काम शिक्षाको क्षेत्रमा काम गर्नेहरूले थाहा पाए । बालबालिकाले चिनिया लेख्न र पढ्न सिकिरहेका थिए त्यसैले ती किताबले उनीहरूलाई आफ्नो काम भाषामा गति बढाउन मदत गरे । त्यसैले काम लेखकहरूले प्राथमिक विद्यालयका हरेक वर्षको लागि ४०, ४० वटा कथाहरू तयार पारे । ती कथाका विषयवस्तु बालबालिकासँग सम्बन्धित र तिनका लागि रमाइला थिए । ती कथाबाहेक काम वक्ताहरूले बालबालिकालाई स्वतन्त्र रूपले पढ्न अरू १२० "पाठ्यक्रम-इतर" कथाहरू तयार पारे ।

काम समुदायका विद्यार्थीहरूलाई प्रशस्त पाठ्य सामग्री दिनाले उनीहरूलाई आफ्नो भाषामा राम्रो सिकाइ उपलब्धि हासिल गर्न मदत पुग्यो । साथै उनीहरूले चिनियामा सिकेको पढाइ र लेखाइलाई आफ्नो भाषामा स्थानान्तर गर्न आत्मविश्वास बढायो । प्रारम्भिक अवलोकनबाट प्राथमिक विद्यालयको सुरु तहमा काम समुदायका विद्यार्थीहरूले चिनिया पढाइ र लेखाइमा यस अघिको भन्दा राम्रो गरेको सङ्केत पाइएको छ ।

[१८] जेरी, एन. र पान, वाइ. २००१ (१९-२१ सेप्टेम्बर). *एट हन्ड्रेड स्टोरिज फर दोङ डेभलप्मेन्ट : अ बाइलिङ्गुअल एजुकेसन पाइलट प्रोजेक्ट इन गुइझौ प्रोभिन्स, चाइना. छैटौँ अक्सफोर्ड इन्टरनेसनल कन्फरेन्स अन एजुकेसन एन्ड डेभलप्मेन्ट.* अक्सफोर्ड, युनाइटेड किङ्डम ।

[१९] "काम"को उच्चारण "गम" जस्तो सुनिन्छ, यो जातिको नाम पनि हो । चीनका अरू समुदायका मानिसले यिनीहरूलाई "दोङ" पनि भन्छन् ।

***बहुभाषी शिक्षाका लागि जनशक्ति जुटाउने र तालिम दिने :*** सफल बहुभाषी शिक्षा कार्यक्रमहरूमा उत्प्रेरित र समाजमा सम्मानित व्यक्तिहरूलाई सहभागी गराइएको हुन्छ र उनीहरूले गर्नुपर्ने कामको लागि ज्ञान, सीप, रचनात्मकता र प्रतिबद्धता बढाउन मदत गरिएको हुन्छ । ती व्यक्तिहरूलाई निम्न लिखित दुवै समूहका क्रियाकलाप चाहिन्छ ।

| **धेरै भाषाहरूको लागि** | **एउटा भाषाको लागि** |
|---|---|
| - कार्यक्रमको योजना र संयोजन गर्ने<br>- पाठ्यक्रम निर्माण गर्ने<br>- शिक्षक र अन्य काम गर्ने व्यक्तिहरूलाई तालिम दिने (प्रशिक्षकलाई समेत)<br>- धेरै भाषामा सामग्रीको विकास र उत्पादनको निरीक्षण गर्ने<br>- कक्षाहरूको निरीक्षण गर्ने | - पाठ्यक्रम निर्माण गर्ने<br>- कक्षामा पढाउने<br>- पाठ्य सामग्री तयार गर्ने<br>- सामग्रीहरू देखाउने<br>- सामग्रीको सम्पादन गर्ने<br>- कार्यक्रमलाई सहयोग गर्ने (बहुभाषी शिक्षा सहयोग समिति बनाउने) |

अल्पसङ्ख्यक भाषिक समुदायमा विगतमा शिक्षाको अभाव वा राम्रो शिक्षा नभएको कारणले व्यावसायिक दक्षता भएका मातृभाषी वक्ताहरू थोरै हुने स्थिति हुन सक्छ । बहुभाषी शिक्षा कार्यक्रमले सामना गर्नु परेका चुनौतीहरूमध्ये यो एक हो । प्रभावकारी बहुभाषी शिक्षा कार्यक्रमहरूको स्थापना हुँदै र ती कार्यक्रम दिगो हुँदै जाँदा यस्तो स्थितिमा परिवर्तन हुन्छ । तबसम्मको लागि स्थानीय भाषा नरोकिई बोल्न सक्ने, स्थानीय संस्कृति बुझेको र त्यसको कदर गर्ने समाजमा सम्मानित व्यक्तिलाई शिक्षक बनाउनु उपयुक्त हुन्छ । प्रयोग गर्न सजिला सिकाइ सामग्री, राम्रो पूर्वसेवाकालीन वा सेवाकालीन तालिम र सहयोगात्मक निरीक्षण पाएमा गैरव्यावसायिक शिक्षकले पनि राम्ररी पढाउन सक्छन् भन्ने कुरा विभिन्न मुलुकका अनुभवहरूले देखाएका छन् । स्थानीय शिक्षकहरू कामकाजी भाषामा दक्ष छैनन् भने भाषा सिक्ने पाठ्यांश पनि शिक्षक तालिम पाठ्यक्रममा राख्नु पर्छ । एउटा प्रभावकारी प्रयोग “समूह शिक्षण” हुन सक्छ । यसमा स्थानीय समुदायको एउटा सहयोगी शिक्षक र समुदाय बाहिरको प्राथमिक विद्यालयको नियमित शिक्षक सँगै काम गर्ने र आ-आफ्नो भाषाको कक्षामा दुवै जना जिम्मेवार हुने गरी काम गरिन्छ ।

**कम्बोडियाको उदाहरण :**

## जनशक्ति जुटाउने र तालिम दिने[२०]

कम्बोडियाको रतनकिरी प्रान्तमा "हाइल्यान्ड चिल्ड्रेन्स एजुकेसन परियोजना" सञ्चालित छ। यसको उद्देश्य शिक्षा र अन्य आधारभूत सरकारी सेवा नपाएका वा अति सीमित सेवा पाएका अल्पसङ्ख्यक भाषिक समुदायमा ग्रामीण विद्यालय स्थापना गर्नु रहेको छ। शिक्षकको अभाव, अनियमित उपस्थिति, र सांस्कृतिक रूपले उपयुक्त सिकाइ सामग्रीको अभावको कारण शिक्षा दिने काम खास गरी दुर्गम उच्च क्षेत्रहरूमा चुनौतीपूर्ण रह्यो।

त्यहाँ विद्यालयको व्यवस्थापन र शिक्षक छनोट गाउँका विद्यालय समितिहरूले गर्थे। शिक्षकहरू स्थानीय भाषा र कामकाजी भाषा ख्मेर पनि बोल्थे। शिक्षक पनि बालबालिकाको समुदायकै भएका हुनाले उनीहरूले बालबालिकाको ज्ञान र अनुभव बुझेका थिए। चुनौती चाहिँ माथि भने जस्तै विगतमा शिक्षामा सीमित पहुँच भएको कारणले ग्रामीण विद्यालयमा पढाउन छानिएका कुनै पनि शिक्षकले प्राथमिक विद्यालयको शिक्षा पूरा गरेका थिएनन्।

यस परियोजनाले ती व्यक्तिहरूलाई दुर्गम द्विभाषिक तथा द्विसांस्कृतिक परिवेशमा शिक्षक बनाउन शिक्षक तालिम पाठ्यक्रम तयार पारेको छ। पाठ्यक्रमको लक्ष्य निम्न लिखित काम गरेर अल्पसङ्ख्यक समूहबाट आएका सहभागीहरूलाई संस्कृति सुहाउँदो शिक्षक तालिम दिने रहेको छ :

- सहभागीहरूलाई आफ्नो प्राज्ञिक ज्ञानको विकास वा विस्तार गर्न सक्षम बनाउने;
- उनीहरूलाई शिक्षण विधिका ज्ञान र सीपले सुसज्जित बनाउने;
- उनीहरूलाई निरन्तर आफैलाई सुधार गर्न लागिपर्ने पारस्परिक कक्षा अभ्यासकर्ता बन्न तयार पार्ने;
- उनीहरूलाई सहभागितामूलक सङ्गठन र विद्यालय शिक्षाको माध्यमबाट सामुदायिक विकासमा योगदान पुऱ्याउन स्रोत सम्पन्न बनाउने;
- समुदायमा तिनको सामाजिक स्तर बढाउन सहयोग गर्ने;
- शिक्षामा जनजातीय परिप्रेक्ष्यको विकास गर्न मदत गर्ने।

शिक्षक तालिममा शिक्षकहरू तत्काल अभ्यास र मूल्याङ्कन हुने "सिकाइ चक्र"मा सहभागी हुन्छन्। यो शिक्षा क्षेत्रमा काम गर्नेहरूले सिकाइ प्रभावकारी बनाउन र राम्रो अभ्यासको विकास गर्न संसारभरि चिनाएको "कार्यमूलक अनुसन्धान" रणनीति हो।

२० मिडलबर्ग, जे. २००५. *हाइल्यान्ड्स चिल्ड्रेन्स एजुकेसन प्रोजेक्ट : गुड लेसन्स लर्न्ड इन बेसिक एजुकेसन.* ब्याङ्कक, युनेस्को।

***कार्यक्रमको अभिलेख राख्ने र मूल्याङ्कन गर्ने :*** राम्रा बहुभाषी कार्यक्रमहरूमा मूल्याङ्कन र अभिलेखन कार्य योजनाको चरणमा सुरु हुन्छ र कार्यक्रमको अवधिभरि चलिरहन्छ । यहाँ कार्यक्रमका नियमित रूपमा मूल्याङ्कन गर्नु पर्ने तथा अभिलेख राख्नु पर्ने कुराहरू र तिनको अभिलेख राख्न र मूल्याङ्कन गर्न सघाउने केही प्रश्नहरू छन् :

***पाठ्यक्रम/शिक्षण विधि :*** सिकाइका उपलब्धिहरू स्पष्ट छन् ? शिक्षकलाई शिक्षण विधि सजिलो लागेको छ ? पाठका विषयवस्तुहरू स्थानीय संस्कृति अनुकूल छन् ? कसरी पाठ्यक्रममा सुधार गर्न सकिन्छ ?

***शिक्षक र अन्य जनशक्ति :*** शिक्षकले निर्देशिकाको योजनाको अनुसरण गरेका छन् ? निरीक्षक र प्रशिक्षकले स्थानीय शिक्षक लगायत जनशक्तिलाई प्रोत्साहन र सहयोग गरेका छन् ? कार्यक्रमको जनशक्तिलाई तिनका काम सम्पन्न गर्न सबै तहमा क्षमता, आत्मविश्वास र सिर्जनात्मकता बढाउन के गर्न सकिन्छ ?

***तालिम :*** शिक्षक तालिम कार्यशालामा सहभागी भएका शिक्षकले शिक्षण विधि बुझेका छन् ? लेखक कार्यशालामा सहभागी भएका लेखकहरूले उनीहरूको मातृभाषामा सामग्री बनाउन, चित्रहरू राख्न, सम्पादन गर्न र मूल्याङ्कन गर्न सक्छन् ? तालिममा कसरी सुधार गर्न सकिन्छ ?

***सामग्री :*** गैरव्यावसायिक शिक्षकका सिकाइ सामग्रीहरू स्पष्ट र प्रयोग गर्न सजिला छन् ? मातृभाषी वक्ताहरूले पाठ्य सामग्री उपयुक्त ठानेका छन् ? विद्यार्थीले ती पढ्न सक्छन् ? पढ्दा उनीहरूले रमाइलो मान्छन् ? पाठ्य सामग्री उत्पादनको प्रणाली हुनु पर्ने जति सक्षम छ ? वितरण प्रणाली प्रभावकारी र भरपर्दो छ ? कुनकुन पक्षमा सुधार गर्न सकिन्छ ?

***विद्यार्थीको प्रगति :*** विद्यार्थीले आफ्नो तहका लागि निर्धारित सिकाइ उपलब्धि हासिल गरेका छन् ? तिनले एउटा तहबाट अर्कोमा राम्रो प्रगति गरेका छन् ? विद्यार्थी र तिनका अभिभावक यो प्रगतिबाट सन्तुष्ट छन् ? विद्यार्थीलाई अझ सफल बनाउन के गर्न सकिन्छ ?

***कार्यक्रमको विस्तार र गुणस्तर :*** कार्यक्रम योजना गरिए जसरी नै विस्तार भइरहेको छ ? भाषिक समुदायका सदस्यहरू कार्यक्रमप्रति उत्तरदायी र यसको विस्तारको तरिकाबाट सन्तुष्ट छन् ? कार्यक्रमको विस्तारसँगै यसको गुणस्तर कायम राख्न के गर्न सकिन्छ ?

***लागत प्रभावकारिता :*** भएको लाभका दृष्टिले कार्यक्रमको लागत सार्थक छ भनेर साझेदारहरू सन्तुष्ट छन् ? कार्यक्रम तुलनात्मक रूपले नयाँ छ भने कार्यक्रमको गुणस्तर नबिगारीकन यसलाई लागतका आधारमा अझ प्रभावकारी बनाउने उपायहरू छन् ?

***कार्यक्रमको दीर्घकालीन असर :*** अल्पसङ्ख्यक भाषिक समुदायको लागि र बृहत् समाजमा कार्यक्रमले कस्ता कस्ता अपेक्षित र अनपेक्षित परिवर्तन ल्यायो ?

राम्रा मूल्याङ्कन उपकरण, अभिलेख र ती सूचनाको आधारमा कार्यक्रममा आवश्यक परिवर्तनले कार्यक्रमप्रति उत्तरदायी र कार्यक्रममा लगानी गर्नेहरूका अपेक्षा पूरा हुने निश्चित हुन्छ । यसले कार्यक्रमले लक्ष्य पूरा गर्ने र अल्पसङ्ख्यक भाषिक समुदायका अपेक्षाहरू पूरा हुने विश्वास दिलाउँछ । यस बाहेक चालु कार्यक्रमका राम्रा र नराम्रा पक्षहरूको अभिलेखले नयाँ कार्यक्रमको योजना बनाउनेहरूलाई महत्वपूर्ण सूचनाहरू दिन्छ ।

बहुभाषी शिक्षा कार्यक्रमहरूको अभिलेखन र मूल्याङ्कनको उदाहरण :

### दीर्घकालीन अनुसन्धान परियोजना

युरोप र उत्तर अमेरिकामा बहुभाषी शिक्षा कार्यक्रमबारे दीर्घकालीन अध्ययनहरू भएका छन् । यसबाट बहुभाषी शिक्षाको फाइदा लामो समयपछि अझ राम्ररी देखिएको छ । त्यसैले बहुभाषी शिक्षा कार्यक्रमहरूको सही मूल्याङ्कनले अल्पसङ्ख्यक भाषाका विद्यार्थीले कार्यक्रम अवधि र पछि पनि मातृभाषी विद्यालयमा शिक्षा नपाएका विद्यार्थीको तुलनामा कस्तो गर्छन् भन्ने देखाउँछ । अहिलेसम्म एसिया, प्रशान्त वा अफ्रिकामा यस खालको अध्ययन थोरै मात्र भएको छ । एसआइएल इन्टरनेसनलले सन् २००३ मा एउटा दीर्घकालीन अनुसन्धान परियोजना (एलआरपी) सुरु गरेको छ । यसमा दस वर्षमाथिको अवधिका बहुभाषी शिक्षा कार्यक्रमहरूबाट सूचना सङ्कलन तथा विश्लेषण गरिने छ र यस क्षेत्रबाट नीति निर्माता र शिक्षा क्षेत्रमा काम गर्नेहरूलाई बहुभाषी शिक्षाबारे सूचना प्रवाह गरिने छ ।

एलआरपीले प्राथमिक विद्यालयदेखि माध्यमिक विद्यालयसम्मका बहुभाषी शिक्षा र मूल धारको शिक्षा कक्षाका सहभागीहरू खोज्ने छ । खासगरी विद्यार्थीको उपस्थिति र विद्यालय छाड्ने तथ्याङ्क, स्थानीय, जिल्ला, प्रान्त र राष्ट्रिय तहबाट विद्यार्थीको सम्पादन मापदण्डका नतिजाहरू, र शिक्षण सामग्री र विधिहरू, शिक्षक अभिवृत्ति, तालिम र निरीक्षणको मूल्याङ्कनमा ध्यान दिने छ ।

***सहयोगी निकायहरूबीच समन्वय गर्ने :*** अल्पसङ्ख्यक भाषिक समुदायको सहभागिता नभई सरकारले मात्र राम्रो बहुभाषी शिक्षा कार्यक्रमको योजना र कार्यान्वयन गर्न सक्दैन । समुदायले गैरसरकारी संस्थाहरूको सहयोग पाए पनि सरकारी सहयोग बिना तिनका कार्यक्रम सबै तहमा दिगो हुन सक्दैनन् । सबल र दिगो बहुभाषी शिक्षा कार्यक्रमको योजना, कार्यान्वयन र मूल्याङ्कन गर्न समुदायसँगै काम गर्ने सरकार, विश्वविद्यालय, अनुसन्धान केन्द्र, गैरसरकारी संस्था र अन्य विभिन्न निकायहरूको समन्वय र सहयोग चाहिन्छ । सहयोगी निकायहरूको समन्वय र सहयोगले हरेक साझेदारको अनुभव र विशेषज्ञता लगायतका स्रोतको सदुपयोग हुन्छ ।

### *प्रश्न ५: धेरै भाषाहरूमा बहुभाषी शिक्षा कार्यक्रमहरू लागु गर्न खर्च पुऱ्याउन सकिन्छ ? त्यस्तो प्रयास सार्थक हुन्छ ?*

राम्रो प्रश्न यस्तो हुन सक्छ - "हामी अल्पसङ्ख्यक भाषाका वक्ताहरूको लागि उपयुक्त नहुने शिक्षामा खर्च पुऱ्याउन सक्छौँ ?"

> *दोस्रो भाषामा शिक्षा दिने काम कि महँगो र विभेदकारी छ कि ज्यादै अनुपयुक्त छ । हामीसँग यसको केही सय वर्षको प्रमाण छ किनभने कम भर्ना हुने, कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने दर बढी हुने र विद्यालय पूरा गर्ने दर कम हुने यस्ता विद्यालय प्रणालीका विशेषताहरू हुन् । कृषि र घरायसी काम गर्ने उपयोगी समयमा विद्यालय गएर असफल हुने र अस्वीकृत हुने व्यक्तिको लागत उच्च हुन्छ ।*[२१]

---

[२१] बेन्सन, सि. २००१ (२० अप्रिल). *रियल एन्ड पोटेन्सियल बेनेफिट्स अफ बाइलिङ्गुअल प्रोग्राम इन डेभलपिङ कन्ट्रिज.* थर्ड इन्टरनेसनल सिम्पोजियम अन बाइलिङ्गुअलिज्म ब्रिस्टोल, इङल्यान्ड ।

बहुभाषी शिक्षा कार्यक्रमहरूले शिक्षा र दीर्घकालीन आर्थिक फाइदाका साथै व्यापक उद्देश्यका लागि काम गर्छन् । बहुभाषी शिक्षा कार्यक्रमहरूमा सरकारले अल्पसङ्ख्यक भाषा र ती भाषा बोल्ने सबै नागरिकलाई महत्व दिएको देखाउँछ । बहुभाषी शिक्षा कार्यक्रमले विद्यार्थीलाई आफ्नो घरको भाषा र कामकाजी भाषाका बीचमा राम्रो "पुल" बनाउन मदत गर्छन् । तिनले मानिसहरूलाई आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक सम्पदा छाड्न दबाब नदिईकन राष्ट्रिय एकता कायम राख्न सघाउँछन् । मानिसहरूका भाषिक र सांस्कृतिक सम्पदाहरूलाई अस्वीकार गर्नु र दमन गर्नु विभाजन र सङ्घर्षका कारण भएको कुरा संसारका विभिन्न भागका अनुभवले देखाएका छन् । बहुभाषी शिक्षा कार्यक्रमले विविधताको सट्टामा होइन बरु विविधता कायम गरेर एकता बनाउन मदत गर्छ ।

"बहुभाषी शिक्षा सार्थक छ ?" भन्ने प्रश्नको उत्तर दिने सबैभन्दा उपयुक्त व्यक्ति अल्पसङ्ख्यक समुदायका सदस्यहरू आफै हुन् । समुदायको आवाजका साथ यो पुस्तिकाको अन्त्य गर्न यहाँ पपुवा न्यु गिनीका एक अभिभावकको दृष्टिकोण प्रस्तुत छ :

> *जब बालबालिका विद्यालय जान्छन् उनीहरू बिरानो ठाउँमा जान्छन् । उनीहरूले आफ्ना अभिभावकलाई छाड्छन्, आफ्ना बगैँचा छाड्छन्, आफ्ना जीवनशैलीका सबै कुरा छाड्छन् । उनीहरू कक्षाकोठामा बस्छन् र आफ्नो ठाउँसँग कुनै सम्बन्ध नभएका कुरा सिक्छन् । पछि, उनीहरूले अरू कुरा मात्र सिकेकाले आफ्नै कुरा अस्वीकार गर्छन् ।*
>
> *उनीहरूले काउकाउ (सखरखन्ड) खान्न चाहन्नन्, यो फोहर छ भन्छन्; आमालाई पानी ल्याउन सघाउन चाहन्नन् । उनीहरू यी कुरालाई हेय ठान्छन् । बालबालिकामा अहिले ठूलो परिवर्तन आएको छ । उनीहरूले आफ्ना अभिभावकलाई टेर्दैनन्; ती बदमास छन् । उनीहरू विद्यालय गएका र हाम्रा कुरा छाडेका हुनाले यसो भएको हो ।*
>
> *अहिले मेरो बच्चा तोक प्लेस विद्यालयमा छ । उसले आफ्नो ठाउँ छाडेको छैन । उसले विद्यालयमा आफ्नो चालचलन सिकेको छ । आफ्नो जीवनशैली सिकेको छ । अहिले उसले आफूले चाहेको जुनसुकै कुरा तोक प्लेसमा लेख्न सक्छ । उसले देख्न सक्ने कुरा मात्र होइन, उसले सोच्ने कुराहरू पनि । उसले आफ्नो ठाउँको बारेमा लेख्छ । उसले आमालाई पानी ल्याउन मदत गर्ने, काउकाउ खान्ने, बगैँचामा जाने बारेमा लेख्छ ।*
>
> *जब उसले ती कुरा लेख्छ ती उसका लागि महत्वपूर्ण हुन्छन् । उसले बाहिरका कुराबारे पढ्ने र लेख्ने मात्र होइन पढाइ र लेखाइबाट आफ्नो जीवनशैलीप्रति गर्व गर्न पनि सिक्दै छ । जब ऊ ठूलो हुन्छ उसले हामीलाई अस्वीकार गर्ने छैन । हाम्रा बालबालिकालाई पढ्न र लेख्न सिकाउनु महत्वपूर्ण कुरा हो तर त्यसभन्दा महत्वपूर्ण कुरा उनीहरूलाई आफैप्रति र हामीप्रति गर्व गर्न सिकाउनु हो ।*[२२]

[२२] डेल्पिट, एल. डि. र केमेलफिल्ड, जि. १९८५. *एन इभ्यालुएसन अफ द भिलेस तोक प्लेस स्कुल स्किम इन द नर्थ सोलोमन्स प्रोभिन्स. इआरयु रपोर्ट नं. ५१.* वाइगानी, पपुआ न्यु गिनी, युनिभर्सिटी अफ पपुआ न्यु गिनी, पृ. २९-३० ।

## सन्दर्भ सूची


अवस्थी, लवदेव २००४. एक्स्प्लोरिङ मोनोलिङ्गुअल स्कुल प्राक्टिसेज इन मल्टिलिङ्गुअल नेपाल. पिएच्डी शोधग्रन्थ, कोपेनहेगेन : डेनिस युनिभर्सिटी अफ एजुकेसन ।

इस्टोन, सि. २००३ (७-९ नोभेम्बर). अल्फाबेट डिजाइन वर्कसप इन पपुआ न्यु गिनी : अ कम्युनिटी( बेस्ड एप्रोच टु अर्थोग्राफी डेभलप्मेन्ट. इन्टरनेसनल कन्फरेन्स अन ल्याङ्ग्वेज रिभाइटलाइजेसन एन्ड मल्टिलिङ्गुअल एजुकेसन. ब्याङ्कक, http://www.sil.org/asia/ldc/parallel_papers/catherine_easton.pdf -१७ नोभेम्बर २००६ मा प्राप्त) ।

कमिन्स, जे. २०००. *बाइलिङ्गुअल चिल्ड्रेन्स मदर टङ : ह्वाइ इज इट इम्पोर्टेन्ट फर एजुकेसन ?* http://www.iteachilearn.com/cummins/mother.htm (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

चिराग, २००१. *बाइलिङ्गुअल एजुकेसन : अ स्टडी रिपोर्ट.* काठमाडौं : शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, अनुसन्धान तथा विकास शाखा ।

जेरी, एन. र पान, वाइ. २००१ (१९-२१ सेप्टेम्बर). एट हन्ड्रेड स्टोरिज फर दोङ डेभलप्मेन्ट : अ बाइलिङ्गुअल एजुकेसन पाइलट प्रोजेक्ट इन गुइझौ प्रोभिन्स, चाइना. छैटौं अक्सफोर्ड इन्टरनेसनल कन्फरेन्स अन एजुकेसन एन्ड डेभलप्मेन्ट. अक्सफोर्ड, युनाइटेड किङ्डम ।

डेल्पिट, एल. डि. र केमेलफिल्ड, जि. १९८५. *एन इभ्यालुएसन अफ द भिलेस तोक प्लेस स्कुल स्किम इन द नर्थ सोलोमन्स प्रोभिन्स. इआरयु रिपोर्ट नं. ५१.* वाइगानी, पपुआ न्यु गिनी, युनिभर्सिटी अफ पपुआ न्यु गिनी, पृ. २९(३० ।

बेन्सन, सि. २००१ (२० अप्रिल). रियल एन्ड पोटेन्सियल बेनेफिट्स अफ बाइलिङ्गुअल प्रोग्राम इन डेभलपिङ कन्ट्रिज. थर्ड इन्टरनेसनल सिम्पोजियम अन बाइलिङ्गुअलिज्म ब्रिस्टोल, इङल्यान्ड ।

बेन्सन, सि. २००५. *मदर टङ-बेस्ड टिचिङ एन्ड एजुकेसन फर गर्ल्स.* ब्याङ्कक, युनेस्को । http://unesdoc.unesco.org/images /0014/001420/142079e.pdf (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

मालोन, *एस. २००५. प्लानिङ कम्युनिटी-बेस्ड एजुकेसन प्रोग्राम्स इन माइनरिटी ल्याङ्ग्वेज कम्युनिटिज. रिसोर्स म्यानुअल फर मदर टङ स्पिकर्स फर माइनरिटी ल्याङ्ग्वेजेज इङ्गेज्ड इन प्लानिङ एन्ड इम्प्लिमेन्टिङ एजुकेसन प्रोग्राम्स इन दियर वन कम्युनिटिज ।*

मालोन, एस. र सुविलाई पि. २००५. ल्याङ्ग्वेज डेभलप्मेन्ट एन्ड ल्याङ्ग्वेज रिभाइटलाइजेसन इन एसिया. *मोन ख्मेर स्टडिज,* भोलुम ३५, पृ. १०१-१२० ।

मिडलबर्ग, जे. २००५. *हाइल्यान्ड्स चिल्ड्रेस एजुकेसन प्रोजेक्ट : गुड लेसन्स लर्न्ड इन बेसिक एजुकेसन.* ब्याङ्कक, युनेस्को ।

यादव, योगेन्द्रप्रसाद, थोकर राजेन्द्र , ठाकुर गोपाल र सापकोटा सुलोचना, (तयारीको क्रममा) लिङ्ग्विस्टिक डाइभर्सिटी इन नेपाल : सिचुएसन एन्ड पोलिसी प्लानिङ ।

वर्ल्ड बैङ्क. २००५. *एजुकेसन नोट्स. इन दियर वन ल्याङ्ग्वेज : एजुकेसन फर अल.* वासिङ्टन डि. सि., वर्ल्ड बैङ्क । http://siteresources.worldbank.org/EDUCATION/Resources/Education-Notes/EdNotes_Lang_of_Instruct.pdf (१७ नोभेम्बर २००६ मा प्राप्त).

वाल्लेस, एम. सि. २००५. एक्सन रिसर्च अन द डेभलप्मेन्ट अफ एन इन्डिजिनस पिपुल्स एजुकेसन प्रोग्राम फर द मग्बिकिन ट्राराइब इन मोरोङ, बतान, फिलिपिन्स. युनेस्को, *फस्ट ल्याङ्ग्वेज फस्ट : कम्युनिटी(बेस्ड लिटरेसी प्रोग्राम्स फर माइनरिटी ल्याङ्ग्वेज कन्टेक्स्ट्स इन एसिया.* ब्याङकक, युनेस्को ।

## पारिभाषिक शब्दावली – भाषा

**अल्पसङ्ख्यक भाषा** अल्पसङ्ख्यक सामाजिक समूह वा जातिले बोल्ने भाषा

- *कहिलेकहीँ सङ्ख्यात्मक रूपले ठूलो समूहले बोल्ने तर मुख्य भाषाको रूपमा नरहेको भाषा पनि बुझिन्छ ।*

**कामकाजी भाषा** सरकारी कार्यालय, विद्यालय लगायत अन्य संस्थाहरूमा दैनिक कामकाजको लागि प्रयोग गरिने भाषा

*उदाहरण :* भारतमा अङ्ग्रेजी र हिन्दीलाई देशको कामकाजी भाषा तोकिएको छ र राज्यहरूमा आ-आफ्नै राज्य भाषाहरू प्रचलनमा छन् । नेपालमा नेपालीलाई सरकारी कामकाजको भाषा तोकिएको छ र सार्वजनिक विद्यालयहरूमा पनि कामकाजको भाषा नेपाली रहेको छ तर अधिकांश निजी विद्यालयहरूमा भने कामकाजी भाषा अङ्ग्रेजी रहेको छ ।

**घरको भाषा** घरमा बोलिने भाषा (**पहिलो भाषा, मातृभाषा** पनि हेर्नुहोस्)

- *कसैकसैको एकभन्दा बढी घरको भाषा हुन सक्छ ।*

**दोस्रो भाषा** पहिलो वा घरको भाषा बाहेकको भाषा, व्यापक सञ्चार सम्पर्कको भाषा वा विदेशी भाषा

- *सामान्यतया घर बाहिर ठूलो समुदायमा प्रयोग गरिने भाषा बुझिन्छ, द्विभाषी शिक्षामा पहिलो भाषापछि सिकाइने दोस्रो भाषा (कामकाजी वा विदेशी) बुझिन्छ ।*
- *अल्पसङ्ख्यक भाषिक समुदायको लागि दोस्रो भाषा सामान्यतया कामकाजी वा राष्ट्र भाषा हुन्छ ।*

**पहिलो भाषा** वक्ताले सुरुमा बोल्न सिकेको भाषा, मौलिक भाषा (**मातृभाषा, घरको भाषा, स्थानीय भाषा** पनि हेर्नुहोस्)

- *वक्ताले जन्मेदेखि सिकेको एक वा एकभन्दा बढी भाषालाई बुझाउँछ*

**पैतृक भाषा** व्यक्तिका पूर्वज वा जातिभाषिक समुदायको भाषा

**भेद** भौगोलिक क्षेत्र र सामाजिक समूह अनुसार भाषामा हुने फरक

**मातृभाषा** पहिलो भाषा, मौलिक भाषा (**पहिलो भाषा, घरको भाषा, स्थानीय भाषा, पैतृक भाषा** पनि हेर्नुहोस्)

**माध्यम भाषा** विद्यालयमा लेखाइपढाइको माध्यमको रूपमा प्रयोग हुने भाषा

**मुख्य भाषा** मुख्य सामाजिक समूहले बोल्ने अथवा देशको प्रमुख भाषाको रूपमा रहेको भाषा

- *देशको धेरै जनसङ्ख्याले बोल्ने नभए तापनि राष्ट्र भाषा वा कामकाजी भाषाको हैसियत भएको हुन सक्ने*

**राष्ट्र भाषा** देशभित्र व्यापक रूपमा बोलिने भाषा, राष्ट्रले महत्वपूर्ण भनेर किटान गरेको भाषा, कहिलेकहीँ कामकाजी भाषा पनि ।

*उदाहरण :* भारतमा दुईवटा कामकाजी भाषा र बाइस वटा अनुसूचित भाषा तोकिएको छ र राज्यहरूमा आ-आफ्नै राज्य भाषाहरू प्रचलनमा छन् । नेपालमा नेपालीलाई सरकारी कामकाजको भाषा तोकिएको छ ।

**स्थानीय भाषा** आफ्नो समुदायमा बोलिने भाषा

- *पूर्ण रूपले लेखन पद्धतिको विकास नभएको भाषा पनि हुन सक्छ ।*

## पारिभाषिक शब्दावली - सामान्य

| | |
|---|---|
| **आदिवासी** | कुनै क्षेत्र वा देशमा सुरुदेखि वा धेरै पहिलेदेखि बस्दै आएको समूह |
| **कार्यान्वयन** | कुनै नयाँ कार्यक्रम लागु गर्न मानिस तथा अन्य स्रोत परिचालन गर्ने प्रक्रिया |
| **गति** | बोल्न, पढ्न र लेख्नमा उच्च दक्षता |
| **गैरसरकारी संस्था** | सामुदायिक विकासको लागि काम गर्ने तर राष्ट्रिय सरकारको अङ्गको रूपमा नरहेको निकाय |
| **जनचेतना वृद्धि** | आफ्नो लागि आवश्यक कुराहरू पहिचान गर्न र ती कुराहरू प्राप्त गर्न सहयोग पुऱ्याउने सूचना र जानकारी उपलब्ध गराउने काम |
| **दिगोपन** | लामो समयसम्म निरन्तर चल्न सक्ने गरी कुनै कार्यक्रमको स्थापना |
| **द्विभाषी** | *व्यक्ति :* दुईवटा भाषा बोल्न र बुझ्न (कहिलेकहीँ लेख्न र पढ्न पनि) सक्ने<br>*सामाजिक :* समाजमा कम्तीमा दुई भाषा समुदाय रहेको |
| **द्विभाषी शिक्षा** | साक्षरता एवं औपचारिक पढाइमा दुई वटा भाषाको प्रयोग<br>- *व्यवहारमा साक्षरता र सिकाइ व्यक्तिको पहिलो भाषाबाट सुरु गरिन्छ र दोस्रो भाषाको प्रयोग बिस्तारै बढाउँदै लगिन्छ ।* |
| **परिचालन** | कुनै कार्यक्रमको योजना गर्न तथा लागु गर्न समुदाय र यसका सहयोगीहरूलाई सङ्गठित गर्ने काम |
| **पाठ्यक्रम** | शैक्षिक कार्यक्रमको लागि शिक्षण योजना, पाठ्यवस्तु तथा सहयोगी सामग्रीहरू |
| **बहुभाषी** | *व्यक्ति :* दुईभन्दा बढी भाषा बोल्ने र बुझ्ने (लेखपढ पनि गर्न सक्ने)<br>*सामाजिक :* समाजमा दुईभन्दा बढी भाषिक समुदाय रहेको |
| **बहुभाषी शिक्षा** | साक्षरता तथा शिक्षणको लागि दुईभन्दा बढी भाषाको प्रयोग<br>- *पहिलो भाषाको विकास सुरु गरेर क्रमशः अन्य भाषाहरू थप्दै लैजाने बहुभाषी शिक्षा प्रभावकारी हुन्छ* |
| **भाषाको विकास** | *शिक्षामा :* कसैलाई कुनै भाषा राम्रोसँग बोल्न, पढ्न र लेख्न सिकाउने काम<br>अल्पसङ्ख्यक भाषिक समुदायमा : शब्द भण्डार बढाएर, लेखनमा सहमति गरेर तथा किताब र अन्य शिक्षण सामग्रीहरूको निर्माण गरेर कुनै भाषाको कथ्य तथा लेख्य प्रयोगको विकास गर्ने काम |

**भाषिक अल्पसङ्ख्यक** जनसङ्ख्या कम भएर वा आर्थिक तथा राजनीतिक कारणले समाजमा कमजोर रूपमा रहेका एउटै भाषा प्रयोग गर्ने मानिसहरूको समूह

**मातृभाषामा आधारित बहुभाषी शिक्षा** पहिलो भाषाको माध्यमबाट लेखाइ, पढाइ र सिकाइ प्रक्रिया सुरु गरेर दोस्रो भाषा सिकाउँदै लैजाने विद्यालय शिक्षाको प्रणाली (बहुभाषी शिक्षा पनि हेर्नुहोस्)

**मुख्य समूह** जनसङ्ख्या धेरै भएर तथा आर्थिक वा राजनीतिक कारणले देशमा शक्तिमा रहेको सामाजिक समूह

**मूल धार** मुख्य समूहको भाषा तथा संस्कृति

- कहिलेकहीँ मुख्य समूहका सदस्यहरूको लागि मात्र स्थापना गरिएको र भाषिक अल्पसङ्ख्यकको आवश्यकता पूरा नगर्ने विद्यालय पनि बुझिन्छ ।

**लेखन पद्धति** लिपि, हिज्जे नियम र विराम चिह्नहरू रहेको लेखनको मानक प्रणाली

**लैङ्गिक समानता** महिला तथा पुरुष, बालक तथा बालिका सबैलाई मानव अधिकारको पूरा अनुभव गर्न; आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक विकासमा योगदान गर्न र त्यसबाट लाभ हासिल गर्न समान परिस्थिति उपलब्ध हुने अवस्था

**सहजकर्ता** अरूलाई लेखपढ गर्न सहयोग गर्ने व्यक्ति, शिक्षक

**साक्षरता** जीवनमा आवश्यक व्यवहार गर्न पढ्न, लेख्न, हिसाब गर्न र अन्य भाषिक क्रियाकलाप राम्रोसँग गर्न सक्ने क्षमता

**साझेदार** नयाँ कार्यक्रम लागु गर्न समुदायसँग मिलेर काम गर्ने व्यक्ति, संस्था वा निकाय

**सिकाइ उपलब्धि** विद्यालयमा पढाइ हुने विषयवस्तु तथा भाषाको ज्ञान, सीप र दक्षता ।

**बहुभाषी शिक्षा विस्तारको लागि**

**सहयोग सामग्री :**

*विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण*

# समुदायका सदस्यहरूको लागि पुस्तिका



# समुदायका सदस्यहरूको लागि पुस्तिका



## परिचय

अल्पसङ्ख्यक भाषिक समुदायका धेरै बालबालिकाको लागि विद्यालय आफूले नबुझ्ने भाषामा नयाँ धारणाहरू सिकाउने नौलो ठाउँ हुन्छ । बालबालिकाले आफ्ना अभिभावक र आफन्तबाट सिकेका ज्ञान र अनुभव विद्यालयमा काम नलाग्ने स्थिति हुन्छ । विद्यालयको कामकाजी भाषा नबोल्ने अभिभावक आफ्ना बालबालिकाको शिक्षामा सहभागी हुन सक्दैनन् । पपुवा न्यु गिनीका एक अभिभावकले "मूल धार" (मुख्य भाषाका) विद्यालयहरूबारे आफ्नो समुदायको अनुभव यसरी सुनाउँछन् :

> *जब बालबालिका विद्यालय जान्छन् उनीहरू बिरानो ठाउँमा जान्छन् । उनीहरूले आफ्ना अभिभावकलाई छाड्छन्, उनीहरूले आफ्ना बगैंचा छाड्छन्, उनीहरूले आफ्ना जीवनशैलीका सबै कुरा छाड्छन् । उनीहरू कक्षाकोठामा बस्छन् र आफ्नो ठाउँसँग कुनै सम्बन्ध नभएका कुरा सिक्छन् । उनीहरूले अरू कुरा मात्र सिकेकाले पछि आफ्नै कुरालाई अस्वीकार गर्छन् ।*[१]

यस पुस्तिकाले त्यस्तो विद्यार्थी-केन्द्रित र समुदाय-केन्द्रित शिक्षा कार्यक्रमको बारेमा जानकारी दिन्छ जसमा बालबालिकाहरू आफ्नो घरको भाषामा पढाइ सुरु गर्छन् र विद्यालयको कामकाजी भाषा र आवश्यकता अनुसार अरू भाषा पनि सिक्छन् । "मातृभाषामा आधारित बहुभाषी शिक्षा" कार्यक्रमहरूमा बालबालिकाले आफ्ना अभिभावक र समुदायबाट सिकेका ज्ञान र अनुभवको सम्मान गरिन्छ र ती थप सिकाइका लागि आधार बन्दछन् । ती कार्यक्रमहरू विद्यालयको कामकाजी भाषा नबोल्ने समुदायका विद्यार्थीहरूप्रति लक्षित हुन्छन् । ती कार्यक्रमको उद्देश्य विद्यार्थीलाई सिकाइ प्रक्रियामा आफ्नो घरको भाषा र संस्कृति छाड्न दबाब नदिई उनीहरूको शैक्षिक लक्ष्य प्राप्त गर्न मदत गर्नु हुन्छ ।

यो पुस्तिका अभिभावक, शिक्षक, प्रशासक र समुदायका अन्य सदस्यहरूले बहुभाषी शिक्षाका सम्बन्धमा प्राय सोध्ने यो किन चाहिन्छ ? यसले कसरी काम गर्छ ? यसले कसरी विद्यार्थीलाई लाभ पुऱ्याउँछ ? र यसलाई लागु गर्न के गर्नु पर्छ ? जस्ता प्रश्नहरूको आधारमा तयार पारिएको छ ।

---

१. डेल्पिट, एल. डि. र केमेलफिल्ड, जि. १९८५. *एन इभ्यालुएसन अफ द भिलेस तोक प्लेस स्कुल स्किम इन द नर्थ सोलोमन्स प्रोभिन्स. इआरयु रिपोर्ट नं. ५१.* वाइगानी, पपुआ न्यु गिनी, युनिभर्सिटी अफ पपुआ न्यु गिनी, पृ. २९-३०।

## प्रश्न र प्रतिक्रियाहरू :
## अल्पसङ्ख्यक भाषिक समुदायहरूमा भाषा र शिक्षा

### प्रश्न १ : अल्पसङ्ख्यक भाषिक समुदायका धेरै बालबालिकाको शैक्षिक स्थिति कस्तो हुन्छ ?

बालबालिका विद्यालय जान थालेपछि धेरै नयाँ कुरा सिक्नु पर्ने हुन्छ। उनीहरूले -

- विद्यालयको व्यवहारबारे सिक्नु पर्छ।
- पढ्न र लेख्न सिक्नु पर्छ।
- गणित, विज्ञान, सामाजिक अध्ययन र अन्य विषयमा नयाँ सूचना र धारणाहरू सिक्नु पर्छ। र
- उनीहरूले नयाँ धारणा र सूचनाहरू बुझेको र तिनको प्रयोग गर्न सकेको देखाउनु पर्छ।

विद्यालयको कामकाजी भाषा नबोल्ने बालबालिकाले सुरुमा विद्यालयमा विशेष खालका चुनौतीहरूको सामना गर्नु पर्ने हुन्छ :

- उनीहरूले विद्यालयको कामकाजी भाषा सिक्नु पर्ने हुन्छ। साथसाथै शिक्षकले नयाँ भाषामा सिकाएका नयाँ कुरा बुझ्ने कोसिस गर्नु पर्ने हुन्छ।
- उनीहरूले पाठ्यपुस्तकमा विद्यालयको कामकाजी भाषामा लेखिएका पाठहरू बुझ्ने कोसिस गर्नु पर्ने हुन्छ। उनीहरूले पाठको अर्थ बुझ्न चाहिने जति भाषा सिकिसकेका छैनन् भने शिक्षकले पढेको सुनेर शब्द, पदावली र सिङ्गै वाक्य पनि घोक्नु पर्ने हुन्छ। तर, घोक्नु र बुझ्नु एउटै कुरा होइनन्, त्यसैले उनीहरू सिकाइमा झन् झन् पछि पर्दै जाने अवस्था आउँछ।
- उनीहरू नयाँ भाषामा लेख्न सक्ने हुनु पर्छ। उनीहरूले भाषा राम्ररी बुझ्न सकेनन् भने पाटी वा किताबबाट अक्षर, शब्द र वाक्यहरू सार्नु पर्ने हुन्छ तर त्यस्तो लेखाइले आफ्ना विचार व्यक्त गर्न कुनै मदत गर्दैन।

एक जना भारतीय अधिकारीले आफूले देखेको एउटा कक्षाको यस्तै समस्याको यसरी वर्णन गरेका छन् :

> *विद्यार्थीहरूले शिक्षकका एकोहोरो कुराकानीमा कत्ति पनि ध्यान नदिएको देखिन्थ्यो। उनीहरूले शून्य भावले शिक्षकलाई र कहिलेकहीँ केही लेखिएको कालोपाटीलाई टुलुटुलु हेर्थे। आफूले भनेको कुरा बालबालिकाले बुझ्न सकेनन् भन्ने राम्ररी बुझेका शिक्षकले अझ ठूलो स्वरमा अझ लामो व्याख्या गर्न थाल्थे।*
> *पछि बोल्दा थाकेर र कलिला बालबालिका पूरै अल्मलिए भन्ने बुझेर उनले विद्यार्थीहरूलाई कालोपाटीबाट (अक्षरहरू) सार्न भने। "मेरा बालबालिका कालोपाटीबाट सार्न सिपालु छन्। पाँच कक्षासम्म पुग्दा उनीहरूले सबै उत्तर सार्न र त्यसलाई कण्ठ गर्न सक्छन्। तर कक्षा पाँचका दुई जना मात्र विद्यालयको कामकाजी भाषा बोल्न सक्छन्" शिक्षकले भने।*[२]

[२] झिङ्ग्रान, डि. २००५. *ल्याङ्ग्वेज डिस्एड्भान्टेज. द लर्निङ च्यालेन्ज इन प्राइमरी एजुकेसन.* न्यु दिल्ली : ए. पि. एच. पब्लिसिङ, पृ. १।



© युनेस्को/ए.ढुंगाना

पपुवा न्यु गिनीका एक शिक्षकले कलिला बालबालिकाले विद्यालयको कामकाजी भाषा नबुझ्दा अनुभव गरेको द्विविधा र डरको वर्णन यसरी गरेका छन् :

*मेरो कक्षा अवधिभरि धेरै बालबालिका एक किसिमले अल्मलिएको देखेँ । उनीहरू जहाँ आफ्ना बाआमा उनीहरूसँग आफ्नो घरको भाषामा बोल्थे त्यो गाउँ छोडेर बाहिर आएका थिए । अनि यहाँ म ती कलिला बालबालिकाको अगाडि राक्षस जस्तो उभिएर उनीहरूसँग अनौठो भाषामा कुरा गरिरहेको थिएँ । म उनीहरूलाई केही सिकाउनुको सट्टा तर्साइरहेको थिएँ...*[३]

वास्तवमा, अल्पसङ्ख्यक भाषिक समुदायबाट आएका केही बालबालिकाले अन्त्यमा विद्यालयको कामकाजी भाषा राम्ररी सिक्न सक्छन् । केही आफ्नो शिक्षा पूरा गरेर सफलतापूर्वक मूल धारको समाजमा घुलमिल हुन्छन् । यस्तो अवस्थामा उनीहरूको आफ्नो समुदायसँगको सम्बन्ध कस्तो हुन्छ ? जब मुख्य भाषा मात्र कक्षाकोठामा प्रयोग गरिन्छ र पाठहरूले मुख्य समाजमा मात्र जोड दिन्छन् तब यसको परिणाम के हुन्छ भने अल्पसङ्ख्यक बालबालिकाले आफ्नो भाषा बिर्सन सक्छन् र आफ्नो संस्कृति र समुदायको ज्ञान, माया र आदर गुमाउन सक्छन् ।

३. मालोन, डि. २००४. *दि इन बिट्विन पिपुल.* डलास, युनाइटेड स्टेट्स, एसआइएल इन्टरनेसनल, पृ. १७ ।

सङ्क्षेपमा, आफूले नजानेको भाषा प्रयोग गर्ने विद्यालयमा जानु पर्ने अल्पसङ्ख्यक भाषिक समुदायका विद्यार्थीहरूलाई शैक्षिक, सामाजिक र अरू विभिन्न समस्याहरू हुन्छन् :

- कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने दर बढी हुन्छ किनभने उनीहरूले आफूले नबुझ्ने नयाँ भाषामा सिक्न सक्दैनन् ।

विद्यालय छाड्ने, असफल हुने र कक्षा दोहोऱ्याउने कारण यस्तो हुन सक्छ :

*सबैजसो प्रधानाध्यापकले मातृभाषामा शिक्षाको लागि शिक्षक भर्ना गर्ने कुनै नीति नरहेको बताए । एकतीसमध्ये पच्चीस जना शिक्षकले विद्यार्थीलाई विद्यालयमा मातृभाषा प्रयोग गर्न प्रोत्साहन नदिने गरेको स्विकारे । धेरैजसो शिक्षकले नेपालीको आवश्यक ज्ञान नभएको कारणले नेपाली नबोल्ने बालबालिकाले विद्यालय छाड्ने, असफल हुने र कक्षा दोहोऱ्याउने गर्छन् भन्ने बुझेका छन् । उनीहरूले नेपाली नबोल्ने क्षेत्रमा द्विभाषी वा बहुभाषी शिक्षा आवश्यक छ भन्ने कुरामा जोड दिए । त्यसो भए तापनि विद्यालयमा मातृभाषा प्रयोग गर्नेबारे उनीहरूको व्यवहार र विचार मिल्दैन ।*[४]

- विद्यार्थीले आफ्ना शिक्षक र अभिभावकले आशा गरे अनुसार उपलब्धि नगर्ने हुनाले आत्मविश्वास गुम्ने स्थिति रहन्छ ।
- विद्यार्थीले विद्यालयमा मुख्य भाषा, संस्कृति र समाज मात्र महत्त्वपूर्ण हुन् भन्ने सन्देश पाउने हुनाले उनीहरूको भाषा, पैतृक संस्कृति र समुदायप्रतिको आदर गुम्ने स्थिति रहन्छ ।
- विद्यार्थीहरू राम्रो काम पाउन चाहिने ज्ञान र सीप हासिल गर्न असफल हुन्छन् । र
- विद्यार्थीहरू आफ्नो समुदाय र राष्ट्रको राजनीतिक विकासमा सक्रिय रूपमा भाग लिन चाहिने ज्ञान र आत्मविश्वास प्राप्त गर्न असफल हुन्छन् । पपुवा न्यु गिनीको शिक्षा विभागले यस्तै कुरा उल्लेख गरेको छ :

*औपचारिक रोजगारीको क्षेत्रमा प्रवेश नगराउने शिक्षा प्रणालीले धेरै बालबालिकालाई आमजनताको जीवनशैलीसँग बिरानो बनाउँछ र समुदाय वा राष्ट्रको विकासमा सकारात्मक योगदान दिन चाहिने ज्ञान, सीप र अभिवृत्ति आर्जनमा बाधा पुऱ्याउँछ ।*[५]

### प्रश्न २ : मातृभाषामा आधारित बहुभाषी शिक्षाले बालबालिकालाई विद्यालयमा राम्रो गर्न कसरी मदत गर्छ ?

कुनै पनि भाषामा प्रभावकारी शिक्षा दुई आधारभूत सिद्धान्तबाट निर्देशित हुन्छ :

१. सिकाइमा अर्थ हुन्छ : हामी कण्ठ गर्न सकौँला तर जसले हाम्रो लागि कुनै अर्थ दिँदैन त्यो हामी सिक्न सक्दैनौँ ।

२. सिकाइ ज्ञातबाट अज्ञाततिर जान्छ : हामीले नयाँ विचार र सूचनाहरू बुझ्न र प्रयोग गर्न आफूले पहिल्यै जानेका कुरा प्रयोग गऱ्यौँ भने राम्ररी सिक्न सक्छौँ ।

बालबालिकाले विद्यालय जानुभन्दा धेरै अघि सार्थक सिकाइको अनुभव गरिसकेका हुन्छन् । उनीहरूले समुदायमा आफ्ना अभिभावक र आफन्तसँग अन्तर्क्रिया गर्दा नातागोताको बारेमा सिक्छन् । उनीहरूले आफ्नो वरिपरिको संसारको प्रकृति र वातावरणको बारेमा सिक्छन् । आफ्ना दैनिक क्रियाकलाप गर्दा

---

४. अवस्थी, लवदेव २००४. एक्स्प्लोरिङ मोनोलिङ्गुअल स्कुल प्राक्टिसेज इन मल्टिलिङ्गुअल नेपाल. पिएच्डी शोधग्रन्थ, कोपेनहेगेन : डेनिस युनिभर्सिटी अफ एजुकेसन, पृ. २०३ ।

५. डिपार्टमेन्ट अफ एजुकेसन. १९९१. *एजुकेसन सेक्टर रिभ्यु.* वाइगानी, पपुवा न्यु गिनी, डिपार्टमेन्ट अफ एजुकेसन, पृ. ७ ।



© युनेस्को/ए.ढुंगाना

उनीहरूले वस्तुहरूको क्रम निर्धारण र वर्गीकरण गर्छन् अनि तौल र दुरीको तुलना गर्छन्। उनीहरू आफ्नो बुझाइ अनुसार अरूले भनेका कुरा राम्रो र नराम्रो, उपयोगी र हानिकारक, उपयुक्त र अनुपयुक्त मूल्याङ्कन गर्छन् र त्यसै अनुसार व्यवहार गर्छन्। यो ज्ञान र अनुभव जीवनभरिको सिकाइको लागि जग बन्छ।

भाषामा पनि त्यही कुरा लागु हुन्छ। बालबालिकाले विद्यालय सुरु गर्नुभन्दा धेरै अघि सम्प्रेषण र सिकाइका लागि घरको भाषा प्रयोग गर्छन्।

उनीहरूले आफ्ना अभिभावक र आफूभन्दा ठूलाका कुरा सुन्छन्। उनीहरूले आफूले नबुझेका कुराबारे सोध्छन् र तिनका जवाफ सुन्छन्।

- उनीहरूले निर्देशन मान्छन्।
- उनीहरूले आफ्ना विचारबारे कुरा गर्छन्।
- उनीहरूले आफूले देखेका र सोचेका कुरा भन्छन्।
- उनीहरूले वस्तुहरू गन्छन् र सामान्य हिसाब गर्छन्। र
- उनीहरूले आफ्ना साथीहरूसँग (र कहिलेकहीँ अभिभावकसँग पनि) तर्क गर्छन्।

यिनै अन्तर्क्रियाका माध्यमले बालबालिकाले विभिन्न उद्देश्यका लागि आफ्नो घरको भाषाको अर्थपूर्ण प्रयोगमा गति र आत्मविश्वास प्राप्त गर्छन्। उनीहरूले विद्यालय सुरु गर्दा आफ्नो भाषाबारेको यो ज्ञान आफूसँगै ल्याउँछन्।

## विद्यार्थीले पहिले नै जानेका कुराको विद्यालयमा प्रयोग

राम्रा विद्यालय र राम्रा शिक्षकले बालबालिकाको घरको भाषा, ज्ञान र अनुभव सबै सिकाइको लागि महत्त्वपूर्ण स्रोत हुन् भन्ने बुझेका हुन्छन् । उनीहरूले खास गरी सुरुका तहमा बालबालिकाले पाठको अर्थ बुझ्न सकून् भनेर पढाइमा बालबालिकाको घरको भाषा प्रयोग गर्छन् । उनीहरूले नयाँ कुराको धारणा दिन स्थानीय तहका उदाहरणको प्रयोग गर्छन् । यसबाट बालबालिकाले नयाँ धारणा बुझ्न आफ्नो ज्ञान र अनुभवको प्रयोग गर्न मदत पुग्छ । उनीहरूले बालबालिकाले चिनेजानेका मानिस, ठाउँ र क्रियाकलापहरूमा आधारित प्रारम्भिक पाठ्य सामग्रीहरू बालबालिकाकै भाषामा तयार पार्छन् । यसबाट सिकाइ अर्थपूर्ण र उत्साहपूर्ण हुन्छ । उनीहरूले सोचाइ र विचारहरू लेखेर सम्प्रेषण गर्न आत्मविश्वास बढोस् भनेर बालबालिकाले जानेका र सोचेका कुराहरूबारे आफ्नै भाषामा रचनात्मक ढङ्गले लेख्न प्रोत्साहन दिन्छन् । यी सबै क्रियाकलापले बालबालिकाको राम्रो शैक्षिक आधार निर्माण गर्न मदत गर्छन् । यसबाट उनीहरू जीवनभरि सिकाइमा सफल हुन्छन् ।

शैक्षिक अनुसन्धानकर्ताहरूले घरको भाषामा बलियो आधारको महत्त्वबारे भनेको कुरा यस्तो छ :

> *बालबालिकाको मातृभाषाको विकासको स्तरले उनीहरूको दोस्रो भाषाको विकास देखाउँछ । मातृभाषामा बलियो आधार भएका बालबालिकाले दोस्रो भाषामा अझ सबल साक्षरता क्षमताको विकास गर्छन् ।*[६]





© युनेस्को/ए.ढुंगाना

[६] कमिन्स, जे. २०००. *बाइलिङ्गुअल चिल्ड्रेन्स मदर टङ : ह्वाइ इज इट इम्पोर्टेन्ट फर एजुकेसन ?* http://www.iteachilearn.com/cummins/mother.htm (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

अर्को शब्दमा भन्ने हो भने घरको भाषामा पढाइ सुरु गर्नु समय खेर फाल्नु होइन । यसले बालबालिकाको नयाँ भाषा सिक्ने क्षमतामा असर पार्दैन । बरु, यो नयाँ भाषा सिक्न बालबालिकाको सबैभन्दा महत्त्वपूर्ण स्रोत हो ।

## नयाँ कुरा सिक्न ...

बालबालिकाले कक्षाकोठामा घरको भाषाको प्रयोगमा गति बढाउँदै जाँदा विद्यालयको कामकाजी भाषा पनि पहिले सुनाइ र बोलाइ अनि पढाइ र लेखाइ सिक्न थाल्छन् । यो प्रक्रिया हामीले पढ्न र लेख्न एकपटक मात्र सिक्नु पर्छ भन्ने शिक्षाको सिद्धान्तमा आधारित छ । बालबालिकाले आफ्नो घरको भाषामा पढाइ र लेखाइ पहिले नै सिकिसकेको र विद्यालयको कामकाजी भाषामा सुनाइ र बोलाइमा गति बढाउन थालेको अवस्थामा उनीहरू अझ सजिलोसँग र अझ बढी आत्मविश्वासका साथ विद्यालयको कामकाजी भाषामा पढाइ र लेखाइ सिक्न सक्ने हुन्छन् ।

राम्रो बहुभाषी शिक्षा कार्यक्रममा बालबालिकाले कम्तीमा प्राथमिक विद्यालयसम्म सम्प्रेषण र सिकाइको लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइमा घरको भाषा र कामकाजी भाषा दुवै प्रयोग गर्छन् ।

> *बालबालिकाले प्राथमिक विद्यालयमा दुई वा दुईभन्दा बढी भाषामा क्षमता विकास गरिरहँदा भाषा राम्ररी बुझ्छन् र त्यसलाई प्रभावकारी ढङ्गले प्रयोग गर्न जान्दछन् । उनीहरूले दुवै भाषामा साक्षरता विकास गरेपछि भाषा प्रक्रियामा बढी अभ्यास हुन्छ र उनीहरू ती दुई भिन्न भाषामा यथार्थलाई कसरी सङ्गठित गरिन्छ भनेर तुलना र भेद गर्न सक्ने हुन्छन् ।* [७]

### प्रश्न ३ : घरको भाषा कक्षाकोठामा प्रयोग गर्नेबारे अभिभावक र शिक्षकहरूको के विचार छ ?

संसारभरि थुप्रै अल्पसङ्ख्यक भाषिक समुदायमा मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रमहरू सुरु भएका छन् । ती कार्यक्रममा धेरैजसो शिक्षक र अभिभावकहरूले आफ्नो घरको भाषामा सिकाइ सुरु गर्ने बालबालिकामा यी कुरा पाएका छन् :

- सिकारुका रूपमा आफैमा बढी आत्मविश्वास राख्छन् ।
- कक्षाकोठाको छलफलमा अझ सक्रिय रूपले भाग लिन्छन् ।
- अझ बढी प्रश्न सोध्छन् ।
- विषय राम्ररी बुझेको देखाउँछन् ।
- सजिलोसँग पढ्न सिक्छन् र सिकेको कुरा बुझ्छन् ।
- सजिलोसँग लेख्न सिक्छन् र आफ्ना कुरा लेखेर राम्ररी व्यक्त गर्छन् । र
- विद्यालयको भाषा मौखिक र लिखित दुवै रूपमा अझ बढी सजिलोसँग र अझ बढी बुझेर सिक्छन् ।

---

७. कमिन्स, जे. २०००. *बाइलिङ्गुअल चिल्ड्रेन्स मदर टङ : ह्वाइ इज इट इम्पोर्टेन्ट फर एजुकेसन ?* http://www.iteachilearn.com/cummins/mother.htm (१७ नोभेम्बर २००६ मा प्राप्त) ।



© युनेस्को/ए.ढुंगाना

एक जना विद्यालय निरीक्षकले कक्षाकोठाको भ्रमणमा देखेका भिन्नताको यसरी वर्णन गरेकी छन् :

*पहिले बालबालिका कक्षामा बस्थे मात्र, केही भन्दैनथे । उनीहरूले कसरी जवाफ दिने भन्ने पनि जान्दैनथे । अहिले उनीहरू सधैँ आफ्ना हात उठाउँछन् । उनीहरू धेरै कुरा गर्न सक्छन् । अहिले यो बालबालिकाको एउटा सक्रिय र उत्साहित समूह बनेको छ ।* [८]



बहुभाषी शिक्षा कार्यक्रमले मातृभाषा र संस्कृतिप्रति बालबालिकाको माया र आदर बढाउने हुँदा अभिभावकहरू पनि खुसी छन् । पपुवा न्यु गिनीका एक अभिभावकले भने :

*अहिले मेरो बच्चा स्थानीय भाषाको विद्यालयमा छ । उसले आफ्नो ठाउँ छोडेको छैन । उसले विद्यालयमा आफ्नो चलन र आफ्नो जीवनशैलीबारे सिकिरहेको छ । अहिले उसले आफूले चाहेको जुनसुकै कुरा आफ्नो घरको भाषामा लेख्न सक्छ । उसले आफ्नो ठाउँको बारेमा लेख्छ । उसले आमालाई पानी ल्याउन मदत गर्ने बारेमा, सखरखन्ड खन्ने बारेमा, बगैँचामा जाने बारेमा लेख्छ । जब उसले ती कुरा लेख्छ ती उसका लागि महत्त्वपूर्ण हुन्छन् । उसले बाहिरका कुराबारे पढ्ने र लेख्ने मात्र होइन पढाइ र लेखाइबाट आफ्नो जीवनशैलीप्रति गर्व गर्न पनि सिक्दै छ । ऊ ठूलो भएपछि पनि हामीलाई अस्वीकार गर्ने छैन । हाम्रा बालबालिकालाई पढ्न र लेख्न सिकाउनु महत्त्वपूर्ण कुरा हो तर त्यसभन्दा महत्त्वपूर्ण कुरा उनीहरूलाई आफैप्रति र हामीप्रति गर्व गर्न सिकाउनु हो ।* [९]

विद्यालयमा भाषा प्रयोगबारे नेपाली अभिभावकहरूको विचार यस्तो छ :

*धेरैजसो अभिभावकहरू मातृभाषा, नेपाली र अङ्ग्रेजी तीन वटा भाषाको पक्षमा देखिए । उनीहरूले प्राथमिक तहमा मातृभाषा र नेपालीलाई पढाइको माध्यम बनाइनु पर्ने र ती भाषामा पाठ्य पुस्तक लेखिनु पर्ने कुरामा जोड दिए ।* [१०]

---

८. सन् २००१ मा फिलिपिन्सको क्षेत्रीय सम्पर्क भाषा कार्यक्रमका एक जना शिक्षकसँग एसआइएल इन्टरनेसनलका सुजन मालोनले गरेको कुराकानीमा आधारित ।

९. डेल्पिट, एल. डि. र केमेलफिल्ड, जि. १९८५. *एन इभ्यालुएसन अफ द भिलेस तोक प्लेस स्कुल स्किम इन द नर्थ सोलोमन्स प्रोभिन्स. इआरयु रिपोर्ट नं. ५१.* वाइगानी, पपुआ न्यु गिनी, युनिभर्सिटी अफ पपुआ न्यु गिनी ।

१०. अवस्थी, लवदेव २००४. एक्स्प्लोरिङ मोनोलिङ्गुअल स्कुल प्राक्टिसेज इन मल्टिलिङ्गुअल नेपाल. पिएच्‌डी शोधग्रन्थ, कोपेनहेगेन : डेनिस युनिभर्सिटी अफ एजुकेसन, पृ. २०८ ।

### प्रश्न ४ :  आफ्नो समुदायमा मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम सञ्चालन गर्न हामी के गर्न सक्छौँ ?

मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम सफल हुन धेरै मानिसहरूको सहकार्य र सहयोग चाहिन्छ । सबैभन्दा मुख्य कुरा समुदायका सदस्यहरूले कार्यक्रम चाहनु पर्छ र यसको स्वामित्व लिन तयार हुनु पर्छ । कार्यक्रम विस्तार गर्ने र त्यसलाई कायम राख्ने हो भने विद्यालयका प्रिन्सिपल, शिक्षक र शिक्षा अधिकारीहरूको सहयोग पनि चाहिन्छ ।

यसपछिको अंशमा राम्रो बहुभाषी शिक्षा कार्यक्रम सुरु गर्न चाहने समुदायको लागि सुझाव प्रस्तुत गरिएको छ ।[११] तलका केही क्रियाकलापहरू कार्यक्रम अवधिभरि रहन्छन् भने केही थोरै समयसम्म मात्र रहन्छन् । केही ठाउँमा कुनै क्रियाकलाप पहिले नै भइसकेको हुन सक्छ, जस्तो कि कुनै भाषामा लेखन पद्धतिको विकास भइसकेको हुन सक्छ । अरू ठाउँमा केही पनि नभएको हुन सक्छ र समुदायले यसका साझेदारहरूसँगै प्रारम्भिक अवस्थाबाट सुरु गर्नु पर्ने हुन्छ ।




**सहयोगी राजनीतिक वातावरण बनाउनु** : मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रमको लागि राजनीतिक र आर्थिक सहयोग लिन नीति निर्माता र अन्य निकायहरू परिचालन गर्नु पर्ने हुन्छ । यसको लागि उनीहरूलाई कार्यक्रमका उद्देश्य र फाइदाबारे स्पष्ट पार्नु पर्छ । भाषिक समुदाय र तिनका सहयोगीहरू मिलेर अनुकूल राजनीतिक वातावरण बनाउन बालबालिकालाई पूर्वप्राथमिक शिक्षा र विद्यालय छाडेपछि दिइने शिक्षाका साना अनौपचारिक कार्यक्रमहरू सुरु गर्न सकिन्छ । यो काम औपचारिक नीति बन्नुभन्दा अघि नै गर्न सकिन्छ । यस्ता निजी कार्यक्रम सफल भएपछि त्यसबाट बहुभाषी शिक्षा कार्यक्रमको महत्त्वबारे स्पष्ट हुन्छ र कार्यक्रमलाई चाहिने राजनीतिक सहयोग जुटाउन मदत पुग्छ ।

---

[११]. मालोन, एस. २००४. प्लानिङ कम्युनिटी बेस्ड एजुकेसन प्रोग्राम्स इन माइनरिटी ल्याङ्ग्वेज कम्युनिटिज. रिसोर्स म्यानुअल फर मदर टङ स्पिकर्स अफ माइनरिटी ल्याङ्ग्वेजेज. अप्रकाशित म्यानुअल ।



© नेवाः स्कुल

अल्पसङ्ख्यक भाषिक समुदायका सदस्यहरूको उच्च तहका सरकारी अधिकारीसम्म पहुँच नहुन वा उनीहरूले नीति निर्माणको तहमा आवाज पुऱ्याउन नसक्ने स्थिति रहन सक्छ तापनि अरू भाषिक समुदाय, सरकारी निकाय, गैरसरकारी संस्थाहरूसँग सहकारी सम्बन्ध विकास गर्न सकिन्छ । एक्लैले भन्दा मिलेर काम गर्दा यस्ता समूहहरूको आवाज बढी शक्तिशाली हुन्छ । त्यसैले "माथि" परिवर्तन ल्याउन र त्यसलाई दिगो राख्न सम्बन्ध बढाउने कामलाई सधैँ प्राथमिकता दिनु पर्छ ।



***कार्यक्रम योजनाको लागि सूचना सङ्कलन गर्नु :*** सबल र दिगो बहुभाषी शिक्षा कार्यक्रम विद्यार्थी र अभिभावकका आवश्यकता र लक्ष्यहरूप्रति जवाफदेही हुन्छन् । योजनाकारले सबैभन्दा पहिले अभिभावक र समुदायका अरू मानिससँग तिनका बालबालिकाको शिक्षाको लक्ष्य सोधेर शिक्षाको वर्तमान स्थितिबारे जानकारी लिनु र वर्तमान प्रणालीका सबल पक्ष र कमजोरीहरू पहिल्याउनु पर्ने हुन्छ । दक्ष योजनाकारहरूले बहुभाषी शिक्षा कार्यक्रममा प्रयोग गर्न सकिने उपयुक्त भवन, राम्रा भाषिक सीप भएका मानिस, भाषामा रहेका सान्दर्भिक लिखित सामग्री आदि समुदायमा रहेका स्रोत तथा कार्यक्रमको कार्यान्वयन र त्यसको दिगोपनमा बाधा पुऱ्याउन सक्ने कुराहरूबारे पनि सूचना सङ्कलन गर्छन् । सूचना सङ्कलनले कार्यक्रमका अगुवाहरूलाई कार्यक्रमबारे जनचेतना बढाउने राम्रो मौका दिन्छ । कार्यक्रम अरू समुदायहरूमा पनि विस्तार हुँदै जाँदा जनचेतना वृद्धि र परिचालनसँगै अनुसन्धानलाई पनि निरन्तरता दिनु पर्ने हुन्छ ।

***जनचेतना वृद्धि गर्नु र साझेदारी बढाउनु :*** धेरै अभिभावकको कामकाजी भाषा राम्ररी प्रयोग गर्न सक्ने हुन बालबालिकाले त्यो भाषा छिटो सिक्नु पर्छ र धेरै प्रयोग गर्नु पर्छ भन्ने सोचाइ हुन्छ । उनीहरूलाई विद्यालयमा बालबालिकाले घरको भाषा प्रयोग गर्दा दोस्रो भाषा सिक्न समय पुग्दैन र यसले गर्दा दोस्रो भाषा सिकाइमा सफलता कम हुन्छ भन्ने डर हुन्छ । तर अनुसन्धानबाट पहिलो भाषामा राम्रो शैक्षिक आधार बनाउने हो भने त्यसले बालबालिकालाई दोस्रो भाषा अझ सजिलोसँग सिक्न मदत गर्छ भन्ने कुरा देखिएको छ ।

अभिभावकले विद्यालयमा बालबालिकाको पहिलो भाषा प्रयोग गर्दा हुने फाइदाबारे थाहा पाउनु जरुरी छ । यसले उनीहरूलाई यस्ता कार्यक्रममा आफ्ना बालबालिका भर्ना गर्न बढी ढुक्क बनाउँछ । समुदायका अरू सदस्यलाई पनि सूचना र प्रोत्साहन आवश्यक हुन्छ । यसबाट उनीहरूले कक्षाकोठाको व्यवस्थापन गर्ने, पढाउने, पाठ्य सामग्री बनाउने आदि काममा सक्रिय सहयोग गर्न सक्छन् । कार्यक्रमलाई सफल र दिगो बनाउन स्थानीय र जिल्ला तहका शिक्षा अधिकारीहरूको सहयोग पनि आवश्यक हुन्छ । जनचेतना वृद्धि गरेर र साझेदारी बढाएर अभिभावक र समुदायभित्र तथा बाहिरका अरू सम्भावित साझेदारहरूलाई कार्यक्रमबारे सूचना दिइनु पर्छ र उनीहरूलाई कार्यक्रमको योजना बनाउन, लागु गर्न र चलाउन सक्रिय रूपले सहभागी हुन प्रोत्साहित गरिनु पर्छ ।

***भाषाको लेखन पद्धति स्थापना गर्नु :*** स्थानीय भाषा अझै लिखित रूपमा प्रयोग भएको छैन भने समुदायले लेखन पद्धतिको लागि चिह्नहरू वा अक्षरहरूको छनोट गर्नु पर्ने हुन्छ । मातृभाषी वक्ताहरूलाई कुन चिह्न वा अक्षरहरू प्रयोग गर्ने भन्नेबारे निर्णय गर्न त्यस भाषाबारे जानेको भाषाविद्बाट सहयोग लिन सकिन्छ । समुदायले एउटा कामचलाउ लेखन पद्धति बनाएपछि त्यसको परीक्षण गर्ने र आवश्यकता अनुसार त्यसमा संशोधन गर्नु पर्ने हुन्छ ।

पहिले नलेखिएको भाषाको लागि लेखन पद्धतिको विकास गर्ने काम गाह्रो जस्तो लागे पनि बितेका दशकहरूमा धेरै भाषिक समुदायले यो काम सफलतापूर्वक गरेका छन् । एकपटक लेखन पद्धतिको विकास गरिसकेपछि त्यस पद्धतिको प्रयोग गरेर लिखित साहित्यको सिर्जना गर्न र बहुभाषी शिक्षा कार्यक्रमको लागि सामग्री तयार पार्न सकिन्छ ।



© युनेस्को/ए.ढुंगाना

नेपालका आफ्नो परम्परागत लिपि नभएका धेरै भाषाहरूमा देवनागरी लिपिको प्रयोग गरिएको छ। त्यसैले आफ्नो मौलिक लिपि नभएको अवस्थामा देवनागरी लिपिलाई यथावत् वा केही चिह्नहरूमा थपघट वा परिवर्तन गरेर प्रयोग गर्न पनि सकिन्छ।

***शिक्षण तथा सिकाइ सामग्रीको विकास गर्नु :*** बहुभाषी शिक्षा कार्यक्रमको लागि शिक्षकले सिकाउन प्रयोग गर्ने र विद्यार्थीले सिक्न प्रयोग गर्ने शिक्षण तथा सिकाइ सामग्री चाहिन्छ। यस्ता शिक्षण तथा सिकाइ सामग्री (१) विद्यार्थीहरूलाई उनीहरूको शैक्षिक लक्ष्य प्राप्त गर्न ज्ञान, सीप र आत्मविश्वास दिलाउने हुनु पर्छ। र २) उनीहरूको भाषा र संस्कृतिप्रति माया र आदर जगाइरहने हुनु पर्छ।

सबल बहुभाषी शिक्षा कार्यक्रमहरूमा शैक्षिक दृष्टिले राम्रा शिक्षण तथा सिकाइ सामग्रीको विकास गर्न शिक्षक र स्थानीय तथा जिल्ला तहका शिक्षा अधिकारीहरू मिलेर काम गर्न सक्छन्। यसमा पाठ्यक्रम विकास केन्द्र जस्ता केन्द्रीय निकायले सहयोग गर्न सक्छन्। उनीहरूले प्राथमिक विद्यालयको प्रत्येक तहका विद्यार्थीका अपेक्षाबारे जानेका हुन्छन् र बालबालिकाले मूल धार प्रणालीमा प्रवेश गर्न चाहिने आधारभूत सिकाइ उपलब्धिको पहिचान गर्न सक्छन्। समुदायको भूमिका बालबालिकाले कार्यक्रम सुरु गर्नुभन्दा अघि नै जानेको भाषा, ज्ञान र अनुभवमा आधारित शिक्षण तथा सिकाइ सामग्रीहरू छन् कि छैनन् भनेर हेर्नु हो। समुदायका सदस्यहरूले कार्यक्रममा पैतृक भाषा र संस्कृतिका तत्त्वहरू कायम राख्न मदत गर्नु पर्छ।

***समुदायको भाषामा पाठ्य सामग्री तयार पार्नु :*** बहुभाषी शिक्षा कार्यक्रममा बालबालिकालाई पहिले उनीहरूको आफ्नो भाषामा र पछि दोस्रो भाषामा विभिन्न किसिमका पाठ्य सामग्री चाहिन्छ। प्रारम्भिक पाठ्य सामग्री परिचित मानिस, ठाउँ र क्रियाकलापबारे मातृभाषी वक्ताले बालबालिकाको घरको भाषामा लेखेको हुनु पर्छ। बालबालिकाले नयाँ भाषा पढ्न सुरु गरेपछि उनीहरूलाई नयाँ भाषामा पनि पहिले छोटा र सजिला अनि क्रमशः लामा र जटिल पाठ्य सामग्री चाहिन्छ।

एसिया र प्रशान्त क्षेत्रका भाषिक समुदायहरूको अनुभवबाट मातृभाषा बोल्ने व्यक्तिले आफ्नो भाषामा धेरै र विविधतापूर्ण पाठ्य सामग्री बनाउन सक्छन् भन्ने देखिएको छ। यहाँ उनीहरूले बनाउन सक्ने धेरै किसिमका सामग्रीका केही उदाहरण प्रस्तुत गरिएको छ :

| | | |
|---|---|---|
| मौलिक कथा | निर्देशन र सुझाव | उद्घोषण |
| गीत र कविता | धार्मिक र नैतिक शिक्षा | पात्रो |
| जीवनी र इतिहास | नाटक र प्रहसन | योजना किताब |
| लोककथा र ऐतिहासिक कथा | वर्णमाला किताब | अक्षर |
| ठट्यौली, गाउँखाने कथा र सूक्ति | सरल शब्दकोश | चिह्न |
| यात्रा र भौगोलिक वर्णन | क्रियाकलापको वर्णन | खबर पाना र पत्रिका |
| सूचना | खेल | स्वास्थ्य र अन्य सूचना |




© युनेस्को/ए.ढुंगाना

धेरै भाषिक समुदायको अनुभवबाट नयाँ पाठकका लागि चहकिलो रङका र महँगा पाठ्य सामग्री चाहिँदैनन् भन्ने पनि देखिएको छ । रोचक र आफ्नो पठन क्षमता सुहाउँदा पाठहरू छन् भने स्रोत सीमित भएको अवस्थामा रङ्गीन चित्र नभएका भए पनि सफासँग छापिएका पुस्तिकाहरू पाठकले रुचाउँछन् । ***नयाँ पाठकको लागि पाठ्य सामग्री तयार पार्दा यी कुरामा ध्यान दिनु पर्ने हुन्छ :*** १) विषय रोचक हुनु पर्छ, २) भाषा स्पष्ट र बुझिने हुनु पर्छ र ३) चित्रले पाठ बुझ्न मदत गर्ने हुनु पर्छ ।

**नेपालको उदाहरण : समुदायको भाषामा पाठ्य सामग्री** [१२]

*२०४२ सालदेखि थारू समुदायमा साक्षरता सामग्रीको लागि बेस (BASE) को स्थानीय कार्यालयले 'नयाँ गोरेटो', 'नौलो बिहानी', 'महिला शिक्षा' जस्ता नेपाल सरकार र अरू संस्थाले बनाएका किताबहरू प्रयोग गरिरहेको थियो । पछि ती सामग्री समुदाय विशेषको लागि तयार पारिएका होइनन् अनि ती सामग्रीमा उनीहरूको संस्कृति र दैनिक जीवनका कुराहरू छैनन् भन्ने महसुस भयो । त्यसपछि बेसले सरकारी तथा गैरसरकारी निकायहरूसँग अनौपचारिक शिक्षाको लागि सामग्री तयार पार्नेबारे छलफल गऱ्यो । एमएस नेपाल र वर्ल्ड एजुकेसनले थारू भाषामा अनौपचारिक शिक्षाको लागि सामग्री तयार पार्न सहयोग गरे । यसै क्रममा अन्य सम्बन्धित निकाय र समुदाय सदस्यहरूको एक साता लामो बैठक बस्यो । सामग्रीको बारेमा सर्भे गरियो । अन्त्यमा नेपाली भाषाको 'नयाँ गोरेटो'को सट्टा थारू भाषाको 'पश्चिमको फूल' प्राइमर तयार भयो ।*

***कार्यक्रमको लागि दक्ष जनशक्ति जुटाउनु :*** यसपछिको तालिकामा बहुभाषी शिक्षा कार्यक्रमलाई चाहिने जनशक्ति तथा उनीहरूको जिम्मेवारी र योग्यताबारे बताइएको छ ।

बहुभाषी शिक्षा कार्यक्रमका शिक्षक र अरू काम गर्ने व्यक्तिहरूलाई अभिभावक तथा समुदायको प्रोत्साहन र सहयोग चाहिन्छ । सुरुमा आवश्यक जनशक्ति जुटाउन सहयोग गर्ने र उनीहरूले राम्ररी काम गर्न चाहिने सहयोग पाए नपाएको हेर्ने स्थानीय अगुवाहरूको एउटा समिति बनाउनु पर्ने हुन्छ ।

१२. खड्का, अन्जु टिकाराम चौधरी, केशरजङ मगर, आनन्द चौधरी र राजन पोखरेल २००६. लिटरेसिज फ्रम अ मल्टिलिङ्गुअल पर्स्पेक्टिभ : लर्निङ फ्रम थारू, तामाङ, नेवार एन्ड लिम्बू ल्याङ्ग्वेज कम्युनिटिज अफ नेपाल. काठमाडौं : युनेस्को अफिस इन काठमाडौं, पृ. २३ ।

| कर्मचारी | मुख्य जिम्मेवारी | सामान्य योग्यता |
|---|---|---|
| शिक्षक (एक जना स्थानीय भाषाको र एक जना कामकाजी भाषाको) | पढाउनु (स्थानीय र कामकाजी भाषा)<br>विद्यार्थीको प्रगति मूल्याङ्कन गर्नु<br>उपस्थिति र प्रगतिको रेकर्ड दुरुस्त राख्नु<br>अभिभावक र समुदायका अन्य सदस्यसँग अन्तर्क्रिया गर्नु | दुवै भाषा राम्ररी बोल्न, पढ्न र लेख्न सक्ने स्थानीय संस्कृति बुझ्ने र त्यसको कदर गर्ने सफा र बुझिने अक्षर लेख्ने समुदायले छानेको र स्वीकार गरेको |
| लेखक, कलाकार र सम्पादक | लेखक : पहिलो र दोस्रो भाषामा पाठ्य सामग्रीहरू लेख्नु, अनुकूलन गर्नु र अनुवाद गर्नु<br>कलाकार : सामग्रीमा चित्र बनाउनु<br>सम्पादक : सामग्रीको स्पष्टता, भाषा, विराम चिह्नहरू र वर्णविन्यास हेर्नु<br>मूल्याङ्कन समिति : स्थानीय तहमा सामग्रीको मूल्याङ्कन गर्नु र आवश्यकता अनुसार संशोधन गर्नु | पहिलो भाषा राम्ररी बोल्न, पढ्न र लेख्न सक्ने स्थानीय संस्कृति बुझ्ने र त्यसको कदर गर्ने समुदायमा राम्रो कथावाचक वा कलाकारको रूपमा चिनिएको दोस्रो भाषामा साक्षर र दोस्रो भाषाबाट पहिलोमा वा पहिलो भाषाबाट दोस्रोमा अनुकूलन गर्न सक्ने (कलाकार) स्थानीय संस्कृति र समुदाय झल्कने चित्र बनाउन सक्ने (सम्पादक) पहिलो भाषाको शुद्धाशुद्धि हेर्न सक्ने समुदायले छानेको र स्वीकार गरेको |
| निरीक्षक/प्रशिक्षक | नियमित रूपमा कक्षाको भ्रमण गर्नु<br>शिक्षकका सबल पक्ष र कमजोरीहरूको पहिचान गर्नु<br>शिक्षकलाई समस्या परेको ठाउँमा सहयोग गर्नु<br>विद्यार्थीको प्रगति मूल्याङ्कन गर्नु<br>रेकर्डहरू सही रूपले राखे नराखेको हेर्नु<br>कार्यक्रमको व्यवस्थापन र प्रगति मूल्याङ्कनमा समुदायको सुझाव लिनु<br>शिक्षकहरूको लागि पूर्वसेवाकालीन र सेवाकालीन तालिम सञ्चालन गर्नु<br>कक्षाकोठाका लागि सामग्री पर्याप्त मौज्दात भए नभएको हेर्नु | पहिलो र दोस्रो भाषा राम्ररी बोल्न, पढ्न र लेख्न सक्ने<br>भाषिक समुदायको इतिहास र संस्कृतिको जानकार रहेको<br>सरकारी अधिकारी, विद्यालय अधिकारी र गैरसरकारी संस्थाका अगुवाहरूसँग अन्तर्क्रिया गर्न सक्ने (प्रशिक्षक) अमूर्त विचार सम्प्रेषण गर्न सक्ने र राम्रा शिक्षण विधि बनाउन सक्ने<br>(प्रशिक्षक, निरीक्षक) पहिलो भाषा शिक्षणको अनुभव भएका समुदायले छानेको र स्वीकार गरेको |
| सल्लाहकार समिति | कार्यक्रमका अगुवाहरूलाई सल्लाहकारको रूपमा सहयोग गर्नु<br>जनशक्ति जुटाउने प्रक्रियामा सघाउनु<br>शिक्षक तथा अन्य जनशक्ति र समुदायका बीचमा सम्पर्क गराउनु । समुदायमा कार्यक्रमका लक्ष्य, उद्देश्य र गतिविधिबारे जानकारी दिनु<br>कक्षाकोठा र कक्षाकोठाका सामग्री दुरुस्त राख्न सहयोग गर्न समुदायलाई प्रोत्साहित गर्नु<br>सम्भव भए कार्यक्रमलाई सहयोग गर्न कोष बढाउनु कोष र अन्य स्रोतको प्रयोगमा जवाफदेहिता भए नभएको हेर्नु | कार्यक्रमको उद्देश्य र लक्ष्य बुझ्ने कार्यक्रमप्रति प्रतिबद्ध र यसको सफलताको लागि मिलेर काम गर्न उत्सुक<br>समुदायले छानेको र स्वीकार गरेको |

***प्रगतिको मूल्याङ्कन गर्नु र अभिलेख राख्नु :*** बहुभाषी शिक्षा कार्यक्रम औपचारिक शिक्षा प्रणालीभित्र स्थापना भएको हो भने विद्यार्थीको सिकाइ प्रगतिको मूल्याङ्कन गर्ने जिम्मेवारी शिक्षक तथा शिक्षा अधिकारीहरूको हुन्छ । बहुभाषी शिक्षा कार्यक्रमको मूल्याङ्कन गर्दा समुदायका सदस्यहरूको सांस्कृतिक र शैक्षिक लक्ष्य प्राप्तिमा उनीहरू सन्तुष्ट छन् कि छैनन् भन्ने कुरा पनि हेर्नु पर्छ । स्थानीय समुदायका सदस्यहरू सहभागी भएर आफ्नो कार्यक्रमको अभिलेखन र मूल्याङ्कन गरेमा समुदायका लागि कार्यक्रम बढी महत्त्वपूर्ण हुन्छ ।



© बराम परियोजना

***बाहिरी निकाय र संस्थाहरूबाट सहयोग लिनु :*** बहुभाषी शिक्षा कार्यक्रम सफल हुन भाषिक समुदाय भित्र र बाहिर दुवैतिरबाट आर्थिक तथा अरू किसिमका सहयोग र सहकार्य चाहिन्छ । पाठ्य सामग्री उत्पादन गर्न, कक्षामा पढाउन र समुदायको लक्ष्य प्राप्त गर्न कार्यक्रम सफल भयो कि भएन भन्ने थाहा पाउन मातृभाषी वक्ताहरूले मात्र सक्छन् । बाहिरियाहरूले लेखन पद्धतिको विकास गर्ने, पाठ्यक्रम बनाउने, शिक्षकहरूलाई तालिम दिने, कार्यक्रमको मूल्याङ्कन गर्ने र निरन्तर आर्थिक स्रोतहरू जुटाउने जस्ता कार्यक्रमका विशिष्ट क्षेत्रमा मदत गर्न सक्छन् । कार्यक्रमका अगुवाहरूले जति सक्यो धेरै बाहिरी निकायहरूसँग सम्बन्ध बढाउनु पर्ने हुन्छ ।

## प्रश्न ५ : समुदायहरूले साझेदारहरूको सहयोगमा आफ्नै बहुभाषी शिक्षा कार्यक्रम स्थापना गर्न र त्यसलाई दिगो राख्न सक्छन् ?

पपुवा न्यु गिनीको एउटा भाषिक समूहको अनुभवबाट यो प्रश्नको उत्तर पाउन मदत पुग्छ :

*३०००० जनसङ्ख्या भएका काउगेल समुदायका मानिसहरूलाई काउगेल भाषा मात्र बोल्ने आफ्ना धेरैजसो बालबालिका अङ्ग्रेजीमा पढाइने शिक्षा प्रणालीमा ज्यादै कमजोर भएको महसुस भयो । यसैले उनीहरूले सन् १९८० को दशकको मध्यतिर बहुभाषी शिक्षा कार्यक्रमप्रति चासो राखे ।*

*स्थानीय अगुवाहरूले आफ्ना बालबालिकालाई औपचारिक शिक्षाको लागि पर्याप्त मात्रामा तयार पार्न त्यसै क्षेत्रमा काम गरिरहेको एउटा गैरसरकारी संस्थाको सहयोग लिए र बालबालिका प्राथमिक विद्यालय जानुअघि उनीहरूको आफ्नै भाषामा लेख्न र पढ्न सिक्ने "पहिलो भाषा पहिले" शिक्षा कार्यक्रम सुरु गर्ने निर्णय गरे । उनीहरूले कार्यक्रम सञ्चालन गर्न र सहयोग गर्न समुदायका सदस्य, सरकारी कर्मचारी र धार्मिक अगुवाहरू रहेको काउगेल अनौपचारिक शिक्षा सङ्गठन (केएनएफइए) गठन गरे ।*

*कार्यक्रमका अगुवाहरूले काउगेल भाषाका वक्तालाई लेखक, कलाकार र सम्पादकमा नियुक्त गरे । दुई वर्षभित्र उनीहरूले पूर्वप्राथमिक कक्षाहरूका लागि एक सयभन्दा बढी तहगत पाठ्य पुस्तिकाहरू लेखे, चित्रहरू बनाए, सम्पादन गरे र हातले चलाउने प्रतिलिपि यन्त्रको सहायताले छापे । ती पुस्तिकाहरूको परीक्षण र संशोधन गरिएपछि कार्यक्रमका अगुवाहरूले ठूलो परिमाणमा पाठ्य सामग्री उत्पादन गर्न रकमको लागि प्रस्ताव लेख्न सिके ।*

*छ वर्षभन्दा बढीको प्राथमिक शिक्षा प्राप्त गरेका स्थानीय व्यक्तिहरूलाई पूर्वप्राथमिक कक्षाको लागि शिक्षक नियुक्त गरियो । कार्यक्रम संयोजक रहेका एक जना अनुभवी शिक्षकले सामग्री उत्पादन गर्न र शिक्षकलाई तालिम दिन अरूलाई तालिम दिए । कार्यक्रमका अगुवाहरूले गैरसरकारी संस्थाको सहयोगमा शिक्षकहरूलाई थोरै भए पनि पारिश्रमिक दिने रकमको व्यवस्था गर्न एउटा आयमूलक परियोजना सुरु गरे । स्थानीय सरकारी निकाय, अन्य गैरसरकारी संस्था, व्यावसायीहरू र प्रान्तीय अनौपचारिक शिक्षा विभागसँग सम्बन्ध स्थापना गरियो । ती साझेदारहरूले कार्यक्रमलाई कक्षाकोठा, विद्यालयको लागि सामग्री जस्ता आर्थिक र अन्य स्रोत जुटाइदिएर सहयोग गरे ।*

*यो बालबालिकाको शिक्षा कार्यक्रम केएनएफइएको प्रायोजनमा बीस वर्ष भन्दा बढी समयसम्म निरन्तर चल्यो । सन् १९९० को अन्त्यतिर यस कार्यक्रमलाई सरकारी शिक्षा प्रणालीमा गाभियो । अहिले काउगेल भाषाका कक्षा पूरा गरेपछि बालबालिकाहरू अङ्ग्रेजी विद्यालयमा पढ्छन् ।*

धेरैजसो अभिभावकको आफ्ना बालबालिकाले राम्रो शिक्षा पनि पाऊन् र आफ्नो भाषा, संस्कृति तथा समुदायप्रति माया र आदर पनि कायम राखून् भन्ने चाहना हुन्छ । अभिभावकहरू आफ्ना बालबालिका आत्मविश्वासी र स्व-उत्प्रेरित विद्यार्थी तथा समुदायका उत्पादनशील सदस्य बनेको देख्न चाहन्छन् । यसका लागि समुदाय बाहिरका साझेदारहरूसँग सँगै काम गरेर र उनीहरूको सहयोगले उपर्युक्त लक्ष्य प्राप्त गर्न सकिन्छ ।[१३]



© युनेस्को/ए.ढुंगाना

१३. खड्का, अन्जु टिकाराम चौधरी, केशरजङ मगर, आनन्द चौधरी र राजन पोखरेल २००६. *लिटरेसिज फ्रम अ मल्टिलिङ्गुअल पर्स्पेक्टिभ : लर्निङ फ्रम थारू, तामाङ, नेवार एन्ड लिम्बू ल्याङ्ग्वेज कम्युनिटिज अफ नेपाल.* काठमाडौं : युनेस्को अफिस इन काठमाडौं ।

## सन्दर्भ सूची


अवस्थी, लवदेव २००४. एक्स्प्लोरिङ मोनोलिङ्गुअल स्कुल प्राक्टिसेज इन मल्टिलिङ्गुअल नेपाल. पिएच्डी शोधग्रन्थ, कोपेनहेगेन : डेनिस युनिभर्सिटी अफ एजुकेसन ।

कमिन्स, जे. २०००. *बाइलिङ्गुअल चिल्ड्रेन्स मदर टङ : ह्वाइ इज इट इम्पोर्टेन्ट फर एजुकेसन ?* http://www.iteachilearn.com/cummins/mother.htm (१७ नोभेम्बर २००६ मा प्राप्त) ।

खड्का, अन्जु टिकाराम चौधरी, केशरजङ मगर, आनन्द चौधरी र राजन पोखरेल २००६. *लिटरेसिज फ्रम अ मल्टिलिङ्गुअल पर्स्पेक्टिभ : लर्निङ फ्रम थारू, तामाङ, नेवार एन्ड लिम्बू ल्याङ्ग्वेज कम्युनिटिज अफ नेपाल.* काठमाडौं : युनेस्को अफिस इन काठमाडौं ।

भिङ्ग्रान, डि. २००५. *ल्याङ्ग्वेज डिस्एड्भान्टेज. द लर्निङ च्यालेन्ज इन प्राइमरी एजुकेसन.* न्यु दिल्ली: ए. पि. एच. पब्लिसिङ ।

डिपार्टमेन्ट अफ एजुकेसन. १९९१. *एजुकेसन सेक्टर रिभ्यु.* वाइगानी, पपुवा न्यु गिनी, डिपार्टमेन्ट अफ एजुकेसन ।

डेल्पिट, एल. डि. र केमेलफिल्ड, जि. १९८५. *एन इभ्यालुएसन अफ द भिलेस तोक प्लेस स्कुल स्किम इन द नर्थ सोलोमन्स प्रोभिन्स. इआरयु रिपोर्ट नं. ५१* वाइगानी, पपुआ न्यु गिनी, युनिभर्सिटी अफ पपुआ न्यु गिनी ।

मालोन, एस. २००४. प्लानिङ कम्युनिटी बेस्ड एजुकेसन प्रोग्राम्स इन माइनरिटी ल्याङ्ग्वेज कम्युनिटिज. रिसोर्स म्यानुअल फर मदर टङ स्पिकर्स अफ माइनरिटी ल्याङ्ग्वेजेज. अप्रकाशित म्यानुअल ।

मालोन, एस. २००४. *म्यानुअल फर डेभलपिङ लिटरेसी एन्ड एडल्ट एजुकेसन प्रोग्राम्स इन माइनरिटी ल्याङ्ग्वेज कम्युनिटिज.* ब्याङ्क : युनेस्को ।

मालोन, एस. २००५. *प्लानिङ कम्युनिटी-बेस्ड एजुकेसन प्रोग्राम्स इन माइनरिटी ल्याङ्ग्वेज कम्युनिटिज. रिसोर्स म्यानुअल फर मदर टङ स्पिकर्स फर माइनरिटी ल्याङ्ग्वेजेज इङ्गेज्ड इन प्लानिङ एन्ड इम्प्लिमेन्टिङ एजुकेसन प्रोग्राम्स इन दियर वन कम्युनिटिज ।*

मालोन, डि. २००४. *दि इन बिट्विन पिपुल.* डलास, युनाइटेड स्टेट्स : एसआइएल इन्टरनेसनल ।

# पारिभाषिक शब्दावली - भाषा

**अल्पसङ्ख्यक भाषा** अल्पसङ्ख्यक सामाजिक समूह वा जातिले बोल्ने भाषा

- कहिलेकहीँ सङ्ख्यात्मक रूपले ठूलो समूहले बोल्ने तर मुख्य भाषाको रूपमा नरहेको भाषा पनि बुझिन्छ ।

**कामकाजी भाषा** सरकारी कार्यालय, विद्यालय लगायत अन्य संस्थाहरूमा दैनिक कामकाजको लागि प्रयोग गरिने भाषा

*उदाहरण : भारतमा अङ्ग्रेजी र हिन्दीलाई देशको कामकाजी भाषा तोकिएको छ र राज्यहरूमा आ-आफ्नै राज्य भाषाहरू प्रचलनमा छन् । नेपालमा नेपालीलाई सरकारी कामकाजको भाषा तोकिएको छ र सार्वजनिक विद्यालयहरूमा पनि कामकाजको भाषा नेपाली रहेको छ तर अधिकांश निजी विद्यालयहरूमा भने कामकाजी भाषा अङ्ग्रेजी रहेको छ ।*

**घरको भाषा** घरमा बोलिने भाषा (**पहिलो भाषा, मातृभाषा** पनि हेर्नुहोस्)

- *कसैकसैको एकभन्दा बढी घरको भाषा हुन सक्छ ।*

**दोस्रो भाषा** पहिलो वा घरको भाषा बाहेकको भाषा, व्यापक सञ्चार सम्पर्कको भाषा वा विदेशी भाषा

- *सामान्यतया घर बाहिर ठूलो समुदायमा प्रयोग गरिने भाषा बुझिन्छ, द्विभाषी शिक्षामा पहिलो भाषापछि सिकाइने दोस्रो भाषा (कामकाजी वा विदेशी) बुझिन्छ ।*
- *अल्पसङ्ख्यक भाषिक समुदायको लागि दोस्रो भाषा सामान्यतया कामकाजी वा राष्ट्र भाषा हुन्छ ।*

**पहिलो भाषा** वक्ताले सुरुमा बोल्न सिकेको भाषा, मौलिक भाषा (**मातृभाषा, घरको भाषा, स्थानीय भाषा** पनि हेर्नुहोस्)

- *वक्ताले जन्मेदेखि सिकेको एक वा एकभन्दा बढी भाषालाई बुझाउँछ*

**पैतृक भाषा** व्यक्तिका पूर्वज वा जातिभाषिक समुदायको भाषा

**मातृभाषा** पहिलो भाषा, मौलिक भाषा (**पहिलो भाषा, घरको भाषा, स्थानीय भाषा, पैतृक भाषा** पनि हेर्नुहोस्)

- *व्यक्तिले १) पहिले सिकेको, २) आफूले वा अरूले मातृभाषी वक्ताको रूपमा चिनाउने, ३) सबैभन्दा बढी जानेको, वा ४) सबैभन्दा बढी प्रयोग गर्ने भाषा*

**माध्यम भाषा** विद्यालयमा लेखाइपढाइको माध्यमको रूपमा प्रयोग हुने भाषा

**मुख्य भाषा** मुख्य सामाजिक समूहले बोल्ने अथवा देशको प्रमुख भाषाको रूपमा रहेको भाषा

- *देशको धेरै जनसङ्ख्याले बोल्ने नभए तापनि राष्ट्र भाषा वा कामकाजी भाषाको हैसियत भएको हुन सक्ने*

**सम्पर्क भाषा** भाषिक समुदायहरूबीच व्यापक सञ्चार सम्पर्कको लागि प्रयोग गरिने भाषा

*उदाहरण* : नेपालको पहाडी क्षेत्रमा नेपाली, तराईमा हिन्दी र हिमाली क्षेत्रमा तिब्बती ।

**स्थानीय भाषा** आफ्नो समुदायमा बोलिने भाषा

- *पूर्ण रूपले लेखन पद्धतिको विकास नभएको भाषा पनि हुन सक्छ ।*

# पारिभाषिक शब्दावली - सामान्य

**कार्यान्वयन** — कुनै नयाँ कार्यक्रम लागु गर्न मानिस तथा अन्य स्रोत परिचालन गर्ने प्रक्रिया

**गति** — बोल्न, पढ्न र लेख्नमा उच्च दक्षता

**गैरसरकारी संस्था** — सामुदायिक विकासको लागि काम गर्ने तर राष्ट्रिय सरकारको अङ्गको रूपमा नरहेको निकाय

**जनचेतना वृद्धि** — आफ्नो लागि आवश्यक कुराहरू पहिचान गर्न र ती कुराहरू प्राप्त गर्न सहयोग पुऱ्याउने सूचना र जानकारी उपलब्ध गराउने काम

**दिगोपन** — लामो समयसम्म निरन्तर चल्न सक्ने गरी कुनै कार्यक्रमको स्थापना

**द्विभाषी** — *व्यक्ति* : दुईवटा भाषा बोल्न र बुझ्न (कहिलेकहीँ लेख्न र पढ्न पनि) सक्ने

*सामाजिक* : समाजमा कम्तीमा दुई भाषा समुदाय रहेको

**द्विभाषी शिक्षा** — साक्षरता एवं औपचारिक पढाइमा दुई वटा भाषाको प्रयोग

- *व्यवहारमा साक्षरता र सिकाइ व्यक्तिको पहिलो भाषाबाट सुरु गरिन्छ र दोस्रो भाषाको प्रयोग बिस्तारै बढाउँदै लगिन्छ ।*

**परिचालन** — कुनै कार्यक्रमको योजना गर्न तथा लागु गर्न समुदाय र यसका सहयोगीहरूलाई सङ्गठित गर्ने काम

**पाठ्यक्रम** — शैक्षिक कार्यक्रमको लागि शिक्षण योजना, पाठ्यवस्तु तथा सहयोगी सामग्रीहरू

**बहुभाषी** — *व्यक्ति* : दुईभन्दा बढी भाषा बोल्ने र बुझ्ने (लेखपढ पनि गर्न सक्ने)

*सामाजिक* : समाजमा दुईभन्दा बढी भाषिक समुदाय रहेको

**बहुभाषी शिक्षा** — साक्षरता तथा शिक्षणको लागि दुईभन्दा बढी भाषाको प्रयोग

- *पहिलो भाषाको विकास सुरु गरेर क्रमशः अन्य भाषाहरू थप्दै लैजाने बहुभाषी शिक्षा प्रभावकारी हुन्छ*

**भाषाको विकास** — शिक्षामा : कसैलाई कुनै भाषा राम्रोसँग बोल्न, पढ्न र लेख्न सिकाउने काम

अल्पसङ्ख्यक भाषिक समुदायमा : शब्द भण्डार बढाएर, लेखनमा सहमति गरेर तथा किताब र अन्य शिक्षण सामग्रीहरूको निर्माण गरेर कुनै भाषाको कथ्य तथा लेख्य प्रयोगको विकास गर्ने काम

| | |
|---|---|
| **भाषिक अल्पसङ्ख्यक** | जनसङ्ख्या कम भएर वा आर्थिक तथा राजनीतिक कारणले समाजमा कमजोर रूपमा रहेका एउटै भाषा प्रयोग गर्ने मानिसहरूको समूह |
| **मातृभाषामा आधारित बहुभाषी शिक्षा** | पहिलो भाषाको माध्यमबाट लेखाइ, पढाइ र सिकाइ प्रक्रिया सुरु गरेर दोस्रो भाषा सिकाउँदै लैजाने विद्यालय शिक्षाको प्रणाली (**बहुभाषी शिक्षा** पनि हेर्नुहोस्) |
| **मुख्य समूह** | जनसङ्ख्या धेरै भएर तथा आर्थिक वा राजनीतिक कारणले देशमा शक्तिमा रहेको सामाजिक समूह |
| **मूल धार** | मुख्य समूहको भाषा तथा संस्कृति<br>- *कहिलेकहीँ मुख्य समूहका सदस्यहरूको लागि मात्र स्थापना गरिएको र भाषिक अल्पसङ्ख्यकको आवश्यकता पूरा नगर्ने विद्यालय पनि बुझिन्छ ।* |
| **लेखन पद्धति** | लिपि, हिज्जे नियम र विराम चिह्नहरू रहेको लेखनको मानक प्रणाली |
| **सल्लाहकार समिति** | बहुभाषी शिक्षा कार्यक्रममा संलग्न अगुवाहरूको समिति<br>- *यसमा प्रायजसो मातृभाषी वक्ता र सहयोगी संस्थाका सदस्यहरू रहन्छन् ।* |
| **साक्षरता** | जीवनमा आवश्यक व्यवहार गर्न पढ्न, लेख्न, हिसाब गर्न र अन्य भाषिक क्रियाकलाप राम्रोसँग गर्न सक्ने क्षमता |
| **साझेदार** | नयाँ कार्यक्रम लागु गर्न समुदायसँग मिलेर काम गर्ने व्यक्ति, संस्था वा निकाय |
| **सिकाइ उपलब्धि** | विद्यालयमा पढाइ हुने विषयवस्तु तथा भाषाको ज्ञान, सीप र दक्षता |

United Nations
Educational, Scientific and
Cultural Organization

**UNESCO Office in Kathmandu**
P O Box 14391
Jawalakhel, Lalitpur, Nepal
Tel : 977-1-5554769, 5554396
Fax : 977-1-5554450